खण्ड एक

# परिचय



धनकुटाको भेडेटारमा एफएम रेडियो सुन्दै, छेवैमा कान्तिपुर एफएमको रिले स्टेसन (तस्बिरः नरेन्द्र श्रेष्ठ) ।

अध्याय एक

# नेपालमा एफएम रेडियोको बिस्तार

**देवराज हुमागाईं**

नेपालमा रेडियो प्रसारणको औपचारिक सुरुआत रेडियो नेपालको स्थापनासँगै २००७ चैत २० देखि भएको हो ।[१] प्रजातन्त्रको प्राप्तिपश्चात् रेडियो प्रसारणले औपचारिकता ग्रहण गरे पनि यसको पृष्ठभूमि भने २००७ सालमा राणाशासनविरुद्ध छेडिएको निर्णायक क्रान्तिको सिलसिलामा नै तयार भइसकेको थियो । 'प्रजातन्त्र नेपाल रेडियो' को नामले सुरु भएको रेडियो प्रसारण पछि 'नेपाल रेडियो' हुँदै रेडियो नेपाल भएको थियो । प्रजातान्त्रिक पृष्ठभूमिबाट सुरु भएको रेडियो नेपालको अधिकांश समय भने प्रजातन्त्र र यसको मर्मविरुद्ध प्रहार गर्नमै केन्द्रित रह्यो । २०१७ साल पुस १ गते पञ्चायती व्यवस्थाको बीजारोपण भएदेखि नै बहुदलीय प्रजातन्त्रलाई अफापसिद्ध साबित गराउन तथा निर्दलीय पञ्चायतलाई निर्विकल्प व्यवस्थाको रूपमा प्रचार गर्नमा यसको चरम दुरुपयोग गरियो । सधैं

[१] यो लेख केही छोटो रूपमा *स्टडिज् इन नेपाली हिस्ट्री एण्ड सोसाइटी* जर्नलमा पनि प्रकाशित छ (हुमागाईं सन् २००५) ।

सत्ताधारीहरूको नियन्त्रणमा राखिएको रेडियो प्रसारण ३० वर्ष पञ्चायतकालभरि प्रजातन्त्रका पक्षधर र तिनका गतिविधिविरुद्ध गाली-गलौज गर्ने तथा नाम मात्रको पञ्चायती विकासे एजेण्डालाई प्रचार गराउनमा नै प्रयोग भयो । २०४१ सालको सुरुमा रेडियो नेपाललाई स्वायत्त बनाउने नाउँमा सरकारी विभागबाट छुटाएर विकास समितिको संरचनामा ल्याइए पनि त्यो केवल नाटक मात्र सावित भयो । स्वायत्तका नाउँमा राज्य आर्थिक दायित्वबाट त पन्छियो तर यसमाथि उसले गर्दैआएको नियन्त्रणलाई भने एक कदम पनि छोड्न चाहेन, जारी राख्यो । २०४६ सालमा प्रजातन्त्र पुनर्बहाली हुनुभन्दा अगाडिसम्म पनि यसले तत्कालीन व्यवस्था र शासकको पक्षपोषण गरिरह्यो ।

दुःखको कुरा त के भने प्रजातन्त्रपश्चात् पनि रेडियो नेपालको दुरुपयोग रोकिएन । जो सत्तामा गए पनि उसकै पक्षपोषण गर्ने र विपक्षीको खोइरो खन्ने भाँडो बनाउने पञ्चायतकालीन संस्कारलाई बहुदलीय व्यवस्था पक्षधर पार्टीहरूले पनि निरन्तरता दिए । यस अवधिमा पनि सत्तासीन पार्टीले रेडियो नेपाललाई आफ्ना भजनमण्डलीको भर्तिकेन्द्र बनाउने तथा राजनीतिक स्वार्थपूर्तिका लागि प्रोपगाण्डाको माध्यम बनाए । त्यति हुँदाहुँदै पनि लामो समयदेखि राज्यव्यवस्थाद्वारा उपेक्षा गरिएका समुदायको आवाजहरूले भने २०४६ साल पछि रेडियो नेपालबाट केही मात्रामा मुखरित हुने मौका पाए । समाजका विभिन्न वर्ग, समुदाय र भाषाभाषीका कार्यक्रमले थोरै भए पनि स्थान पाए, जसलाई सकारात्मक पक्षका रूपमा लिन सकिन्छ ।[२]

यसरी नेपालको एकमात्र रेडियो प्रसारणमाथि शासकवर्गले देखाएको रवैयाले स्वतन्त्र रेडियोको महत्त्वलाई धेरै अघिदेखि उजागर गरेको थियो । यद्यपि २०५० को दशकमा आएरमात्र स्वतन्त्र रेडियो प्रसारणको सार्थक पहल सुरु भयो र निजी क्षेत्रबाट रेडियो प्रसारणका लागि सरल र आधुनिक प्रविधि– फ्रिक्वेन्सी मोडुलेसन (एफएम) लाई खुला गरियो । एफएम प्रविधिको प्रयोग गरी रेडियो प्रसारण गर्ने अवधारणा भने २०५० को दशकमा भित्रिएको होइन । २०४० को दशकको सुरुतिरै नेपालमा यसका लागि एउटा असफल प्रयत्न गरिएको थियो । तदनुसार २०४०/४१ साल (सन् १९८३) तिर युनेस्कोले श्री ५ को सरकारसमक्ष सुर्खेतमा एफएम प्रविधिको प्रयोग गरेर परीक्षणका रूपमा सामुदायिक रेडियो प्रसारणका

---

[२] रेडियो नेपालको संस्थागत इतिहास तथा केही विशेष कार्यक्रमबारे *रेडियो नेपालको सामाजिक इतिहास* (वन्त र अरू २०६१) मा विस्तृत जानकारी दिइएको छ । सो पुस्तकका केही लेखहरूमा बृहत् नेपाली समाज र रेडियो नेपालको कार्यक्रमबीचको सम्बन्धलाई पनि केलाइएको छ ।

लागि प्रस्ताव गरेको थियो (अधिकारी सन् १९९३: १७-१८, मैनाली २०५३: १८, शिवाकोटी सन् १९९४, नाम नखुलेको २०५४: २५)। यस प्रस्तावलाई सुरुमा श्री ५ को सरकारले सकारात्मक रूपमा लिएको थियो। केही हदसम्म प्रक्रिया अगाडि पनि बढिसकेको थियो। वरिष्ठ पत्रकार भारतदत्त कोइरालाका अनुसार सन् १९८४ मा त्यही सिलसिलामा तेस्रोपटक नेपाल आएको युनेस्कोको मिसनले प्रसारण केन्द्र स्थापनाका लागि आफ्नो साथमा ट्रान्समिटरलगायत विशेषज्ञ तथा प्राविधिज्ञहरू समेत ल्याएको थियो। साथै तत्कालीन राजा वीरेन्द्रको सुर्खेत भ्रमणको अवसर पारेर तत्कालका लागि दुई हजार घर परिवारलाई एफएम रेडियो सेट वितरण गरिने र भविष्यमा नेपालमा एफएम रेडियो सेट उत्पादन गर्ने फ्याक्ट्री नै खोलिदिनेसम्मका योजना युनेस्कोको थियो।[3] प्रसारण केन्द्र खुल्न पनि नपाउँदै श्री ५ को सरकारले एकाएक आफ्नो मनस्थिति परिवर्तन गऱ्यो। अन्तमा सरकारले एफएम रेडियो स्टेसन स्थापनाका लागि स्वीकृति नै दिएन भने ट्रान्समिटर पनि भन्सारमा नै रोकिन पुग्यो।

महेशप्रसाद अधिकारी (सन् १९९३: १७-१८) ले उक्त आयोजना रद्द हुनुमा रेडियो नेपाल त्यही समयमा विभागीय संरचनाबाट विकास समितिमा परिवर्तन हुनुलाई एउटा कारण मानेका छन्। अधिकारीका अनुसार अर्को कारणमा त्यति खेरै रेडियो नेपाल पूर्वाञ्चल र पश्चिमाञ्चल विकास क्षेत्रमा मिडियम वेभ स्टेसन स्थापना गर्ने कार्यमा लाग्नु थियो, जसले गर्दा एफएम प्रसारणले प्राथमिकता पाउन सकेन। यसरी २०४० को दशकको आरम्भमा नै रेडियो प्रसारणमा एफएम प्रविधिले प्रवेश पाउने सम्भावना टरेको थियो। युनेस्कोको उक्त आयोजना रद्द भएपछि पञ्चायतकालभरि एफएम प्रसारणको कुरै उठेको पाइन्न।[4]

---

[3] भारतदत्त कोइरालासँग २०६२ जेठ ११ मा गरिएको कुराकानीका आधारमा।

[4] हुन त पञ्चायतकालको उत्कर्षका बेला अर्थात् वि.सं. २०२८/२९ तिरै एफएम रेडियोसम्बन्धी अवधारणा जन्मिएको कुरा पत्रकार मोहन मैनालीले उल्लेख गरेका छन् (मैनाली २०५३: १८)। मैनालीका अनुसार त्यति बेला रेडियो नेपालले तर्जुमा गरेको २० वर्षे योजनाअन्तर्गत काठमाडौँमा एफएम स्टेसन स्थापना गर्ने प्रस्ताव प्रत्येक वर्ष अर्थ मन्त्रालयमार्फत नेपाल सहायता समूहको बैठकमा प्रस्तुत गर्ने र हरेकपटक नै अस्वीकृत हुने गरेको थियो। मैनालीको लेखमा उल्लिखित यस कुरालाई पुष्टि गर्न भने गाह्रो छ, किनकि एफएमको सुरुआतबारे लेखिएका अन्य कुनै पनि लेखमा यसबारे जानकारी पाउन सकिन्न। साथै अध्ययनका क्रममा सम्पर्क गरिएका अन्य व्यक्तिले पनि यस प्रसङ्गबारे अनभिज्ञता दर्शाएका छन्। यसबारे मोहन मैनालीसँग २०६२ जेठ ११ मा कुरा गर्दा रेडियो सगरमाथा स्थापना गर्ने सिलसिलामा युनेस्कोले गरेको सम्भाव्यता अध्ययनको प्रतिवेदनमा सो कुरा उल्लेख भएको आधारमा मात्र आफूले लेखेको बाहेक अन्य जानकारी नभएको बताए। उक्त प्रतिवेदन प्राप्त गर्नका लागि प्रयास गर्दा पनि कहीँबाट उपलब्ध हुन सकेन।

नेपालमा रेडियो प्रसारणमा निजी क्षेत्रलाई सरिक गराउने सरकारी सोच भने २०४६ सालपछि मात्र विकास भएको हो । राज्यद्वारा सञ्चालित सार्वजनिक प्रसारण रेडियो नेपालले चार दशक पार गरिसकेपछि (२०४९ सालमा) मात्र निजी क्षेत्रलाई पनि रेडियो प्रसारण गर्न दिने नीति राज्यले अख्तियार गऱ्यो । राष्ट्रिय सञ्चार नीति २०४९ मा फ्रिक्वेन्सी मोडुलेसन (एफएम) प्रसारण प्रणाली प्रयोग गरी निजी क्षेत्रलाई रेडियो प्रसारण गर्न दिने प्रावधान राखिएको थियो (श्री ५ को सरकार २०६०[२०४९]ः १७८) । यसरी पहिलोपल्ट सरकारी नीतिमा स्वतन्त्र रेडियो प्रसारणको अस्तित्व स्वीकार गरिएपछि त्यसलाई कानूनी मान्यता प्रदान गर्न त्यसै वर्ष प्रसारणसम्बन्धी ऐन तर्जुमा गर्ने कार्यको थालनी भयो । २०५० साल जेठदेखि 'राष्ट्रिय प्रसारण ऐन २०४९' नेपाल राजपत्रमा प्रकाशन गरी जारी गरियो (श्री ५ को सरकार २०६०[२०५०]) । राष्ट्रिय सञ्चार नीति २०४९ को मर्मअनुरूप जारी भएको यस ऐनले निजी क्षेत्रलाई पनि प्रसारणमाध्यम स्थापना गरी सञ्चालन गर्न पाउने कानूनी हैसियत प्रदान गऱ्यो । कानून बनेर मात्र पुग्दैनथ्यो, त्यसलाई व्यवहारमा उतार्न नियमको पनि आवश्यकता थियो फलस्वरूप २०५२ सालमा राष्ट्रिय प्रसारण नियमावली पनि जारी भयो (श्री ५ को सरकार २०५५[२०५२]) । यसरी प्रसारणसम्बन्धी नियमावलीसमेत जारी भएपछि भने एफएम रेडियो स्थापना र सञ्चालनका लागि मूलभूत कानूनी आधार तयार भयो ।[५]

यसै पृष्ठभूमिमा नेपालमा एफएम रेडियो कसरी सुरु हुन पुग्यो र त्यसको बिस्तार कसरी हुँदै आएको छ भन्नेबारे चर्चा यस लेखमा गरिएको छ । यसका लागि लेखलाई मुख्य आठ खण्डमा विभाजन गरिएको छ भने आवश्यकताअनुसार उपशीर्षक पनि राखिएको छ । आरम्भमा 'एफएम काठमाडौं (१०० मेगाहर्ज) को सुरुआत' शीर्षकअन्तर्गत पहिलो एफएम रेडियोका रूपमा एफएम काठमाडौं सुरु भएको प्रसङ्गलाई कोट्टयाइएको छ । यो एफएम च्यानललाई व्यापारिक हिसाबले आयआर्जनको माध्यम बनाउने रेडियो नेपालको सोचअनुरूप विभिन्न सङ्घ संस्थालाई भाडामा उपलब्ध गराइएको कुरा यसमा छ । आफ्नो स्टेसन स्थापना भइनसकेको स्थितिमा त्यस डबलीलाई उपयोग गर्ने निजी क्षेत्रका विभिन्न सङ्घ संस्था रेडियो सञ्चालनका लागि कति लालयित थिए भन्ने पनि यसले देखाउँछ । 'इजाजतपत्र

[५] निजी क्षेत्रमा रेडियो सञ्चालन गर्ने नीतिगत तथा कानूनी वातावरण कसरी निर्माण भयो, के-कस्ता नीति र कानून बने र तिनमा समयानुकूल सुधार र परिमार्जनका लागि के-कस्ता पहल भए भन्ने सम्बन्धमा अध्याय ३ मा विस्तृत चर्चा गरिएको छ ।

वितरणमा सरकारी रवैया' शीर्षकअन्तर्गत निजी क्षेत्रलाई एफएम रेडियो सञ्चालनार्थ इजाजत प्रदान गर्ने सवालमा सरकारी निकाय र सम्बन्धित मन्त्रीले बेलाबेलामा देखाएको अनुदार तथा पूर्वाग्रही व्यवहारबारे चर्चा छ । यसै खण्डमा हरेक वर्ष इजाजत पाउने रेडियो स्टेसनको सङ्ख्यालाई पनि देखाइएको छ ।

तेस्रो खण्ड एफएम रेडियोको भौगोलिक बिस्तारबारे छ । यसले भौगोलिक रूपमा एफएम रेडियोको उपस्थिति फैलँदै गएको देखाउँछ । यसलाई विभिन्न तालिका र नक्साबाट स्पष्ट पारिएको छ । चौथो खण्डलाई 'प्रसारणको स्थिति' शीर्षकबाट चिनाइएको छ । यसले इजाजत पाएकामध्ये प्रसारणमा आइसकेका रेडियोको सङ्ख्यात्मक स्थितिबारे जानकारी दिन्छ । यस अलावा विद्रोही नेपाल कम्युनिस्ट पार्टी (माओवादी) ले एफएम प्रविधिको उपयोग गर्दै रेडियो सञ्चालन गर्न थालेको छोटो प्रसङ्ग पनि यसमा समेटिएको छ । पाँचौं खण्डमा इजाजत प्राप्त रेडियोको स्वामित्वको स्वरूपबारे चर्चा गरिएको छ । रेडियो प्रसारणमा भएको स्वामित्वको विविधीकरणले गर्दा यिनले पस्कने विषयवस्तुमा पनि विविधता आउनसक्ने कुरालाई यहाँ इङ्गित गर्न खोजिएको छ । छैठौं खण्ड एफएम रेडियो प्रसारक सङ्घ सङ्गठनबारे छ । यसमा एफएम रेडियोको सङ्ख्यात्मक र भौगोलिक बिस्तारसँगै आफ्नो पेशागत र संस्थागत हितको रक्षार्थ रेडियो प्रसारकहरू सङ्गठित हुन थालेको पक्षलाई समेटिएको छ । रेडियो प्रसारणसम्बन्धी आचारसंहिता निर्माण गर्ने, समयानुकूल नीति र कानून तर्जुमाका लागि सङ्गठित रूपमा आवाज उठाउने र नीति निर्माणमा संस्थागत प्रतिनिधित्व गर्ने जस्ता कार्यमा यिनको भूमिका महत्त्वपूर्ण रहनसक्ने कुरा यसमा औंल्याइएको छ । सातौं खण्डमा स्वतन्त्र कार्यक्रम उत्पादन गृह र तिनको गतिविधिबारे उल्लेख गरिएको छ । एफएम रेडियोको बिस्तारसँगै अस्तित्वमा आएका यस्ता उत्पादन गृहहरूले रेडियोमा प्रसारित विषयवस्तुको स्तर बढाउन खेलेको भूमिकाको चर्चा यस खण्डमा छ । आठौं खण्ड एफएम रेडियोका प्रवर्द्धकबारे छ । नेपालमा एफएम रेडियोको विकास र बिस्तारमा प्रत्यक्षरूपमा सहयोग पुऱ्याउने वा यो क्षेत्रको प्रवर्द्धनमा लागेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घ संस्था तथा व्यक्तित्व र तिनले खेलेको भूमिकालाई यस खण्डमा उल्लेख गरिएको छ । लेखको अन्तमा निष्कर्ष दिइएको छ ।

## एफएम काठमाडौँ (१०० मेगाहर्ज) को सुरुआत

२०५० सालमा राष्ट्रिय प्रसारण ऐन २०४९ जारी भयो । रेडियो नेपाल आफैले पनि एफएम रेडियो सञ्चालन गर्नुपर्ने प्रसङ्ग चल्न थाल्यो । फलस्वरूप निजी क्षेत्रबाट रेडियो प्रसारणका लागि सङ्घर्ष चलिरहेकै बेला रेडियो नेपालले पनि एफएम प्रसारणको

सम्भाव्यता खोजी गर्न अध्ययन थाल्यो । यसका लागि रेडियो नेपालका इञ्जिनियर रामशरण कार्कीको संयोजकत्वमा छ सदस्यीय कार्यदल गठन गरियो । कार्यदलमा रेडियो नेपालको कार्यक्रम शाखाबाट पुरुषोत्तम सापकोटा, सुशील कोइराला र पाण्डव सुनुवार; समाचार शाखाबाट ध्रुवबहादुर थापा र विज्ञापन शाखाबाट भैरवबहादुर अधिकारी थिए । सो कार्यदलले २०५० फागुनमा आफ्नो प्रतिवेदन रेडियो नेपालमा पेश गऱ्यो । प्रतिवेदनमा विभिन्न छओटा आधारहरू प्रस्तुत गर्दै रेडियो नेपालले एफएम सञ्चालन गर्नु उपयुक्त हुने सुझाव थियो । ती आधारहरूमा रेडियो नेपालसँग भएको जनशक्तिको पूर्ण उपयोग हुने, क्षेत्रीय एवं सामुदायिक स्तरमा विविध सेवा पुऱ्याउन एफएम प्रसारण उपयोगी हुने, तत्कालका लागि राजधानी सहरबाट मात्र भए पनि आरम्भ गरेर एफएम प्रसारण क्षेत्रमा समेत रेडियो नेपाल अग्रणी हुन समयानुकूल हुने मुख्य थिए (कार्की २०५०: १-२) । प्रतिवेदनमा साप्ताहिक कार्यक्रमको स्वरूप प्रस्तुत गर्नुका साथै अनुमानित आम्दानी र खर्चसमेत मूल्याङ्कन गरिएको थियो । प्रसारण अवधि सुरुमा दैनिक आठ घण्टा (बिहान चार तथा बेलुका चार घण्टा) सिफारिस गरिएको र स्थापना भएकै वर्षदेखि वार्षिक करिब १२ लाखको दरले बचत हुने आँकडा प्रस्तुत गरिएको थियो (कार्की २०५०: १६, १९-२०) ।

कार्यदलले एफएम प्रसारणका लागि सिफारिस गरे पनि प्रसारणसम्बन्धी नियमावली आइनसकेकाले तत्काल कार्यान्वयन हुन सकेन । २०५२ साल जेठ २८ गते 'राष्ट्रिय प्रसारण नियमावली २०५२' जारी गरिएपछि सोही वर्ष कात्तिक ३० गते बिहानदेखि एफएम काठमाडौँ १०० मेगाहर्जका नामबाट रेडियो नेपालले परीक्षण प्रसारण थाल्यो । डेढ महिना परीक्षण प्रसारण गरिसकेपछि २०५२ पुस १५ गतेदेखि एफएम काठमाडौँको नियमित प्रसारण हुन थाल्यो । दैनिक १ घण्टा ४५ मिनेटबाट परीक्षण प्रसारण थालेको एफएम काठमाडौँले नियमित कालसम्म आइपुग्दा प्रसारण अवधि छ घण्टा पुऱ्याइसकेको थियो । त्यसपछि पुनः समय बढाउँदै लगेर २०५२ चैत ३० सम्ममा दैनिक १९ घण्टा पुऱ्याएको थियो ।

सरकारी क्षेत्रबाट सञ्चालित भए पनि निजी क्षेत्रलाई समेत कार्यक्रम प्रसारणमा सहभागी गराउन सकिने नीति लिन कार्की कार्यदलले सिफारिस गरेको थियो (कार्की २०५०: १७) । त्यसै अनुसारका नीति नियमित प्रसारणमा गएपछि रेडियो नेपालले लियो पनि ।[६] निजी क्षेत्रलाई एफएमको समय बेच्ने सूचना जारी गर्नेबित्तिकै सबभन्दा

---

[६] एफएम प्रसारणमा मात्र होइन २०४६ सालभन्दा अघिदेखि नै राष्ट्रिय प्रसारणमार्फत पनि शिक्षामूलक तथा मनोरञ्जनात्मक कार्यक्रम प्रसारणमा निजी क्षेत्रलाई सहभागी गराउने रेडियो नेपालको नीति थियो । २०४६ सालपछि यो प्रक्रिया झन् झाङ्गियो (हुमागाईं २०६१क) ।

पहिले क्लासिक एड्भरटाइजिङ सर्भिस प्रा.लि.ले पुस १६ गतेदेखि एक घण्टाको समय खरिद गरी 'क्लासिक एफएम टाइम' का नाममा प्रसारण सुरु गर्‍यो (पोखरेल २०५३: ५) । यसै क्रममा २०५२ साल चैतको अन्तसम्ममा निजी क्षेत्रका विभिन्न छओटा कम्पनीहरूले एफएम काठमाडौँबाट समय भाडामा लिई कार्यक्रम प्रसारण थालेका थिए (हेर्नुहोस् तालिका १.१) । समय खरिद गरेर प्रसारण थाल्नेमा आम सञ्चारकै विभिन्न क्षेत्रसँग सम्बन्धित संस्थाहरू– विज्ञापन एजेन्सी, प्रकाशन गृह तथा चलचित्र निर्माण कम्पनी– आदि थिए । यीमध्ये प्रायःले आफ्नो छुट्टै फ्रिक्वेन्सीका लागि सञ्चार मन्त्रालयमा निवेदनसमेत दिई इजाजतको पर्खाइमा थिए ।

**तालिका १.१: सुरुको वर्ष (२०५२) मा एफएम काठमाडौँको समय खरिद गर्ने संस्थाको विवरण**

| सञ्चालन गर्ने संस्था | च्यानलको नाम | सुरु गरेको मिति | प्रसारण अवधि |
|---|---|---|---|
| क्लासिक एड्भरटाइजिङ सर्भिस प्रा.लि. | क्लासिक एफएम टाइम | २०५२ पुस १६ | २ घण्टा |
| इमेज नेटवर्क प्रा.लि. | इमेज च्यानल | २०५२ फागुन १ | १ घण्टा |
| म्युजिक नेपाल प्रा.लि. | म्युजिक नेपाल एफएम | २०५२ फागुन १ | १ घण्टा |
| कान्तिपुर पब्लिकेशन्स प्रा.लि. | कान्तिपुर एफएम | २०५२ चैत १४ | ३ घण्टा |
| हिट्स नेपाल प्रा.लि. | हिट्स एफएम १०० | २०५२ चैत २० | ९ घण्टा ४५ मिनेट |
| नेशनल स्टुडियो प्रा.लि. | गुडनाइट एफएम | २०५२ चैत ३० | २ घण्टा |

स्रोतः पोखरेल (२०५३), गोरखापत्र (२०५२), श्री सगरमाथा (२०५२क) र स्थापित (सन् १९९७) ।

२०५२ चैत भित्रैमा एफएम काठमाडौँको पौने उन्नाइस घण्टाको प्रसारण समय निजी क्षेत्रलाई विक्री गरिएको थियो । रेडियो नेपाल आफैले १५ मिनेट समय मात्र (बिहान ७:०० बजेको समाचार प्रसारणका लागि) उपयोग गर्‍यो । आर्थिक हिसाबबाट हेर्दा एक वर्षका लागि भएको यस्तो सम्झौताबाट रेडियो नेपालले वार्षिक कुल एक करोड १६ लाख २२ हजार पाँचसय रुपियाँ प्राप्त गरेको थियो (स्थापित सन् १९९७) ।

२०५२ सालपछिका दिनहरूमा पनि (२०६२ सम्म नै) एफएम काठमाडौँको समय विभिन्न निजी कम्पनीहरूले भाडामा लिएर कार्यक्रम प्रसारण गरिसकेका र गर्दै आइरहेका छन् । त्यसका लागि रेडियो नेपालले पत्रिकामा बोलपत्र आह्वान गर्ने गरेको पाइन्छ (हेर्नुहोस् तस्बिर १.१) । पछिल्ला वर्षहरूमा भने एउटै कम्पनीले एफएम काठमाडौँको सम्पूर्ण समय भाडामा लिने गरेको पाइन्छ । पछिल्लोपटक २०६१ असोज १५ देखि स्टार एफएमले एफएम काठमाडौँको सम्पूर्ण समय खरिद गरी प्रसारण गर्दै आएको छ, त्यसअघि भने क्लासिक एफएमले समय खरिद गरी प्रसारण गरेको थियो (भट्ट २०६१: १२८) । एफएम काठमाडौँले २०

घण्टा प्रसारणका लागि इजाजत लिएको थियो । यद्यपि एउटै संस्थालाई भाडामा दिन थालिए पछि भाडामा लिने संस्थाको आवश्यकताअनुसार पनि प्रसारण अवधि केही तल माथि हुने गरेको छ । स्टार एफएम दैनिक १८ घण्टा सञ्चालनमा छ ।

**रेडियो प्रसार सेवा विकास समिति**

(रेडियो नेपाल)

**एफ. एम. सेवा सञ्चालन गर्ने बारे गोप्य सिलबन्दी बोलपत्र आह्वानको सूचना**

**(गो.प.मा प्रकाशित मिति २०५९।९।१३ गते)**

रेडियो नेपाल एफ.एम. काठमाडौं १०० मेगाहर्ज बिहान ५ बजेदेखि राती ११ बजेसम्मको समयमा एफ. एम. प्रसारण सेवा सञ्चालन गर्न सिलबन्दी बढाबढ प्रक्रियाद्वारा वार्षिक मूल्य रु. ३०,००,०००।- (तीस लाख) (भ्याट बाहेक) लाई न्यूनतम मूल्य मानी सो रकममा नघटाइकन बिक्री गरिने भएको हुँदा यही २०५९ पौष १९ गतेसम्ममा कार्यालय समयभित्र इच्छुक संघसंस्था, औद्यौगिक प्रतिष्ठान तथा विज्ञापन एजेन्सीहरूले आफूले कबोल गर्न चाहेको वार्षिक, रकम खुलाई रीतपूर्वकको बोलपत्र पेश गर्नुहुन आह्वान गरिएको छ । बोलपत्र फाराम यस समितिको आय उपशाखामा सम्पर्क गरी रु. १०००।- (फिर्ता नहुनेगरी) खरिद गर्न सकिनेछ । विस्तृत जानकारीको लागि निम्न ठेगानामा सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ ।

**सम्पर्क ठेगाना :**

**व्यापार महाशाखा, रेडियो नेपाल**

**फोन तथा फ्याक्स नं.**

**२२०८९६, २४५९२१**

**रेडियो प्रसार सेवा विकास समिति**

**(रेडियो नेपाल)**

**सिंहदरबार, काठमाडौं**

तस्बिर १.१: एफएम प्रसारण भाडामा दिन बोलपत्र आह्वान गर्दै २०५९ पुस १४ को *गोरखापत्र*मा प्रकाशित सूचना ।

## इजाजतपत्र वितरणमा सरकारी रवैया

एफएम रेडियो प्रसारणको लागि सञ्चार मन्त्रालयले इजाजतपत्र (लाइसेन्स) दिनुपर्दछ । सञ्चार मन्त्रालयको इजाजतविना कसैले रेडियो प्रसारण गरेमा दस हजार रुपियाँसम्म जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजायँ हुने ब्यहोरा राष्ट्रिय

प्रसारण ऐन २०४९ को दफा १७ को उपदफा १ मा उल्लेख छ (श्री ५ को सरकार २०६० [२०५०]: ७१) । सोही ऐनको दफा ६ मा "आवश्यक प्रक्रिया पुऱ्याई प्राप्त भएको निवेदन उपर आवश्यक जाँचबुझ गरेरमात्र श्री ५ को सरकार सञ्चार मन्त्रालयले निवेदकलाई इजाजत दिने" भन्ने उल्लेख छ । एफएमको इजाजत प्रक्रियासम्बन्धी सम्पूर्ण काम कारबाही सञ्चार मन्त्रालयमार्फत हुने हो । विगतको प्रक्रियालाई हेर्दा इजाजत दिने वा नदिने भन्ने विषय सञ्चारमन्त्रीको विवेकमा भर पर्ने गरेको पाइन्छ । त्यसैले एफएम प्रसारणको इजाजत प्रक्रियासम्बन्धी सबै जस र अपजसको भागीदार पनि सञ्चारमन्त्री नै हुँदै आएका छन् । इजाजतपत्र वितरण प्रक्रिया निष्पक्ष र पारदर्शी हुनुपर्ने माग सुरुदेखि नै उठ्दै आएको हो ।

लामो समयदेखि गीतसङ्गीतको क्यासेट उत्पादनमा संलग्न म्युजिक नेपाल प्रा.लि. ले २०४७ सालमै एफएम प्रसारणका निम्ति सञ्चार मन्त्रालयमा पहिलो निवेदन दिएको थियो । सो कुरा यसका कार्यकारी निर्देशक सन्तोष शर्मा (२०५५) ले एक अन्तर्वार्ताका क्रममा बताएका थिए । त्यति बेला यससम्बन्धी नीति बनेको त थिएन नै, स्वतन्त्र रेडियोको स्थापना र प्रसारणका लागि कस्तो नीति हुनु पर्छ भन्नेबारे सार्वजनिक बहस पनि हुन थालेको थिएन । उक्त निवेदनको प्रतिक्रियास्वरूप सञ्चार मन्त्रालयले २०४९ सालमा मात्र "एफएमसम्बन्धी नीति बनेको छैन, नीति बनेपछि सम्पर्क गर्नेछौं" भन्ने ब्यहोराको पत्र म्युजिक नेपाललाई दिएको थियो (शर्मा २०५५) । २०४९ कात्तिक ३ गते राष्ट्रिय सञ्चार नीति जारी भएपछि त्यसको चार दिनपछि नै नेपाल वातावरण पत्रकार समूहले प्रसारण इजाजतका लागि सरकारसमक्ष निवेदन दियो । प्रसारणसम्बन्धी कानून तर्जुमा नगरी इजाजत पाइन्न भन्ने जानकारी हुँदाहुँदै पनि यो निवेदन दिइएको थियो । नीतिलाई कार्यान्वयनको तहमा पुऱ्याउन कानून निर्माणका लागि सरकारलाई घच्घच्याउने उद्देश्यअनुरूप उक्त कदम चालिएको थियो (मैनाली २०५९क: २८) । यो कदम रेडियो सगरमाथा सञ्चालनका लागि गरिएको लामो सङ्घर्षको एउटा सुरुआत मात्र थियो । यसपछि नेपाल वातावरण पत्रकार समूहले प्रसारण इजाजतका लागि सञ्चार मन्त्रालयसँग भण्डै पाँच वर्षसम्म सङ्घर्ष गर्नु पऱ्यो ।[७]

---

[७] नेपाल वातावरण पत्रकार समूहको त्यस सङ्घर्षमा केही समयपछि अरू तीनओटा संस्थाहरू– नेपाल प्रेस इन्स्टिच्यूट, हिमाल एसोसिएसन र वर्ल्ड भ्यू नेपाल– ले पनि साथ दिए । ती तीनओटा संस्थाहरू दुई वर्ष जति रेडियो सगरमाथाको सञ्चालन बोर्डमा रहे पनि २०५६ सालदेखि अलग भए; रेडियो सगरमाथाको प्रसारणका लागि इजाजत पाउन गरिएको सङ्घर्षको विस्तृत कथाका लागि मैनाली (२०५९क) हेर्नुहोस् ।

रेडियो नेपालले भने एफएम काठमाडौँ सुरु गर्न न निवेदन दियो, न त इजाजत नै कुर्नु पऱ्यो । राष्ट्रिय प्रसारण ऐन २०४९ र नियमावली २०५२ ले गरेको व्यवस्था विपरीत विनाइजाजत यो प्रसारण थालिएको थियो । लामो समयदेखि सञ्चार मन्त्रालयमा निवेदन दिई इजाजत कुरेर बसेका संस्थाहरूलाई इजाजत दिन आनाकानी गरिरहेका बेला एफएम काठमाडौँको प्रसारणले एकपटक सबैलाई अचम्भित तुल्यायो । अधिवक्ता सतीशकृष्ण खरेल (२०५९कः २०-२१) ले त यसलाई 'नेपालको पहिलो गैरकानूनी एफएम प्रसारण' पनि भनेका छन् । हुन पनि प्रसारण सुरु गरिसकेपछि त्यसलाई वैधानिकता दिन रेडियो नेपालले २०५२ मङ्सिर १९ गते मात्र सञ्चार मन्त्रालयमा निवेदन दियो र माघ २८ मा बल्ल इजाजत प्राप्त गरेको थियो (खरेल २०५९कः २१, मैनाली २०५३ः १८) ।

एफएम काठमाडौँले आफ्नो समय निजी क्षेत्रलाई भाडामा दिन थालेपछि सञ्चार मन्त्रालयका पदाधिकारीहरू भने रेडियो प्रसारण निजी क्षेत्रलाई दिने भनेको यही हो भन्ने तर्क गर्नसमेत पछि परेनन् (मैनाली २०५९कः २९) । अर्कातिर आफैले स्टेसन स्थापना गरेर एफएम रेडियो सञ्चालन गर्ने आश गर्दागर्दै भाडामा समय किन्न बाध्य रेडियो सञ्चालकहरू आफ्ना असन्तुष्टिहरू बारम्बार व्यक्त गर्दै आइरहेका थिए । प्रसारण ऐन र नियमावलीमा व्यवस्था भएबमोजिम आफ्नै स्टेसन खोल्न नपाएकोमा पत्रपत्रिकामार्फत तिनका आक्रोश र गुनासाहरू प्रकट हुन्थे (घिमिरे २०५२) । निजी क्षेत्रलाई स्वतन्त्र रूपमा एफएम रेडियो स्टेसन स्थापना गरेर कार्यक्रम प्रसारणका लागि इजाजत दिन सञ्चार मन्त्रालयले आलटाल तथा ढिलाइ गरेकोमा समाजका विभिन्न तहबाट पनि आक्रोश र असन्तुष्टि उत्तिकै रूपमा सार्वजनिक हुने गर्दथ्यो (श्रेष्ठ २०५३, वाग्ले २०५३) । राष्ट्रिय प्रसारण नियमावली २०५२ जारी भएकै वर्षको अन्तसम्ममा इजाजतका लागि निवेदन दिनेहरूमा रेडियो सगरमाथाबाहेक नै अन्य १० ओटा व्यक्ति तथा संस्थाहरू थिए (श्रेष्ठ २०५३) । त्यसैमध्ये म्युजिक नेपाल प्रा.लि. पनि पर्दथ्यो । २०४९ सालमै सञ्चार मन्त्रालयबाट नीति बनेपछि सम्पर्क गरिने जबाफ पाएको यस कम्पनीले लामो समयसम्म पनि इजाजत नपाएपछि आफ्नो पहललाई निरन्तरता दिन चाहेन । आफूलाई एफएम सञ्चालनका लागि किन इजाजत दिइएन भन्नेबारे केही बुझ्न नसकेको भनाइ म्युजिक नेपालका निर्देशक सन्तोष शर्मा (२०५५) ले व्यक्त गरेका थिए ।

सञ्चार मन्त्रालयले इजाजत त दिएको थिएन नै, क-कसले निवेदन दिएका छन् ? प्रक्रिया कहाँ पुगेको छ ? के कारणले इजाजत नदिइएको हो ? जस्ता सवालमा समेत निकै समयसम्म मौनता साँधेको थियो । मन्त्रालयको उक्त

रवैयाविरुद्ध अधिवक्ता कमला क्षेत्रीले २०५२ चैत २५ गते सर्वोच्च अदालतमा एउटा रिट निवेदन दर्ता गराइन् (श्री सगरमाथा २०५३) । उक्त रिटमा एफएम प्रसारण इजाजतका लागि सञ्चार मन्त्रालयमा परेका निवेदन र सञ्चार मन्त्रालयले त्यस सम्बन्धमा गरेका काम कारबाहीबारे सूचना उपलब्ध गराउनुपर्ने माग गरिएको थियो । त्यही रिटका आधारमा सर्वोच्च अदालतले सञ्चार मन्त्रालयसँग जानकारी माग गरेपछि सञ्चार मन्त्रालय त्यसबारे सूचना दिन बाध्य भयो ।[८]

यस बीचमा युनेस्कोको सहयोगमा नेपाल वातावरण पत्रकार समूहले प्रसारणका लागि आवश्यक सबै भौतिक पूर्वाधारहरू तयार गरिसकेको थियो । २०५२ सालमा आफ्ना उपकरणको परीक्षण प्रसारणका लागि भन्दै अस्थाई फ्रिक्वेन्सी उपलब्ध गराउन सञ्चार मन्त्रालयसमक्ष पुनः निवेदन दियो । यसका लागि पनि मन्त्रालयले आलटाल गरेपछि २०५२ चैत १८ देखि २२ गतेसम्म बिनाइजाजत नै परीक्षण प्रसारण गऱ्यो (मैनाली २०५९कः २९) । त्यसैलाई आधार बनाई २०५२ चैत २३ गते सञ्चार मन्त्रालयले नेपाल वातावरण पत्रकार समूहका नाममा स्पष्टीकरणका लागि पूर्जी काटेको थियो (गौतम २०५२, मैनाली २०५९कः २९, वाग्ले २०५३ः ५३, लुइँटेल र आचार्य २०६१ः ११) ।[९] सो पूर्जीको बेहोरा यस्तो थियो–

> गत २० र २१ गते नेपाल वातावरण पत्रकार समूहले १ सय २ मेगाहर्जमा एफएम रेडियो सञ्चालन गरेको बुझिन आएको छ। त्यस संस्थाले परीक्षण प्रसारण कस्को इजाजतबाट गरेको हो ? फ्रिक्वेन्सी इजाजत कहाँबाट पाउनुभयो ? र तपाईंहरूसित कुन कुन उपकरण छन् ? आजको तीन दिनभित्र निर्देशानुसार कुनै पनि तरिकाले जानकारी गराउन हुन अवगत गराउँदछु (गौतम २०५२ मा उद्धृत) ।

इजाजत प्राप्त गर्न तीनचार पटकभन्दा बढी इमानदार प्रयास गर्दागर्दै पनि केही सीप नलागेपछि दबाबका रूपमा आफूहरूले यस्तो बाध्यात्मक कदम चाल्नुपरेको आशयसहित नेपाल वातावरण पत्रकार समूहले जबाफ दियो । गैरकानूनी भए पनि बाध्यात्मक र दबाबमूलक कदम भनी जानेका समाजका कुटनीतिक क्षेत्र, पेशागत सङ्घ सङ्गठनहरू राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी सङ्घ संस्थाहरू तथा

---

[८] नेपाल वातावरण पत्रकार समूह, सामुदायिक रेडियो सहयोग केन्द्रका संयोजक रघु मैनालीसँग २०६२ असार १४ गते गरिएको कुराकानीअनुसार ।

[९] रघु मैनालीको लेख (मैनाली २०५९क) मा भने यो घटना २०५३ सालमा भएको उल्लेख छ । २०५२ साल हुनुपर्नेमा प्राविधिक त्रुटिका कारण २०५३ साल हुन गएको कुरा मैनालीले २०६२ साउन २६ मा भएको कुराकानीका क्रममा बताएका थिए ।

पत्रकारिता क्षेत्रले उक्त कदमको समर्थन र साथ दिएकै कारण त्यति बेला त्यसभन्दा अगाडि सरकार बढ्न सकेन (मैनाली २०५९कः २९) ।

नेपाल वातावरण पत्रकार समूहले गरेको अथक सङ्घर्ष र त्यसप्रति अन्य गैरसरकारी क्षेत्रको समर्थन र सहानुभूति छँदै थियो । तसर्थ उक्त समूहले पनि इजाजत पाए पनि अथवा नपाए पनि २०५४ जेठ ९ गते बुद्ध पूर्णिमाको दिनदेखि प्रसारण थाल्ने निधो गऱ्यो । त्यसपछि बल्ल २०५४ साल जेठ ५ गते सञ्चार मन्त्रालय रेडियो सगरमाथा सञ्चालनका लागि प्रसारण इजाजत दिन बाध्य भयो । इजाजत दिइसकेपछि "युद्ध तिमीहरूले जित्यौ" (मैनाली २०५९कः २९-३०) भन्ने सञ्चार मन्त्रालयका पदाधिकारीको प्रतिक्रिया थियो । यसले पनि सरकार बाध्य भएको कुरालाई पुष्टि गर्छ ।

प्रसारणका लागि सम्पूर्ण तयारी अगाडि नै पूरा गरिसकेका कारण इजाजत प्राप्त गरेको चार दिनपछि नै रेडियो सगरमाथाको प्रसारण सुरु भयो । यसप्रकार २०५४ जेठ ९ गते नेपालमा पहिलोपटक गैर सरकारी क्षेत्रबाट सञ्चालित स्वतन्त्र रेडियोको सुरुआत भयो । रेडियो सगरमाथा नेपालमा मात्र नभई दक्षिण एसियाकै गैर सरकारी क्षेत्रबाट सञ्चालित पहिलो रेडियो बन्न पुग्यो । सामुदायिक उद्देश्यले सञ्चालन भएका कारण नेपालको पहिलो सामुदायिक रेडियोको स्थान पनि यसले लियो (सामुदायिक र व्यापारिक रेडियोको चर्चा यसै लेखको 'रेडियो स्वामित्वको स्वरूप' उपशीर्षकमा गरिएको छ) ।

रेडियो सगरमाथालाई इजाजत दिएपछि खुलेको इजाजत वितरणको क्रम खुल्दै र बन्द हुँदै आएको छ । २०६० साल पुसमा अन्तिम पटक इजाजत दिइएपछि हाल (२०६२ कात्तिक) सम्म थप स्टेसनले इजाजत पाएका छैनन् । तालिका १.२ मा २०६० पुससम्म हरेक वर्ष प्रसारणका लागि इजाजत प्राप्त गर्ने रेडियोको सङ्ख्या र तिनको प्रकृति समेटिएको छ ।

२०५३ सालबाहेक हरेक वर्ष रेडियो प्रसारणको लागि इजाजत दिइएको छ । वर्षमा कतिओटासम्म इजाजतपत्र बाँड्ने भन्नेबारे सरकारको कुनै नीति नभएको तालिकाबाट पनि प्रस्ट हुन्छ । २०६० साल पुससम्म आइपुग्दा कुल ५६ ओटा संस्थाले इजाजत पाएका छन् ।[१०] तीमध्ये २० ओटा सामुदायिक रेडियो छन् भने ३६ ओटा व्यापारिक (हेर्नुहोस् तालिका १.३ र १.४) । व्यापारिक रेडियोहरूमध्ये

---

[१०] सञ्चालनमा नआइकन इजाजत रद्द भएका दुईओटा एफएम रेडियोहरू विराट एफएम, मोरङ (इजाजत साल- २०५५) र वेस्ट एफएम, कास्की (इजाजत साल- २०५७) लाई यो तालिकामा समावेश गरिएको छैन । यी दुईलाई पनि गन्ती गर्ने हो भने सञ्चार मन्त्रालयबाट प्रसारण इजाजत पाउने एफएम रेडियोको सङ्ख्या ५८ पुग्छ ।

एउटा सरकारी (रेडियो नेपालको एफएम काठमाडौं १०० मेगाहर्ज) छ भने बाँकी निजी क्षेत्रको लगानीमा सञ्चालित छन् ।

**तालिका १.२: विभिन्न वर्षमा इजाजत प्राप्त गर्ने स्टेसनको सङ्ख्या**

| वर्ष | सामुदायिक रेडियो | व्यापारिक रेडियो | कुल |
|---|---|---|---|
| २०५२ | – | १ | १ |
| २०५४ | २ | २ | ४ |
| २०५५ | २ | २ | ४ |
| २०५६ | – | २ | २ |
| २०५७ | १ | ५ | ६ |
| २०५८ | १ | ४ | ५ |
| २०५९ | १ | २ | ३ |
| २०६० | १३ | १८ | ३१ |
| **कुल** | **२०** | **३६** | **५६** |

स्रोतः रघु मैनालीको व्यक्तिगत अभिलेख २०६२, देउजा (सन् २००२: ३३-३४), पौडेल (२०६१: अनुसूची १), खरेल र देउजा (२०५९: १३४-३५) ।

अहिलेसम्म इजाजत वितरणमा मन्त्रीको स्वविवेक नै सर्वोपरि भएकाले यो प्रक्रिया सीधै सरकारको परिवर्तन र सञ्चारमन्त्रीको नियुक्तिसँग जोडिन पुग्छ । सञ्चारमन्त्रीअनुसार कहिले धेरै, कहिले थोरैले इजाजत पाएका छन् भने कहिले प्रक्रिया नै ठप्प हुन पुगेको छ । २०४९ सालमा निजी क्षेत्रले रेडियो सञ्चालन गर्ने गरी एफएम प्रसारण खुला गर्ने नीति लिएपछि २०६२ साल कात्तिकसम्ममा १४ जनाले सञ्चारमन्त्रीको जिम्मेवारी सम्हालेका छन् ।[११] यिनमा विजय गच्छदार (राज्यमन्त्री), प्रदीप नेपाल, चिरञ्जीवी वाग्ले, झलनाथ खनाल, सर्वेन्द्रनाथ शुक्ल, महन्थ ठाकुर, राधाकृष्ण मैनाली, जयप्रकाश गुप्ता, पूर्णबहादुर खड्का, शिवराज जोशी, रमेशनाथ पाण्डे, कमल थापा, मोहम्मद मोहसिन र टङ्क ढकाल हुन् (रिसाल र रिसाल २०६१) ।

नेपाल वातावरण पत्रकार समूहले इजाजत लिने क्रममा नै चारजना सञ्चारमन्त्रीहरू फेरिएका थिए । र, झलनाथ खनाल (एमाले) को पालामा आएर इजाजत पाउन सकेको थियो । खनाल अघिका सञ्चारमन्त्री चिरञ्जीवी वाग्ले (नेपाली काङ्ग्रेस) का पालामा भने रेडियो नेपालले एफएम काठमाडौं सञ्चालनका लागि

[११] कतिपय अवस्थामा थोरै समयका लागि प्रधानमन्त्री वा उप-प्रधानमन्त्रीले पनि सञ्चार मन्त्रालयको कार्यभार आफैले सम्हालेका छन्, जसलाई यो आँकडामा समेटिएको छैन । क्याबिनेट मन्त्री नभई राज्यमन्त्रीमात्र भएको अवस्थामा राज्यमन्त्रीलाई प्रमुखका रूपमा गणना गरिएको छ भने दोहोरिएकालाई एकपटकमात्र गणना गरिएको छ ।

इजाजत प्राप्त गरेको थियो । अर्का सञ्चारमन्त्री महन्थ ठाकुर (नेपाली काङ्ग्रेस) ले खनालको कदमलाई निरन्तरता दिँदै थप पाँचओटा निजी क्षेत्रका संस्थालाई इजाजत दिए । त्यसरी इजाजत पाउने रेडियोहरूमा कान्तिपुर एफएम, ललितपुर; इमेज एफएम, काठमाडौँ; मेट्रो एफएम, काठमाडौँ; एचबीसी एफएम, काठमाडौँ र हिट्स एफएम, काठमाडौँ थिए । महन्थ ठाकुरपछि सञ्चारमन्त्री हुन पुगेका राधाकृष्ण मैनाली (नेपाल कम्युनिस्ट पार्टी माले) का पालामा विराट एफएम, मोरङले मात्र अनुमति पाएको देखिन्छ ।[१२]

## *विवादको घेरामा मन्त्री गुप्ता*

एफएम रेडियो बिस्तारको एक दशक लामो अभियानका क्रममा नेपाली काङ्ग्रेसका तर्फबाट सञ्चारमन्त्री भएका जयप्रकाश गुप्ता नै सबैभन्दा बढी विवादित देखिए । अघिल्ला सञ्चारमन्त्रीहरूले एफएम सञ्चालनका लागि इजाजत दिन आनाकानी गरेको आरोप लागे पनि उनलाई भने कहिले एकै ठाउँमा एकै समयमा आवश्यकताभन्दा बढी इजाजत वितरण गरेको त कहिले एउटै संस्थालाई काखी च्यापेर अरूलाई भेदभाव गरेको आरोप लागिरह्यो । यस अवधिमा तुलनात्मक रूपले सबैभन्दा धेरै (तीन) पटक सञ्चारमन्त्री हुने गुप्ता नै थिए । तीनपटक सञ्चारमन्त्री(यसबाहेक एकपटक सञ्चार राज्यमन्त्री पनि भएका छन्) भएका गुप्ताले तीनैपटक गरी जम्मा २० महिना उक्त मन्त्रालयमा बिताएका थिए (रिसाल र रिसाल २०६१) । गुप्ता प्रजातन्त्र पुनर्स्थापनापछि भएका सञ्चारमन्त्रीमध्ये विजयकुमार गच्छदार (करिब तीन वर्ष) पछि लामो समय सञ्चारमन्त्री हुनेमा पर्दछन् ।

क्षेत्रफलको हिसाबले सानो नगर पोखरामा जयप्रकाश गुप्ताले करिब उही समयमा पाँचओटा एफएमलाई प्रसारणको इजाजत दिए । तीमध्ये चारओटा

---

[१२] कतिपय अवस्थामा सञ्चारमन्त्रीको कार्यकाल र एफएम इजाजत दिइएको मितिकै आधारमा फलानो मन्त्रीले फलानो एफएमलाई इजाजत प्रदान गरेको हो भन्न सकिने अवस्था पनि छैन किनकि एउटा मन्त्रीका पालामा सदर भइसकेको फाइलका आधारमा अर्को मन्त्री नियुक्त भएपछि इजाजत जारी गरिएको कारणले जस अपजसको भागिदार इजाजत पाउँदा बहाल रहेका मन्त्रीभन्दा फाइल सदर गर्ने मन्त्री नै हुने गरेको पाइन्छ । उदाहरणका लागि, एफएम काठमाडौँ नेपाली काङ्ग्रेसका चिरञ्जीवी वाग्लेका पालामा सुरु भएर उनकै पालामा इजाजत लिएको भए पनि त्यसको जस अपजस वाग्लेभन्दा पहिला सञ्चारमन्त्री हुने नेपाल कम्युनिस्ट पार्टी (एमाले) का प्रदीप नेपालले पाएका छन् (मैनाली २०५३ः १८) । त्यस्तै पोखरामा लगभग एकै समयमा पाँचओटा एफएमले प्रसारण इजाजत पाएको समयमा नेपाली काङ्ग्रेसका जयप्रकाश गुप्ता सञ्चारमन्त्री थिएनन् । यद्यपि सम्पूर्ण प्रक्रिया उनकै पालामा सम्पन्न भएकाले त्यसको जस अपजस पनि उनैले पाएका हुन् (पराजुली २०५८कः २२०-२१) ।

(वेस्ट एफएम, रेडियो अन्नपूर्ण, पोखरा एफएम र माछापुच्छ्रे एफएम) व्यापारिक रेडियो थिए भने एउटा (हिमचुली एफएम) सहकारी संरचनामा आधारित सामुदायिक रेडियो थियो । एउटालाई पनि इजाजत दिन आनाकानी गरिरहेको स्थितिमा एकैचोटि पाँचओटा स्टेसनले इजाजत पाउँदा सर्वसाधारण त आश्चर्यमा परे नै, स्वयं इजाजत पाउने सञ्चालकहरूसमेत चकित बन्न पुगे । किनकि हरेक सञ्चालकमा इजाजतपत्र लिँदा आफू एक्लैले मात्र पाएको भ्रम थियो (पराजुली २०५८क: २२०-२१) । जब अरूले पनि इजाजत पाएको कुरा खुल्न थाल्यो अनि मात्र सञ्चालकहरूको भ्रमको पर्दा च्यातियो । सञ्चालकमध्ये केहीले त अरूले पनि इजाजत पाएका छन् वा पाउँछन् भन्ने पहिल्यै थाहा पाएको भए आफू लगानी गर्नबाट पछि हट्ने बताएका थिए (पराजुली २०५८क: २२१) तत्कालीन सञ्चारमन्त्री गुप्ताको यो कदमका पछाडि ठूलै आर्थिक अनियमितता भएको आशङ्का त्यति बेला गरिएको थियो । सन् २००१ अगस्ट १ को *द काठमाडौँ पोष्ट*मा एकजना व्यक्ति उमेश तुलाधारले सम्पादकलाई चिठी लेख्दै सञ्चारमन्त्रीले पोखराका एफएम सञ्चालकहरूबाट के कति रकम लिए भन्नेबारे खोजी गरी समाचार दिन पत्रिकालाई आग्रहसमेत गरेका थिए (द काठमाडौँ पोष्ट सन् २००१ए) । उक्त चिठी छापिएको पर्सिपल्टै सूचना तथा सञ्चार मन्त्रालयले पनि चिठीप्रति आफ्नो ध्यान आकृष्ट भएको जनाउँदै सोही पत्रिकामा जबाफी चिठी लेखेको थियो । सो चिठीमा नियमानुसार ती सञ्चालकहरूबाट मन्त्रालयले इजाजत शुल्क लिएको जनाइएको थियो (द काठमाडौँ पोष्ट सन् २००१बी) ।

सञ्चार मन्त्रालयले तुलाधरको प्रतिक्रियाको सन्दर्भमा इजाजत शुल्क लिएको भन्ने औपचारिक र चलाखीपूर्ण स्पष्टीकरण दियो । तर आफूहरूले अनधिकृत रूपमा ठूलै रकम बुझाउनु परेको गुनासो पोखराका एफएम सञ्चालकहरूले पनि गरेका थिए ।[१३] हिमचुली एफएमका संस्थापक अध्यक्ष लेखबहादुर गुरुङले त प्रसारण इजाजत पाउन आफूले घुस स्वरूप पाँचलाख रुपियाँ बुझाउनु परेको कुरा व्यक्त गरेका छन् (गुरुङ २०६१) । यसले इजाजतपत्र वितरणमा अनियमितता भएको भन्ने आरोपलाई थप बल पुऱ्याउँछ । उता पोखरा उपत्यकाकै लेखनाथ नगरपालिकाले भने इजाजतका लागि अरू सँगसँगै निवेदन दिएको भए पनि इजाजत पाउन सकेन । स्वामित्वको फरकपनले गर्दा लेखनाथ नगरपालिकाले प्रसारण गर्ने

---

[१३] मार्टिन चौतारीका अनुसन्धानकर्ता शेखर पराजुली र प्रत्यूष वन्तले २०५८ जेठको पहिलो सातामा पोखराका एफएम सञ्चालकहरूसँग गरेको कुराकानीमा आधारित, यसै सन्दर्भका लागि हेर्नुहोस् पराजुली (२०५८क: २२१) ।

भनेको कार्यक्रम अन्यभन्दा फरक हुने सम्भावना थियो भने प्रसारण गर्ने स्थल पनि पोखरा उपमहानगरपालिकाभन्दा फरक अर्थात् लेखनाथ नगरपालिका थियो । त्यसमाथि युनेस्कोले आवश्यक उपकरण दिने आश्वासनसमेत दिएको थियो । यस्तो अवस्थामा लेखनाथ नगरपालिकालाई इजाजत नदिई पोखरा नगर क्षेत्रमा प्रसारण गर्ने पाँचओटा स्टेसनलाई एकैचोटि इजाजत दिइनु कुनै पनि हिसाबले तर्कसङ्गत थिएन ।

त्यस्तै, अर्कोपटक कान्तिपुर एफएमलाई पूर्वाञ्चलमा ठूलो क्षमताको (दस हजार वाट) ट्रान्समिटर स्थापना गरी काठमाडौँबाट प्रसारित कार्यक्रमलाई 'रिले' गर्न स्वीकृति दिएर गुप्ता झनै आलोचित बन्न पुगे । यस कुराले सञ्चारमाध्यमहरूमा पुनः ठूलै हलचल पैदा गऱ्यो । यो इजाजतका सम्बन्धमा धेरै प्रतिक्रिया र टीकाटिप्पणीहरू सार्वजनिक भए । यिनमा नियम विपरीत रिले प्रसारणको स्वीकृति दिएको तथा एउटै संस्थालाई ठूलो क्षमताको ट्रान्समिटर राख्ने स्वीकृति दिएर साना र स्थानीय स्टेसनहरूलाई मर्कामा पारिएको गुनासा व्यक्त गरिए । साथै वर्षौंदेखि इजाजतका लागि परेका करिब दुई दर्जन निवेदनहरूलाई बेवास्ता गर्दै एउटा संस्थालाई मात्र इजाजत दिइनुको पछाडि कमिशनको खेल हुन सक्ने जस्ता शङ्काहरूसमेत उब्जाइएका थिए (गोरखापत्र २०५८, भट्टराई सन् २०००ए, घिमिरे २०५८) । यद्यपि कतिसम्म प्रसारण क्षमताको स्वीकृति दिन मिल्ने तथा रिले प्रसारणको स्वीकृति दिन मिल्ने या नमिल्ने भन्नेबारे ऐन कानून स्पष्ट छैन ।

तर कान्तिपुर एफएमका प्रबन्ध निर्देशक विनोदराज ज्ञवाली भने पत्रपत्रिका वा जनमानसमा उठेका आरोपहरू पूर्वाग्रही भएको बताउँछन् । सञ्चार मन्त्रालयले दिएको इजाजत र उसैले खटाएका प्राविधिकहरूकै जाँचपासका आधारमा स्टेसन स्थापना गरिएको हुँदा यसमा आफ्नो कुनै गल्ती नभएको ज्ञवालीको आशय छ । उनी थप्छन्– "ट्रान्समिटर क्षमता र रिले प्रसारणबारे सरकारी नीति स्पष्ट हुनु पऱ्यो । हामी प्रसारकको चाहना त कम खर्चमा सकेसम्म बढीभन्दा बढी क्षेत्रफल ओगट्ने र धेरै जनतालाई सुनाउने हुन्छ । त्यसलाई नकारात्मक रूपमा हेर्न मिल्दैन ।"[१४]

ज्ञवालीको भनाइ पनि आफ्नो ठाउँमा बेठीक नहोला तर पत्रपत्रिकामा उठाइएका टिप्पणीलाई पनि पूरै पूर्वाग्रही भन्न मिल्दैन । देशका विभिन्न स्थानबाट प्राप्त निवेदनहरूलाई लत्याएर एउटै संस्था, जसले एक ठाउँबाट प्रसारण गर्ने

[१४] २०६१ चैत २८ गते मार्टिन चौतारीका कृष्ण अधिकारी र कोमल भट्टले ज्ञवालीसँग गरेको कुराकानीको अडियो रेकर्डमा आधारित ।

इजाजत पाइसकेको थियो, उसैलाई फेरि इजाजत दिने कार्य भेदभावपूर्ण नै थियो । अर्को कुरा, स्थानीय क्षेत्रमा काठमाडौँको सम्पूर्ण प्रसारण रिले गर्ने र त्यसमाथि पनि ठूलो क्षमताको ट्रान्समिटर राख्ने स्वीकृति दिँदा स्थानीय स्तरमा खुलेका वा खुल्ने प्रक्रियामा रहेका सानो क्षमताका एफएममाथि अन्याय हुन पुगेको तथ्यलाई पनि अस्वीकार गर्न सकिन्न ।

**तालिका १.३ः इजाजत प्राप्त सामुदायिक रेडियोको विवरण**

| प्रसारण संस्थाको नाम, जिल्ला | कल साइन र फ्रिक्वेन्सी (मेगाहर्ज) | ट्रान्समिटर पावर (वाट) | इजाजत जारी मिति |
|---|---|---|---|
| नेपाल वातावरण पत्रकार समूह, ललितपुर | रेडियो सगरमाथा १०२.४ | ५०० | २०५४।२।५ |
| काठमाडौँ महानगरपालिका, काठमाडौँ | मेट्रो एफएम १०६.७ | ५०० | २०५४।११।२५ |
| मदनपोखरा गाविस, पाल्पा | रेडियो मदनपोखरा १०६.९ | १०० | २०५५।९।१८ |
| लुम्बिनी सूचना तथा सञ्चार सहकारी संस्था लि., रुपन्देही | रेडियो लुम्बिनी ९६.८ | ५०० | २०५५।९।२० |
| पोखरा बहुउद्देश्यीय सहकारी संस्था लि., कास्की | हिमचुली एफएम ९२.२ | ५०० | २०५७।९।२५ |
| स्वर्गद्वारी सञ्चार केन्द्र, दाङ | रेडियो स्वर्गद्वारी १०२.८ | ५०० | २०५८।१।४ |
| श्री युवा जागरण पर्यावरणीय मञ्च, ललितपुर | पर्यावरण चक्र एफएम १०४.२ | ५०० | २०५९।१।२५ |
| विजय सामुदायिक सूचना तथा सञ्चार सहकारी संस्था लि., नवलपरासी | विजय एफएम १०१.६ | १०० | २०६०।५।१ |
| वातावरण बचाउ आन्दोलन, रुपन्देही | रुपन्देही एफएम ९८.२ | १००० | २०६०।५।५ |
| कर्णाली एकीकृत ग्रामिण विकास तथा अनुसन्धान केन्द्र (किर्डार्क), जुम्ला | रेडियो कर्णाली १०५.२ | १०० | २०६०।५।९ |
| नेपाल प्रेस इन्स्टिच्यूट (एनपीआई), बाँके | भेरी एफएम १०५.५ | १०० | २०६०।५।१६ |
| भेरी बहुउद्देश्यीय सहकारी संस्था लि., सुर्खेत | रेडियो भेरी १०६.४ | १०० | २०६०।५।३० |
| पालुङ्ग बहुउद्देश्यीय सहकारी संस्था लि., मकवानपुर | रेडियो पालुङ १०७.२ | ५० | २०६०।६।२ |
| व्याकवार्ड सोसाइटी एजुकेसन (बेस), कैलाली | घोडाघोडी एफएम १००.४ | २५० | २०६०।६।१२ |
| मानवतावाद र जयपृथ्वी अनुसन्धान प्रतिष्ठान, बाँके | रेडियो भेरी आवाज ९५.६ | २५० | २०६०।६।१४ |
| समाज विकासका लागि समूह/नेपाल, बझाङ | सैपाल एफएम १००.६ | २५० | २०६०।६।२१ |
| पाल्पा सञ्चार सहकारी संस्था लि., पाल्पा | मुक्तिनाथ एफएम ९०.८ | ५०० | २०६०।६।२८ |
| योङ्गस्टार क्लव, सोलुखुम्बु | सोलु एफएम १०२.२ | १०० | २०६०।७।२५ |
| बुलबुले सञ्चार केन्द्र, सुर्खेत | बुलबुले एफएम १०७.६ | १०० | २०६०।८।२९ |
| राप्ती सञ्चार सेवा, दाङ | रेडियो तुल्सीपुर १०१.६ | ५०० | २०६०।९।११ |

स्रोतः पौडेल (२०६१ः अनुसूची १) र सीआरएससी (सन् २००४) ।

माथि उल्लिखित दुईओटा सन्दर्भमा बाहेक अरूलाई इजाजत दिँदा के कस्ता विवादहरू भए त्यो भने त्यति चर्चामा आएको पाइन्न । यद्यपि सामुदायिक रेडियोलाई

इजाजत दिन कठोर भएको तथा व्यापारिक रेडियोप्रति नरम नीति लिएर भेदभाव गरेको आरोप भने गुप्तालाई लागेकै हो (ज्ञवाली २०५९) ।

इजाजतका लागि निवेदन दिनेको सङ्ख्या प्रशस्त भए पनि गुप्ताको पछिल्लो कार्यकालपछि पुनः लामो समयसम्म सञ्चार मन्त्रालयले कसैलाई पनि इजाजत प्रदान नगरी चुपचाप बस्यो । २०६० जेठमा गठित सूर्यबहादुर थापाले नेतृत्व गरेको मनोनित सरकारका सूचना तथा सञ्चारमन्त्री कमल थापाको पालामा भने अवरुद्ध इजाजत प्रक्रियाले पुनः गति लियो । २०६० भदौदेखि सुरु भएको इजाजत दिने क्रम सोही वर्ष पुस ११ सम्म जारी रह्यो । यस बीचमा पटकपटक गरी ३१ ओटा सङ्घ संस्थाहरूले इजाजत पाएका थिए, जसमा लामो समयदेखि इजाजतको प्रतीक्षामा बसेकाहरू पनि थिए । साथै यस अवधिमा इजाजत पाउनेमध्ये १३ ओटा त सामुदायिक रेडियो थिए । त्यतिमात्र होइन बझाङ, कैलाली, जुम्ला, सुर्खेत, गुल्मी, बाग्लुङ, सोलुखुम्बु जस्ता तुलनात्मक हिसाबले पिछडिएका जिल्लामा पनि एफएम रेडियोले प्रवेश पाए (हेर्नुहोस् तालिका १.६) । यति बेला भने सञ्चारमन्त्रीको आलोचनाभन्दा पनि उदारतापूर्वक प्रसारण इजाजत दिएको भनी तारिफ नै भएको पाइयो (हिमाल २०६०, लुइँटेल २०६०) । २०६० पुस ११ सम्म कुल ५६ ओटा संस्थाले इजाजत प्राप्त गर्दा पनि अझ करिब पाँच दर्जन संस्थाहरू इजाजतको पर्खाइमा रहेका थिए (तिमिल्सिना २०६०, अधिकारी २०६१ः अनुसूची ३) ।

एफएम प्रसारणको इजाजत वितरणमा उदार भएको जस पाइरहेकै बेलामा रक्षा मन्त्रालयको हस्तक्षेपका कारण पुनः हलचल पैदा भयो । सञ्चार मन्त्रालयले अनुमति पाएका एफएमहरूलाई दिइएका फ्रिक्वेन्सीले हवाई, सैनिक र प्रहरीलाई कुनै समस्या पर्छ कि पर्दैन भनी २०६० पुस अन्तमा प्रश्न सोधेर पठायो । रक्षा मन्त्रालयले भने त्यसको उत्तर दिनुको साटो 'प्रक्रिया नै रोक्नू' भन्ने निर्देशन सञ्चार मन्त्रालयलाई दियो (कान्तिपुर २०६०, हिमाल २०६०, लुइँटेल २०६०) । यो निर्देशनले प्रसारणका लागि इजाजत पाए पनि भन्सारमा उपकरण रोकिने तथा प्राविधिक तयारी भए पनि प्रसारणमा जान समस्या पर्ने जस्ता सम्भावनाहरू देखिएका थिए । तर रक्षा मन्त्रालयको यस कार्यविरुद्ध चर्को रूपमा विरोध र असन्तुष्टिका स्वरहरू सार्वजनिक भएपछि सञ्चार मन्त्रालयले रक्षा मन्त्रालयको उक्त निर्देशनले रेडियो प्रसारणमा बाधा नपुग्ने बताएको थियो । प्राविधिक कारणले मात्र प्रक्रिया रोक्नुपरेको र फ्रिक्वेन्सीमा असर पर्ने वा नपर्नेबारे छानबिन गर्न गठित समितिले मन्त्रालयलाई जानकारी दिएपछि ठीक देखिए अनुमति पाएका एफएम रेडियो प्रसारणमा आउन सक्ने तत्कालीन सञ्चार सचिव मुकुन्द पौडेलले त्यति बेला

## तालिका १.४: इजाजत प्राप्त व्यापारिक रेडियोको विवरण

| स्टेसनको नाम र जिल्ला | कल साइन र फ्रिक्वेन्सी (मेगाहर्ज) | ट्रान्समिटर पावर (वाट) | इजाजत जारी मिति |
|---|---|---|---|
| रेडियो नेपाल, काठमाडौँ | एफएम काठमाडौँ १००.० | १००० | २०५२।१०।२८ |
| कान्तिपुर एफएम प्रा.लि., ललितपुर | कान्तिपुर एफएम ९६.१ | ५०० | २०५४।११।६ |
| इमेज च्यानल प्रा.लि., काठमाडौँ | इमेज एफएम ९७.९ | ५०० | २०५४।११।६ |
| हिट्स नेपाल प्रा.लि., काठमाडौँ | हिट्स एफएम ९१.२ | ५०० | २०५५।५।८ |
| हिमालय ब्रोडकास्टिङ्ग कम्पनी प्रा.लि., काठमाडौँ | एचबीसी एफएम ९४.० | ५०० | २०५५।५।८ |
| क्रिएटिभ आईज मल्टिमिडिया एण्ड इन्टरटेन्मेन्ट प्रा.लि., मकवानपुर | मनकामना एफएम ९२.९ | ५०० | २०५६।७।१५ |
| कोशी एफएम प्रा.लि., मोरङ | कोशी एफएम ९४.३ | ५०० | २०५६।८।१ |
| कान्तिपुर एफएम प्रा.लि., धनकुटा | कान्तिपुर एफएम ९६.१ | १०,००० | २०५७।४।३० |
| अन्नपूर्ण एफएम प्रा.लि., कास्की | अन्नपूर्ण एफएम ९३.४ | १००० | २०५७।६।१३ |
| पोखरा एफएम प्रा.लि., कास्की | पोखरा एफएम ९५.८ | २५० | २०५७।१०।२० |
| माछापुच्छ्रे एफएम प्रा.लि., कास्की | माछापुच्छ्रे एफएम ९१.० | ५०० | २०५७।१०।२० |
| पूर्वाञ्चल एफएम प्रा.लि., झापा | कञ्चनजङ्घा एफएम ९२.६ | ५०० | २०५७।१२।३० |
| एफएम अध्यात्मज्योति प्रा.लि., काठमाडौँ | एफएम अध्यात्मज्योति १०४.८ | १०० | २०५८।१।१९ |
| सिनर्जी एफएम प्रा.लि., चितवन | सिनर्जी एफएम ९१.६ | ५०० | २०५८।१।२७ |
| सप्तकोशी मिडिया प्रा.लि., सुनसरी | सप्तकोशी एफएम ९०.० | ५०० | २०५८।३।१३ |
| सिद्धार्थ मिडिया सर्भिसेज प्रा.लि., रुपन्देही | बुटवल एफएम ९४.४ | १००० | २०५८।४।४ |
| भ्याली एफएम प्रा.लि., काठमाडौँ | टाइम्स एफएम ९०.६ | ५०० | २०५९।१।२५ |
| कालिका एफएम प्रा.लि., चितवन | कालिका एफएम ९५.२ | १००० | २०५९।२।२३ |
| तिनाऊ एफएम एण्ड मिडिया प्रा.लि., रुपन्देही | तिनाऊ एफएम ९८.२ | १००० | २०६०।५।१ |
| मकवानपुर मिडिया प्रा.लि., मकवानपुर | हेटौँडा एफएम ९६.६ | ५०० | २०६०।५।४ |
| धवलागिरि एफएम प्रा.लि., बाग्लुङ | धवलागिरि एफएम १००.४ | २५० | २०६०।५।४ |
| बाग्लुङ कालिका सञ्चार प्रा.लि., बाग्लुङ | कालिगण्डकी एफएम ९८.६ | १०० | २०६०।५।५ |
| पर्सा एफएम प्रा.लि., पर्सा | रेडियो वीरगञ्ज ९९.० | ५०० | २०६०।५।८ |
| नेशनल ब्रोडकास्टिङ प्रा.लि., काठमाडौँ | रेडियो सिटी एफएम ९८.८ | ५०० | २०६०।५।१० |
| करेन्ट मिडिया प्रा.लि., मोरङ | मिडिया करेन्ट १००.८ | ५०० | २०६०।५।१६ |
| करेन्ट मिडिया प्रा.लि., काठमाडौँ | मिडिया करेन्ट १००.८ | ५०० | २०६०।५।१६ |
| क्लासिक एफएम प्रा.लि., ललितपुर | क्लासिक एफएम १०१.२ | ५०० | २०६०।५।२२ |
| श्रीनगर एफएम प्रा.लि., पाल्पा | श्रीनगर एफएम ९३.२ | ५०० | २०६०।५।२६ |
| भक्तपुर एफएम प्रा.लि., भक्तपुर | भक्तपुर एफएम १०५.४ | १०० | २०६०।५।३० |
| रेन्वो एफएम प्रा.लि., काठमाडौँ | नेपाल एफएम ९१.८ | ५०० | २०६०।६।२ |
| सप्तकोशी मिडिया प्रा.लि., मोरङ | सप्तकोशी एफएम १०५.६ | १०० | २०६०।६।२ |
| रेडियो बागेश्वरी एफएम प्रा.लि., बाँके | रेडियो बागेश्वरी ९४.६ | १००० | २०६०।६।९ |
| रेडियो पश्चिमाञ्चल एफएम प्रा.लि., पाल्पा | रेडियो पश्चिमाञ्चल ९९.४ | ५०० | २०६०।७।२५ |
| इमेज च्यानल प्रा.लि., कास्की | इमेज एफएम ९७.९ | ५०० | २०६०।८।२ |
| इमेज च्यानल प्रा.लि., धनकुटा | इमेज एफएम ९७.९ | ५०० | २०६०।८।२ |
| विन्ध्यबासिनी मिडिया प्रा.लि., मकवानपुर | रेडियो विन्ध्यबासिनी ९५.४ | १००० | २०६०।८।११ |

स्रोतः पौडेल (२०६१: अनुसूची १) र सीआरएससी (सन् २००४)।[१५]

[१५] पौडेल (२०६१: अनुसूची १) र सीआरएससी (सन् २००४) मा इजाजत मिति, फ्रिक्वेन्सी मेगाहर्ज, स्थान आदिसम्बन्धी देखिएका केही त्रुटिहरूलाई यहाँ सच्याइएको छ ।

बताएका थिए (लुइँटेल २०६०) । इजाजत पाएकाहरूलाई प्रसारणमा जान २०६१ माघ १९ अघिसम्म कुनै व्यवधान नभए पनि थप इजाजत भने वितरण गरिएन । त्यतिमात्र नभई २०६० पुसदेखि एफएम प्रसारणको इजाजतका लागि आएका निवेदन नै सञ्चार मन्त्रालयले दर्ता गरेको छैन ।[१६] त्यति बेलादेखि बन्द गरिएको इजाजत प्रक्रिया २०६२ कात्तिकसम्म पनि खुलाइएको छैन ।

## एफएम रेडियोको भौगोलिक बिस्तार

इजाजत प्राप्त गरेका आधारमा नेपालका पाँचओटै विकास क्षेत्रमा एफएम रेडियोको उपस्थिति देख्न सकिन्छ । तालिका १.५ ले हरेक विकास क्षेत्रमा इजाजत प्राप्त एफएम रेडियोको सङ्ख्या देखाएको छ । पाँच विकास क्षेत्रमध्ये मध्यमाञ्चल विकास क्षेत्रमा सबैभन्दा बढी अर्थात् २२ ओटा रेडियो स्टेसनले प्रसारणका लागि इजाजत पाएका छन् । ती २२ मध्ये १८ ओटा रेडियो व्यापारिक र चारओटा मात्र सामुदायिक हुन् । सबैभन्दा कम रेडियो स्टेसन भएको विकास क्षेत्रमा सुदूरपश्चिमाञ्चल पर्छ । यहाँ दुईओटाले इजाजत प्राप्त गरेका छन् र दुवै सामुदायिक हुन् । मध्यपश्चिमाञ्चल विकास क्षेत्र सबैभन्दा बढी सामुदायिक रेडियोले इजाजत पाएको विकास क्षेत्र हो । नेपालका कुल २० सामुदायिक रेडियोमध्ये सातओटा यसै क्षेत्रमा छन् । पूर्वाञ्चल विकास क्षेत्रमा सातओटा व्यापारिक रेडियो स्टेसन छन् भने सबैभन्दा कम (एउटा मात्र) सामुदायिक रेडियो छ ।

**तालिका १.५: भौगोलिक आधारमा एफएम रेडियो**

| **विकास क्षेत्र** | **सामुदायिक रेडियो** | **व्यापारिक रेडियो** | **कुल** |
|---|---|---|---|
| सुदूरपश्चिमाञ्चल | २ | – | २ |
| मध्यपश्चिमाञ्चल | ७ | १ | ८ |
| पश्चिमाञ्चल | ६ | १० | १६ |
| मध्यमाञ्चल | ४ | १८ | २२ |
| पूर्वाञ्चल | १ | ७ | ८ |
| **कुल** | **२०** | **३६** | **५६** |

स्रोतः रघु मैनालीको व्यक्तिगत अभिलेख २०६२, पौडेल (२०६१ः अनुसूची १) र रेडियो (२०६०कः ४-५) ।

जिल्लागत आधारमा हेर्दा नेपालका कुल ७५ मध्ये २२ जिल्लामा एफएम रेडियो बिस्तार भइसकेको छ । तालिका १.६ मा हरेक जिल्लामा भएका रेडियो स्टेसनको

[१६] रघु मैनालीसँग २०६२ साउन २६ मा भएको कुराकानीमा आधारित ।




तस्बिर १.२: एफएम स्टेसन अङ्कित नेपालको नक्सा (स्रोत: रेडियो २०६०क: ४-५)।[१७]

[१७] रेडियो (२०६०क: ४-५) मा दिइएको नक्सामा सुनसरी जिल्लामा तीनओटा स्टेसन भएको देखाइएको छ तर सुनसरी जिल्लामा तीनओटा नभई एउटा (सप्तकोशी एफएम, इटहरी) मात्र छ भने बाँकी दुईओटा (कान्तिपुर एफएम र इमेज एफएम) धनकुटामा अवस्थित छन् । त्यसै गरी उक्त नक्सामा गुल्मीमा एउटा स्टेसन (पश्चिमाञ्चल एफएम) रहेको देखाइए पनि सो एफएम पाल्पा जिल्लामा नै स्थापना भएको छ । यी दुवै कुरालाई नक्सामा सच्याइएको छ ।

सङ्ख्या र तिनको प्रकृति देखाइएको छ । काठमाडौँ जिल्लामा सबैभन्दा बढी १० ओटा रेडियोहरूले इजाजत पाइसकेका छन्, जसमा एउटा सामुदायिक रेडियो-मेट्रो एफएम छ भने बाँकी रेडियोहरू व्यापारिक हुन् । ललितपुर र भक्तपुरसहित समग्र उपत्यकामा हेर्ने हो भने जम्माजम्मी १५ ओटा रेडियो स्टेसनले इजाजत पाएका देखिन्छन् । त्यस्तै तीन वा सोभन्दा बढी रेडियो स्टेसनले इजाजत पाएका उपत्यकाबाहिरका जिल्लामा मकवानपुर (४ ओटा), मोरङ (३ ओटा), पाल्पा (४ ओटा), रुपन्देही (४ ओटा), कास्की (५ ओटा) र बाँके (३ ओटा) छन् । यसले के देखाउँछ भने सुविधा सम्पन्न सीमित जिल्लाहरूमा रेडियो प्रसारण खुम्चिएको छ । बाँकी ठूलो भूभाग अर्थात् ५३ ओटा जिल्लाहरूमा एफएम रेडियोको उपस्थिति छैन । सरसर्ती हेर्दा सहरी तथा औद्योगिक इलाकामा व्यापारिक रेडियोको बाहुल्य छ भने ग्रामीण र विकट इलाकामा सामुदायिक रेडियो पुगेका छन् । यो कुरा तालिका १.५ र १.६ तथा तस्बिर १.२ ले पनि पुष्टि गर्छन् । पूर्वाञ्चल, मध्यमाञ्चल र पश्चिमाञ्चल विकास क्षेत्र, जुन तुलनात्मक रूपले विकसित र सुगम छन्, त्यहाँ व्यापारिक रेडियोको सङ्ख्या सामुदायिक रेडियोको तुलनामा निकै बढी छ । मध्यपश्चिमाञ्चल र सुदूरपश्चिमाञ्चल विकास क्षेत्रमा भएका कुल १० ओटा स्टेसनमध्ये एउटा मात्र व्यापारिक रेडियो छ ।

जिल्लागत आधारमा हेर्ने हो भने पनि झापा, मोरङ, धनकुटा, मकवानपुर, पर्सा, चितवन, कास्की, ललितपुर, काठमाडौँ, भक्तपुर, बाग्लुङ आदि जिल्लाहरूमा व्यापारिक रेडियो अग्र पङ्क्तिमा छन् । त्यस्तै बझाङ, कैलाली, जुम्ला, सुर्खेत, दाङ, पाल्पा जस्ता पिछडिएका जिल्लाहरूमा सामुदायिक रेडियोको उपस्थिति अधिक छ र व्यापारिक रेडियोहरू नगण्य छन् (हेर्नुहोस् तस्बिर १.२) ।

ठूला सहर बजार तथा व्यापारिक इलाका भनेका आर्थिक हिसाबले रेडियोका लागि पनि प्रमुख बजार हुन् । तसर्थ व्यापारिक रेडियोहरू त्यस्ता स्थानमा आकर्षित हुन्छन् ।[१८] त्यस्तै तुलनात्मक हिसाबले कमजोर आर्थिक अवस्था भएका तथा चेतनास्तरका हिसाबले पिछडिएका इलाकाहरू सामुदायिक प्रसारणको प्राथमिकतामा पर्ने हुनाले यस्तो देखिएको रघु मैनालीको भनाइ छ । नेपाल

---

[१८] कतिपय अवस्थामा व्यापारिक रेडियो पहाडी इलाकामा स्थापना गरिएको भए पनि त्यसको उद्देश्य अग्लो स्थानमा टावर राखेर धेरै स्थानमा प्रसारण पुऱ्याउनु रहेको देखिन्छ । जस्तैः पूर्वाञ्चलको धनकुटास्थित भेडेटारको डाँडामा एफएम स्टेसन स्थापना गर्ने कान्तिपुर तथा इमेज एफएमलाई यसको उदाहरणका रूपमा लिन सकिन्छ । आफ्नो एफएमको लक्षित प्रसारण क्षेत्र समग्र पूर्वी तराइ भएकाले बढी क्षेत्रसम्म प्रसारण पुऱ्याउन भेडेटारमा स्टेसन राख्नु परेको कान्तिपुर एफएमका प्रबन्ध निर्देशक विनोदराज ज्ञवालीले मार्टिन चौतारीका कृष्ण अधिकारी र कोमल भट्टसँग २०६१ चैत २८ गते गरेको कुराकानीमा बताएका थिए ।

वातावरण पत्रकार समूहको मातहतमा सामुदायिक रेडियोको प्रवर्द्धन गर्न खुलेको संस्था सामुदायिक रेडियो सहयोग केन्द्रले पनि दुर्गम क्षेत्रलाई नै रेडियो स्थापनाको प्राथमिकतामा राखेको मैनाली बताउँछन् ।[१९] त्यसले पनि एफएम रेडियोको भौगोलिक वितरणमा केही प्रभाव पारेको उनको तर्क छ ।

**तालिका १.६: जिल्लागत आधारमा रेडियो स्टेसनको सङ्ख्या र प्रकृति**

| जिल्ला | सामुदायिक रेडियो | व्यापारिक रेडियो | कुल |
|---|---|---|---|
| झापा | – | १ | १ |
| मोरङ | – | ३ | ३ |
| सुनसरी | – | १ | १ |
| धनकुटा | – | २ | २ |
| सोलुखुम्बु | १ | – | १ |
| पर्सा | – | १ | १ |
| मकवानपुर | १ | ३ | ४ |
| चितवन | – | २ | २ |
| काठमाडौँ | १ | ९ | १० |
| ललितपुर | २ | २ | ४ |
| भक्तपुर | – | १ | १ |
| नवलपरासी | १ | – | १ |
| रुपन्देही | २ | २ | ४ |
| पाल्पा | २ | २ | ४ |
| कास्की | १ | ४ | ५ |
| बाग्लुङ | – | २ | २ |
| दाङ | २ | – | २ |
| बाँके | २ | १ | ३ |
| सुर्खेत | २ | – | २ |
| जुम्ला | १ | – | १ |
| कैलाली | १ | – | १ |
| बझाङ | १ | – | १ |
| **कुल** | **२०** | **३६** | **५६** |

स्रोत: रेडियो (२०६०क: ४-५) ।

अधिराज्यका २२ ओटा जिल्लाबाट रेडियो प्रसारण हुने भएपछि (यद्यपि इजाजत पाएकामध्ये केहीले प्रसारण सुरु गर्न बाँकी नै छ) नेपालको कुलमध्ये ६५ देखि

[१९] सामुदायिक रेडियो सहयोग केन्द्र र यसका गतिविधिबारे विस्तृत जानकारी यसै लेखको पछिल्लो खण्डमा गराइएको छ ।

७० प्रतिशत जनसङ्ख्याबीच एफएम रेडियो पुगेको अनुमान छ (मैनाली सन् २००५, रेडियो २०६०क) ।[२०]

## प्रसारणको स्थिति

प्रसारणका लागि इजाजत पाएका ५६ ओटामध्ये २०६२ कात्तिकसम्ममा ४९ ओटा एफएम रेडियोहरू सञ्चालनमा आइसकेका छन् ।[२१] ललितपुर जिल्लामा प्रसारण गर्ने इजाजत पाएको क्लासिक एफएमले पछिल्लोपटक २०६२ साउन २४ गतेदेखि प्रसारण थालेपछि प्रसारण हुने स्टेसनको सङ्ख्या ४९ पुगेको हो । यद्यपि इजाजत प्राप्त ती ४९ ओटाबाहेक सरकारी स्वामित्वको राष्ट्रिय प्रसारण संस्था रेडियो नेपालले १०३ मेगाहर्जमा पनि एक रेडियो सञ्चालन गरेको छ, जसको लागि इजाजत लिएको छैन ।[२२] उक्त फ्रिक्वेन्सी लण्डनमा मुख्य कार्यालय रहेको बीबीसी वर्ल्ड सर्भिसलाई तीन वर्षे सम्झौताअन्तर्गत रेडियो नेपालले भाडामा दिएको छ । बीबीसीले १०३ मेगाहर्जमा आफ्नो प्रसारण २०६१ कात्तिक २० गतेदेखि सुरु गरेको हो । यो दैनिक २४ सै घण्टा प्रसारण हुँदै आएको छ (कान्तिपुर २०६१, भट्ट २०६१: १२८) ।[२३]

अर्कातिर सशस्त्र विद्रोहमा लागेको पार्टी– नेकपा (माओवादी) ले पनि एफएम ब्याण्डमा नेपालका विभिन्न क्षेत्रबाट पाँचओटा रेडियो स्टेसन सञ्चालन गर्दै आएको छ (मैनाली सन् २००५) । माओवादीद्वारा 'रेडियो जनगणतन्त्र नेपाल' का नाममा

---

[२०] सामुदायिक रेडियो सहयोग केन्द्र, नेवापसका संयोजक रघु मैनालीसँग २०६२ साउन ३२ मा गरिएको कुराकानीअनुसार हरेक स्टेसनको लक्षित प्रसारण पहुँचका आधारमा यो तथ्याङ्क निकालिएको हो ।

[२१] २०६१ को भदौ असोजदेखि नै प्रसारण सुरु गरिसकेको कैलाली जिल्लास्थित घोडाघोडी एफएम भने विद्रोही नेकपा (माओवादी) ले २०६२ जेठमा ट्रान्समिटरलगायत मुख्य उपकरणहरू खोसेर लगेका कारण बन्द छ । त्यस्तै २०५७ साउन ३१ देखि प्रसारण सुरु गरी उपत्यकाबाहिरको पहिलो व्यापारिक रेडियो हुन पुगेको हेटौँडाको मनकामना एफएम पनि २०६२ साउनदेखि सञ्चालकहरूबीच उत्पन्न विवादले गर्दा बन्द भएको छ । यी दुवै स्टेसन २०६२ कात्तिकसम्म पनि पुनः सञ्चालन हुन नसकेका कारण यस अवधिमा प्रसारित रेडियोको सङ्ख्या ४७ हुन पुगेको छ ।

[२२] हुन त उपत्यकाबाहिरका विभिन्न स्थानहरू, जहाँ रेडियो नेपालको राष्ट्रिय प्रसारण स्पष्ट सुन्न सकिन्न, त्यहाँ पनि रेडियो नेपालले विभिन्न ब्याण्डमा एफएममार्फत राष्ट्रिय प्रसारणलाई रिले गर्ने गरेको छ । रघु मैनाली र रेडियो नेपालका प्राविधिज्ञ रामशरण कार्कीका अनुसार राष्ट्रिय प्रसारण रिले गर्नका लागि रेडियो नेपालले इजाजत लिन नपर्ने व्यवस्था श्री ५ को सरकारले गरेको छ । जबकि १०३ मेगाहर्ज भने उक्त प्रयोजनमा नलगाई अन्य प्रसारण संस्थालाई भाडामा दिने काम गरिएकाले यो वैधानिक छैन भन्ने भनाइ रघु मैनालीको छ ।

[२३] २०६१ माघ १९ को शाही कदमपछि यो सेवालाई पनि एक प्रकारले घाइते तुल्याइएको छ । त्यसमा घण्टा घण्टामा समाचार हेडलाइन (१५ मिनेट अवधिको) प्रसारण हुने गरेको छ । नेपालको सरकारले भने उक्त हेड लाइन प्रसारणमा रोक लगाएको छ र त्यस अवधिमा यो सेवामा नेपालस्थित स्टुडियोबाट सङ्गीत हालिन्छ । यसले गर्दा बीबीसी वर्ल्ड सर्भिसले भाडामा लिएकोमध्ये एक चौथाई समय निरर्थक हुन पुगेको छ ।

सञ्चालन गरिने त्यस्ता रेडियो पश्चिम नेपालमा मात्र तीनओटा रहेका छन् भने पूर्वी भेग र काठमाडौं उपत्यकाका लागि पनि एक-एक स्टेसन सञ्चालन गरेको जनाइएको छ (थापा २०६०, केसी २०६०, केसी २०६१, बोहरा २०६१)। माओवादीद्वारा सञ्चालित यस्ता रेडियोहरू भने सुरक्षाका कारणले घुम्ती रेडियोको रूपमा एक ठाउँबाट अर्को ठाउँमा सारिरहन मिल्ने किसिमका छन्। तसर्थ एकै स्थानमा पनि यस्ता रेडियो कहिले सुन्न सकिने र कहिले सुन्न नसकिने हुन्छन् (बोहरा २०६१, भाट २०६२)। यता राज्य पक्ष भने पहिलेदेखि नै यस्ता रेडियोहरू निस्तेज पार्ने काममा लागेको छ। राज्यले त्यही मेगाहर्जमा विद्रोहीको भन्दा शक्तिशाली फ्रिक्वेन्सीमार्फत आफ्ना कार्यक्रम प्रसारण गर्ने वा त्यो प्रसारणलाई बाधा पुग्ने गरी ध्वनि प्रसारण गर्ने प्रविधि– 'जाम सिस्टम' लाई उपयोग गरेको पाइन्छ। त्यसैले काठमाडौंमा पहिलेपहिले माओवादीद्वारा सञ्चालित एफएम रेडियो सुनिने ९५.१ मेगाहर्जमा आजकल माओवादीको 'रेडियो जनगणतन्त्र नेपाल' सुन्न सकिन्न (भाट २०६०, भाट २०६२, जनआस्था २०६१)। बिनाइजाजत सञ्चालित यस्ता रेडियोहरूलाई पनि जोड्ने हो भने सञ्चालनमा आइसकेका एफएम रेडियोको सङ्ख्या ५५ पुग्न जान्छ।

जे होस्, इजाजत पाएकामध्ये सातओटा स्टेसनहरू अझै सञ्चालनमा आउन सकेका छैनन्। यसको प्रमुख कारणमा माघ १९ पछि रेडियोमाथि राज्यले गरेको प्रत्यक्ष हस्तक्षेप नै हो। 'मनोरञ्जनात्मक कार्यक्रम मात्र प्रसारण गर्नू' भनेर सरकारले निर्देशन दिएका कारण सञ्चालित रेडियोहरू आर्थिक रूपमा समेत धराशयी भएका छन्। त्यसले गर्दा सञ्चालनको सम्पूर्ण तयारी गरिसकेका कतिपय स्टेसन पनि 'पर्ख र हेर' को मनस्थितिमा छन्।[२४] कतिपय स्टेसनहरू भने सरकारले आवश्यक उपकरणहरू भित्रिन नदिएकाले सञ्चालनमा आउन सकेका छैनन् (मैनाली सन् २००५)। इजाजत पाएर पनि २०६२ कात्तिकसम्ममा सञ्चालनमा आउन नसकेका रेडियोहरूमा भेरी एफएम, बाँके (नेपालगञ्ज); कालीगण्डकी एफएम, बाग्लुङ; मिडिया करेन्ट, काठमाडौं; मिडिया करेन्ट, मोरङ; हेटौँडा एफएम, मकवानपुर; रेडियो बिन्ध्यबासिनी, मकवानपुर र बुलबुले एफएम, सुर्खेत हुन्।[२५]

[२४] मकवानपुर जिल्लास्थित हेटौँडा एफएमका एकजना सञ्चालक– उज्वल चौलागाईंसँग २०६२ वैशाख १६ गते गरिएको कुराकानीमा आधारित।

[२५] यो जानकारी कोमल भट्ट र कृष्ण अधिकारीको अप्रकाशित प्रतिवेदन (सन् २००५) का साथै रघु मैनालीसँगको कुराकानीमा आधारित छ। भट्ट र अधिकारीले सन् २००५ मा नेपाली मिडियाको स्थितिबारे अध्ययन गर्ने क्रममा सम्बन्धित प्रसारण संस्थासँग आबद्ध व्यक्तिसँग टेलिफोन कुराकानी गरी एफएम प्रसारण (सुरु गरेको मिति) बारे जानकारी लिएका थिए।

सातओटा एफएमले प्रसारण सुरु गर्न बाँकी रहे पनि इजाजत पाएका २२ ओटामध्ये सबै जिल्लामा एउटा न एउटा एफएमको प्रसारण सुरु भइसकेको छ । यद्यपि एउटामात्र एफएम रेडियो प्रसारण भइरहेको जिल्ला कैलालीको घोडाघोडी एफएम बन्द भएपछि रेडियो प्रसारण भइरहेको जिल्लाको सङ्ख्या २१ मा झर्न पुगेको छ ।

कुल २० ओटा सामुदायिक रेडियोले इजाजत पाएकोमा २ ओटा– भेरी एफएम र बुलबुले एफएममात्र सञ्चालनमा आउन बाँकी छन् । तसर्थ सञ्चालनमा आइसकेका ४९ ओटामध्ये ३१ ओटा रेडियो व्यापारिक र १८ ओटा सामुदायिक हुन् ।

## रेडियो स्वामित्वको स्वरूप

नेपालमा एफएम रेडियोहरूलाई इजाजत प्रदान गर्ने सवालमा सरकारी तवरबाट स्पष्ट वर्गीकरण नगरिएको विषयमा अघि नै चर्चा भइसक्यो । स्टेसनले नै आफ्नो उद्देश्य किटान गरेर आफूलाई सामुदायिक वा व्यापारिक रेडियो भनी दाबी गरेका छन् । उदाहरणका रूपमा कान्तिपुर एफएम, इमेज एफएम जस्ता केही स्टेसन श्रोतामाझ सेवा पुऱ्याउनुका साथै रेडियो प्रसारण गरी आर्थिक लाभ लिनका लागि यस क्षेत्रमा लागेका छन् र आफूलाई तिनले व्यापारिक रेडियो भनेका छन् । रेडियो सगरमाथा, मदन पोखरा एफएम आदि जस्ता केही एफएम भने नाफा आर्जन गर्ने नभई समुदायको सेवामा मात्र आफूलाई समर्पण गर्ने भन्दै स्थापना भएका छन् र आफूलाई सामुदायिक रेडियो भनी दाबी गरेका छन् । आफैले आफूलाई व्यापारिक र सामुदायिकमा विभाजित गर्नेबाहेक सरकारी तवरबाट व्यापारिक र सामुदायिकको भेदका लागि न कुनै मापदण्ड निर्धारण गरिएको छ न त तिनको उद्देश्य हेरेर प्रसारण इजाजतपत्र तथा सहुलियत र सुविधा वितरणको प्रक्रिया निर्धारण गरिएको छ ।

यो विषय अन्योल भएकै कारण एफएम रेडियोलाई व्यवस्थित गर्ने सम्बन्धमा सुझाव दिन गठित विभिन्न कार्यदलहरूले यसको स्पष्ट आधारमा वर्गीकरण गरिनु पर्ने सुझाव सरकारलाई दिएका छन् । प्रसारणको उद्देश्यका आधारमा सार्वजनिक, व्यापारिक, सामुदायिक, शैक्षिक, आदि प्रकृतिमा रेडियोको वर्गीकरण गरिनुपर्ने जस्ता सुझावहरू ती कार्यदलहरूले दिएको पाइन्छ । तर ती कार्यदलहरूले पनि सामुदायिक रेडियोलाई स्पष्टसँग परिभाषा गरिएको पाइन्न । के कस्तो स्वामित्व, प्रतिनिधित्व तथा कार्यक्रम भएको रेडियो स्टेसनलाई सामुदायिक रेडियो मान्ने भन्नेबारे ती कार्यदलका प्रतिवेदन मौन देखिन्छन् ।[२६]

---

[२६] कार्यदल र तिनले दिएका मुख्य सुझावहरूबारे थप चर्चा अध्याय ३ मा गरिएको छ ।

२०५९ सालमा प्रसारण क्षेत्रलाई व्यवस्थित गर्नका लागि ऐन तर्जुमा गर्ने चर्चा चलिरहेकै बेला नेपाल वातावरण पत्रकार समूहको अग्रसरतामा सामुदायिक प्रसारणसम्बन्धी एउटा ऐन तर्जुमा गरियो । 'सामुदायिक र गैरव्यापारिक प्रसारण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन' नाम दिइएको उक्त प्रस्तावित ऐन अधिवक्ता सतीशकृष्ण खरेलले तयार पारेका थिए (मैनाली २०५९ग) । नेपालका सामुदायिक प्रसारकहरूबाट सुझाव र सल्लाह लिई यसलाई अन्तिम रूप दिइएको थियो । यस प्रस्तावित ऐनमा भने रेडियो र टेलिभिजनसमेतलाई समेट्ने गरी गैर व्यापारिक र सामुदायिक प्रसारकलाई छुट्टाछुट्टै कोटिमा राखी परिभाषा गरिएको थियो । प्रस्तावित ऐनको दफा १३ मा गैर व्यापारिक प्रसारकअन्तर्गत स्थानीय निकाय, शिक्षण संस्था, सामाजिक सङ्घ संस्था, सहकारी संस्था, मुनाफाको उद्देश्य नराखेको कम्पनी आदिलाई लिइएको थियो । त्यस्तै दफा १४ मा सामुदायिक प्रसारण संस्थाको इजाजत प्रक्रियाबारे उल्लेख थियो भने दफा १५ मा सामुदायिक प्रसारण संस्थाको संरचनात्मक व्यवस्थाबारे उल्लेख गरिएको थियो । यसअन्तर्गत सामुदायिक प्रसारण संस्थाको साधारण सभा, सञ्चालक समितिको गठन गर्दा ४० प्रतिशत महिलासहित सबै जातजाति, जनजाति र धर्मावलम्वीहरूको समानुपातिक प्रतिनिधित्व हुनुपर्ने व्यवस्था गरिएको थियो । सामुदायिक प्रसारण संस्था सञ्चालनको काममध्ये कम्तीमा ३० प्रतिशत काम निःशुल्क स्वयंसेवाको रूपमा गर्ने गरी स्वयंसेवक परिचालन गरिएको हुनुपर्ने प्रावधान पनि राखिएको थियो । यसका साथै गैर व्यापारिक तथा सामुदायिक प्रसारण संस्थालाई प्राप्त हुनुपर्ने छुट सुविधा, यस्ता प्रसारण संस्थाले लिनुपर्ने कार्यक्रम वा विज्ञापन प्रसारणसम्बन्धी नीतिलगायत अन्य थुप्रै कुराहरूबारे स्पष्ट पारिएको थियो । पहिलोपल्ट सामुदायिक वा गैर व्यापारिक प्रसारण संस्थाबारे स्पष्ट रूपले ऐनमा व्यवस्था गर्ने यो प्रयास यसप्रति सरकारी उदासीनताले गर्दा कार्यान्वयन हुन सकेन । तसर्थ प्रसारण संस्थाको वर्गीकरणसम्बन्धी अन्योल कायमै रहेको छ ।

प्रचलित यी दुई (सामुदायिक र व्यापारिक) वर्गीकरणभित्र पनि विभिन्न किसिमको लगानी वा स्वामित्वको स्वरूप देख्न सकिन्छ (हेर्नुहोस् तालिका १.७) । व्यापारिक उद्देश्यले सञ्चालित ३६ ओटा एफएम रेडियोमध्ये एउटा रेडियो (एफएम काठमाडौं १०० मेगाहर्ज) श्री ५ को सरकार (रेडियो प्रसार सेवा विकास समिति, रेडियो नेपाल) को स्वामित्वमा सञ्चालित छ, जुन भाडामा निजी क्षेत्रलाई दिने गरिएको छ (तर यसमा बिनाइजाजत १०३ मेगाहर्जमा सञ्चालित एफएम रेडियो प्रसारणलाई पारिएको छैन) । बाँकी ३५ ओटा एफएम रेडियोहरू प्राइभेट लिमिटेड कम्पनी मोडलमा चलेका छन् । अर्थात् व्यापारका अन्य क्षेत्रमा

जस्तै व्यापारिक हिसाबले नाफा आर्जन गर्ने एउटा अङ्गका रूपमा रेडियो सञ्चालन गरिएका छन् । यद्यपि व्यापारिक उद्देश्यसँगै केही सेवाभाव अवश्य नै गाँसिएको हुन्छ । आम सञ्चारकै क्षेत्रमा लामो समयदेखि व्यवसाय गर्दै आएको कान्तिपुर पब्लिकेशन्सदेखि सरकारी स्वामित्वको रेडियो नेपाल तथा अन्य खालका व्यवसायमा हात हालिसकेका तथा हालिरहेका उद्यमी, वा एकमात्र व्यवसायका रूपमा रेडियो सञ्चालनमा मात्र लाग्न चाहनेहरू पनि रेडियो स्टेसनका स्वामी रहेका देखिन्छन् ।

सामुदायिक रेडियोको स्वामित्वलाई हेर्ने हो भने तीनओटा प्रकृतिका संस्था वा समूहहरू रेडियो प्रसारणमा संलग्न रहेका देखिन्छन् । ती हुन्– श्री ५ को सरकारको स्थानीय निकाय, सहकारी संस्था र गैर सरकारी संस्था (एनजीओ) । इजाजत प्राप्त कुल २० ओटामध्ये श्री ५ को सरकारको स्थानीय निकायद्वारा सञ्चालित दुईओटा रेडियो छन् । काठमाडौँ महानगरपालिकाद्वारा सञ्चालित मेट्रो एफएम तथा पाल्पाको मदनपोखरा गाउँ विकास समितिद्वारा सञ्चालित रेडियो मदन पोखरा यसमा पर्दछन् । यी दुवै सञ्चालनमा आइसकेका छन् । त्यस्तै सहकारी सङ्घ संस्थाहरूद्वारा सञ्चालित एफएम रेडियो छओटा छन् । यसले नेपालमा विगत केही वर्षदेखि व्यापक बन्दै गरेको सहकारी आन्दोलनले रेडियो प्रसारणमा पनि गति लिने सङ्केत देखाएको छ । सहकारी संस्थाहरूद्वारा सञ्चालित रेडियो स्टेसनहरू विजय एफएम, नवलपरासी; रेडियो लुम्बिनी, रुपेन्देही; रेडियो पालुङ, मकवानपुर; रेडियो भेरी, सुर्खेत; मुक्तिनाथ एफएम, पाल्पा र हिमचुली एफएम, कास्की हुन् । यी सबै सञ्चालनमा आइसकेका छन् । बाँकी १२ ओटा सामुदायिक रेडियोहरू भने विभिन्न एनजीओद्वारा सञ्चालित छन् । त्यस्ता एनजीओहरूमा वातावरणका क्षेत्रमा काम गर्न खुलेका संस्थाहरू– नेपाल वातावरण पत्रकार समूह, काठमाडौँ; वातावरण बचाउ आन्दोलन, रुपन्देही तथा युवा जागरण पर्यावरणीय मञ्च, ललितपुर– देखि पत्रकारिता क्षेत्रमा काम गर्दै आएको नेपाल प्रेस इन्स्टिच्यूट, पनि छन् । त्यस्तै सोलुखुम्बु जिल्लास्थित स्थानीय सामाजिक संस्था योङ्ग स्टार क्लबदेखि अनुसन्धानमूलक संस्थाहरू मानवतावाद र जयपृथ्वी अनुसन्धान प्रतिष्ठान तथा कर्णाली एकिकृत ग्रामीण विकास तथा अनुसन्धान केन्द्र जस्ता संस्थाहरू पनि एफएम रेडियो प्रसारणतर्फ तानिएका छन् । अन्य एनजीओहरूमा कमैयाको क्षेत्रमा काम गर्दै आएको ब्याकवार्ड सोसाइटी एजुकेसन (बेस), कैलाली; बुलबुले सञ्चार केन्द्र, सुर्खेत; स्वर्गद्वारी सञ्चार केन्द्र, दाङ; राप्ती सञ्चार सेवा, दाङ; सामाजिक विकासका लागि समूह/नेपाल, बझाङ छन् ।

**तालिका १.७: रेडियो स्वामित्वको प्रकार र तिनको सङ्ख्या**

| **क्र.सं.** | **रेडियो स्वामित्वको प्रकार** | **स्टेसन सङ्ख्या** |
|---|---|---|
| १. | श्री ५ को सरकार | १ |
| २. | प्राइभेट लिमिटेड कम्पनी | ३५ |
| ३. | स्थानीय निकाय | २ |
| ४. | सहकारी संस्था | ६ |
| ५. | गैर सरकारी संस्था (एनजीओ) | १२ |
| | **कुल** | **५६** |

स्रोतः विष्ट (२०६१: १४)।

खास गरी समाजमा आफूले गर्दै आएका कामहरूलाई केन्द्रित गर्दै तिनै कार्यहरूमध्ये आ-आफ्नै विषयमा जनचेतना अभिवृद्धि गर्ने प्रमुख उद्देश्य पूरा गर्न रेडियो प्रसारणलाई यस्ता सङ्घ संस्थाहरूले उपयोग गरेका छन्। आफैले एफएम रेडियो सुरु गर्नु अगाडि पनि यीमध्ये कतिपय संस्थाहरू जस्तैः नेपाल वातावरण पत्रकार समूह, व्याकवार्ड सोसाइटी एजुकेशन (बेस), मानवतावाद र जयपृथ्वी अनुसन्धान प्रतिष्ठान आदिले रेडियो नेपालको राष्ट्रिय तथा क्षेत्रीय प्रसारणसँग समय खरिद गरेर आ-आफ्ना कार्यक्रम सञ्चालन गरेका थिए (हुमागाईं २०६१क)। तसर्थ आफ्नो अभियानलाई अझ व्यापक बनाउन यस्ता संस्थाहरूले एफएम रेडियोको पनि उपयोग गर्न थालेको कुरा स्पष्ट छ। स्थानीय निकाय, सहकारी संस्था, एनजीओहरूले एफएम प्रसारणमा हात हाले पनि शैक्षिक संस्थाहरू– स्कूल, क्याम्पस वा विश्वविद्यालयहरू– भने अगाडि आउन सकेको पाइँदैन। २०५९ सालको अन्ततिर काठमाडौँस्थित रत्नराज्यलक्ष्मी क्याम्पसले एफएम रेडियो सञ्चालन गर्ने समाचारले पत्रपत्रिकामा ठाउँ पाएको थियो (नेपाल समाचारपत्र २०५९क, विश्वदीप २०५९)। तर त्यसले मूर्त रूप लिन सकेन। अन्य प्राविधिक तयारी पूरा भए पनि सञ्चालनका लागि आवश्यक पहल तथा बजेटको अभावका कारण सो एफएम रेडियो सञ्चालन हुन नसकेको रत्नराज्यलक्ष्मी क्याम्पस, पत्रकारिता विभागसम्बद्ध श्रीराम पौडेलको भनाइ छ।

विभिन्न प्रकृतिका नाफा नकमाउने उद्देश्यले सञ्चालित संस्थाहरू रेडियो सञ्चालनमा सरिक हुँदै आएका छन्। तर श्री ५ को सरकारले गैर नाफामुखी रेडियो स्टेसनलाई पनि शुल्क लगाउने र सहुलियत दिने सवालमा व्यापारिक रेडियोसरह व्यवहार गरेको छ। सरकारलाई बुझाउनुपर्ने चर्को शुल्क र रोयल्टी तथा आफैले व्यहोर्नुपर्ने सञ्चालन खर्चका कारण अर्थोपार्जनको दबाब एकातिर छ भने सामुदायिक भएकै कारण बोक्नुपर्ने सामाजिक तथा नैतिक दायित्व अर्कातिर छ। व्यापारिक रेडियोले जसरी व्यापारमुखी भएर कार्यक्रम र विज्ञापन

प्रसारण गर्दछन्, आफूलाई सामुदायिक भनिसकेपछि यस्ता रेडियोले चाहिँ ती पक्षहरूमा धेरै विचार पुऱ्याउनुपर्ने हुन्छ। त्यसबाहेक आ-आफ्ना संस्थागत संरचना र उद्देश्यले पनि स्टेसनका सीमा निर्धारण गरिदिएको हुन्छ।

समाजका बहुसङ्ख्यक श्रोताहरूले चाहेको कुरा पस्किँदै त्यही आधारमा विज्ञापनदाताबाट विज्ञापन असुल्ने उद्देश्य व्यापारिक रेडियोले बोक्नु स्वाभाविक हुन सक्छ। श्रोताले के चाहेको छ भन्दा पनि समाजको आवश्यकतातर्फ चाहिँ सामुदायिक रेडियोले जोड दिनुपर्ने हुन्छ। किनकि श्रोताले चाहना गरेको सबै कुरा आवश्यक र जायज नहुन सक्छन्। यस्ता कुराले सामुदायिक र व्यापारिक रेडियोले पस्किने विषय वा सामग्रीमा अन्तर ल्याइदिन्छ। त्यसैले त कान्तिपुर, हिट्स वा इमेज एफएम तथा रेडियो सगरमाथा, स्वर्गद्वारी वा मदन पोखरा एफएमबाट बज्ने सामग्रीमा केही न केही फरक हुन्छ। यद्यपि अर्थोपार्जन गर्नुपर्ने दबाब तथा स्टेसनको पनि स्पष्ट आन्तरिक नीतिको अभावले गर्दा सामुदायिक भनिएका रेडियोले पनि आफूलाई व्यापारिक रेडियोको तुलनामा त्यति धेरै भिन्न देखाउन सकेको पाइँदैन।

## प्रसारक सङ्घ-सङ्गठन

नेपाल अधिराज्यको संविधान २०४७ ले सङ्घ-सङ्गठन खोल्न पाउने हकलाई ग्यारेण्टी गरेको छ। उक्त हकको उपयोग गर्दै पेशागत अथवा वर्गीय हकहितका लागि पनि सङ्घ सङ्गठनहरू खोल्ने गरेको पाइन्छ। जब नेपालमा एफएम रेडियोको प्रसारण उल्लेख्य रूपले बिस्तार हुन थाल्यो, यसका प्रसारकहरूले पनि सङ्गठन आवश्यक देखे। समान विचार र उद्देश्य हुनेहरू आफ्ना हकहित र अधिकारको रक्षार्थ लड्नका लागि एक हुनुपर्ने आवश्यकता बोध भयो। त्यही पृष्ठभूमिमा रेडियो प्रसारक संस्थाहरू सङ्घको निर्माण गर्न पुगे। सर्वप्रथम देशभरिका सामुदायिक रेडियो प्रसारकहरू मिलेर सामुदायिक रेडियो प्रसारक सङ्घ गठन गरे। त्यसपछि व्यापारिक रेडियो प्रसारकहरू मिलेर ब्रोडकास्टिङ एसोसिएसन अफ नेपाल (ब्यान) गठन गरे भने पछिल्लोपल्ट काठमाडौँ उपत्यकाभित्रका प्रसारकहरूलाई समेटेर काठमाडौँ उपत्यका एफएम प्रसारक मञ्च पनि स्थापना भइसकेको छ। आ-आफ्नै विधान भएका यी सङ्घहरू सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा विधिवत दर्ता पनि भइसकेका छन्। तिनको परिचय र उद्देश्यबारे छोटकरीमा यहाँ चर्चा गरिन्छ।

***सामुदायिक रेडियो प्रसारक सङ्घ:*** नेपाल वातावरण पत्रकार समूह, सामुदायिक रेडियो सहयोग केन्द्रद्वारा २०५७ चैत ८ र ९ गते बुटवलमा एउटा अन्तर्क्रिया आयोजना गरिएको थियो। 'समाज परिवर्तनका लागि सामुदायिक रेडियो' विषयक

उक्त अन्तर्क्रियामा सहभागीहरूको निर्णयद्वारा सामुदायिक रेडियो प्रसारक सङ्घको स्थापना गरिएको थियो (घिमिरे र लुइँटेल २०५८ः ४९-५०, रेडियो २०५८कः २) । साथै सङ्घको विधान तयार पार्ने, त्यसलाई संस्थापक सदस्यहरूको राय लिई अन्तिम रूप दिएर सङ्घलाई दर्ता गर्ने र दर्ता भएको छ महिनाभित्रमा साधारण सभा गराउने जिम्मेवारी दिँदै सात सदस्य तदर्थ समिति पनि त्यसै बेला गठन गरियो । सङ्घको अध्यक्षमा सामुदायिक रेडियो सहयोग केन्द्रका संयोजक रघु मैनाली चुनिए । सङ्घका संस्थापक सदस्यहरूको सङ्ख्या १४ थियो ।[२७] २०५९ साउन २८ गते जिल्ला प्रशासन कार्यालय ललितपुरमा दर्ता गरिएको उक्त सामुदायिक रेडियो प्रसारक सङ्घको विधानमा उल्लेख भएअनुसार यसका उद्देश्यहरू निम्न छन्–

- सामुदायिक तथा स्थानीय रेडियो आन्दोलनलाई सङ्गठित गर्दै प्रसारकहरूको पेशागत हकहितको संरक्षण तथा सम्बर्द्धन गर्ने,
- सञ्चारको माध्यमबाट प्रजातान्त्रिक संस्कारको विकास गराउने,
- प्रसारकहरूबीच अनुभवको आदान-प्रदान गराउने,
- प्रसारणको माध्यमबाट सांस्कृतिक सम्पदाको संरक्षण गर्दै जनजाति र भाषाभाषीबीच सद्भाव अभिवृद्धि गर्ने,
- सम्बन्धित क्षेत्रमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्बन्धको बिस्तार गर्ने,
- नेपाली सामुदायिक रेडियो अभियानलाई परिभाषित गर्दै प्रसारकहरूलाई समाजप्रति बढीभन्दा बढी उत्तरदायी बनाउने,
- सरकार र (सामुदायिक) रेडियो प्रसारकहरूको बीचमा (सेतु) पुलको काम गर्ने,
- नेपाल अधिराज्यको संविधानले प्रदान गरेको नागरिकहरूको सूचित हुने अधिकार र अभिव्यक्तिको स्वतन्त्रताको अत्यधिक प्रत्याभूतिका लागि सदस्यहरूलाई प्रेरित गर्ने, र
- संस्थाको क्रियाकलापलाई यथासम्भव र उचित मात्रामा सार्वजनिकीकरण गर्ने (सामुदायिक रेडियो प्रसारक सङ्घ २०५८ः २, रेडियो २०५९ङः ६) ।

दर्ता भएको करिब डेढ वर्षपछि २०६० माघमा मात्र यस सङ्घको प्रथम राष्ट्रिय अधिवेशन भएको थियो (रेडियो २०६०खः ७) । उक्त अधिवेशनले रघु मैनालीकै

---

[२७] सङ्घका सदस्यहरूमा हरेक स्टेसनबाट एक-एक जना तथा सामुदायिक रेडियोको विकास र बिस्तारमा प्रत्यक्ष लागिपरेका र यस्ता रेडियो स्थापना गर्न इच्छुक सङ्घ संस्थाका प्रतिनिधिहरू पनि राखिएका थिए । साथै त्यस बेला दुईओटा व्यापारिक रेडियोहरू कोशी एफएम तथा मनकामना एफएमलाई पनि उक्त सङ्घमा सामेल गरिएको थियो । खास गरी प्रसारक सङ्घ दर्ता गराउनका लागि कम्तीमा सातओटा स्टेसन हुनुपर्ने र त्यति बेला इजाजत पाएका सामुदायिक रेडियो स्टेसनको सङ्ख्या पाँच मात्र भएकाले केही समयका लागि त्यसरी पनि काम चलाइएको रघु मैनालीको भनाइ छ ।

अध्यक्षतामा ११ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको थियो जुन अद्यापि (२०६२ कात्तिकसम्म) कायमै छ । हाल यस सङ्घमा १९ ओटा सामुदायिक रेडियो स्टेसन आबद्ध छन् । इजाजत प्राप्त कुल २० मध्ये मेट्रो एफएम भने प्रत्यक्ष सरकारी लगानीमा सञ्चालित भएकाले यसमा समावेश नगराइएको रघु मैनालीको भनाइ छ ।

***ब्रोडकास्टिङ एसोसिएसन अफ नेपाल:*** सामुदायिक रेडियोहरूको सङ्घ गठन भएको करिब अढाई वर्षपछि व्यापारिक रेडियोका सञ्चालकहरूले पनि एउटा सङ्घको स्थापना गरे । 'ब्रोडकास्टिङ एसोसिएसन अफ नेपाल' (छोटकरीमा 'ब्यान') नाम दिइएको यो संस्था २०६० माघ ३ गतेका दिन जिल्ला प्रशासन कार्यालय, कास्कीमा दर्ता गरिएको थियो (रेडियो २०६०ग: ६) । खास गरी पाँच पाँचओटा एफएम एकै ठाउँमा थुप्रिएको सानो नगर पोखरामा अस्वस्थ किसिमको व्यापारिक प्रतिस्पर्धा हुन थाल्यो । त्यसको समाधानको उपाय खोज्दै जाँदा प्रसारकहरूका बीच भाइचाराको सम्बन्ध स्थापित गर्ने, अस्वस्थ प्रतिस्पर्धा र अभ्यासहरू रोक्न आचारसंहिता बनाउने र लागू गर्ने प्रारम्भिक उद्देश्यले नै यस्तो सङ्घको अवधारणा जन्मिएको यस सङ्घका अध्यक्ष शिवलाल मल्लको भनाइ छ ।[२८] अन्ततोगत्वा यो सङ्घ पोखराभित्र मात्र सीमित नभई देशव्यापी बन्न पुग्यो । स्थापना कालमा ११ ओटा स्टेसनहरू सदस्य रहेकोमा २०६२ कात्तिकसम्ममा कुल २१ ओटा स्टेसनहरू यसमा आवद्ध छन् । काठमाडौँ उपत्यकाभित्रका क्लासिक एफएम र नेपाल एफएमले मात्र यसको सदस्यता लिएका छन् । ब्रोडकास्टिङ एसोसिएसन अफ नेपालको विधानमा यसका उद्देश्य तथा कार्यहरूलाई निम्न बुँदामा स्पष्ट पारिएको छ–

– यस एसोसिएसनमा आवद्ध व्यवसायीहरूबीच एकता कायम गर्दै, एक आपसमा हस्तक्षेप नगरी व्यवसायीहरूको हित संरक्षण र सम्बर्द्धन गर्दै व्यवसायीहरूलाई प्रोत्साहित गरी उपभोक्ताहरूलाई सहुलियत दरमा रेडियो प्रसारण कार्यक्रम उपलब्ध गराउन सक्रिय रहने एसोसिएसनको मूल उद्देश्य हुनेछ,
– राष्ट्रिय एवं अन्तर्राष्ट्रिय संस्थाहरूसँग सम्पर्क स्थापना गरी कार्यक्रम प्रसारण गर्न नेपालको सन्दर्भमा एसोसिएसनमार्फत सम्झौता गरी वितरण प्रक्रियामा एकरूपता ल्याउन प्रयत्नशील रहने,

[२८] अध्यक्ष मल्लसँग मार्टिन चौतारीका शेखर पराजुली र कृष्ण अधिकारीले २०६१ चैत १५ मा पोखरामा गरेको कुराकानीमा आधारित ।

- राष्ट्रिय प्रसारण प्रणाली सन्दर्भमा सरकारी निकायलाई सुझाव दिने, राष्ट्रिय आयस्रोत वृद्धि गर्न सहयोग पुऱ्याउन पहल गर्ने, कोसिस गर्ने,
- व्यावसायिक हित र राज्यलाई सहयोग पुऱ्याउन उपयुक्त हुने अनुसन्धान कार्य लगायत राष्ट्रिय वा सामूहिक हितमा उचित ठानिएका कार्यहरू गर्न प्रयत्नशील रहने । एकले अरूलाई अतिक्रमण नगर्ने । सानो क्षेत्रमा संलग्न व्यवसायीहरूलाई प्रोत्साहन गर्ने । आफ्नो क्षेत्रभन्दा बाहिर रिपिटर टावर नराख्ने । समन्वयात्मक व्यावसायिक हितलाई प्रवर्द्धन गर्ने,
- सरकार, व्यवसायी, एसोसिएसन र उपभोक्ताबीच सुसम्बन्ध र सहयोग आदानप्रदान गर्ने र गर्न लगाउने,
- राष्ट्रिय, अन्तराष्ट्रिय एवं गैर सरकारी निकायसँग सहयोग लिई एसोसिएसनमार्फत सहयोग अभिवृद्धि गर्ने,
- एसोसिएसनको हित प्रवर्द्धन गर्न आवश्यक ठानिएका कार्यहरू गर्ने (ब्यान २०६०: २-३) ।

एसोसिएसनको प्रथम साधारण सभा २०६२ जेठ ११ र १२ मा काठमाडौँमा भएको थियो । साधारण सभाले अन्नपूर्ण एफएमका सञ्चालक शिवलाल मल्लको अध्यक्षतामा पाँच सदस्यीय कार्यसमिति चयन गरेको थियो ।

***काठमाडौँ उपत्यका एफएम प्रसारक मञ्च:*** काठमाडौँ उपत्यका एफएम प्रसारक मञ्च २०६१ जेठमा स्थापना भएको हो । नामले नै यो मञ्च काठमाडौँ उपत्यकाभित्रका रेडियो प्रसारकहरूको साझा सङ्गठन हो भन्ने स्पष्ट हुन्छ । राजधानीभित्रका रेडियो प्रसारकहरूको समस्या र चुनौतीहरू राजधानीबाहिरका स्टेसनहरूको भन्दा फरक किसिमका छन् र यसका लागि यहाँका प्रसारकहरू नै सङ्गठित रूपमा लाग्नुपर्ने भएकोले यसप्रकारको छुट्टै मञ्चको आवश्यकता भएको यसका अध्यक्ष भरत शाक्यको धारणा छ । खास गरी राजधानीभित्र रेडियो प्रसारकहरूको चाप बढ्दै गएको र बढ्दो प्रतिस्पर्धाको वातावरणमा एक अर्काबीच प्रतिस्पर्धाभन्दा सहकार्यमा तथा एक अर्काको सहयोगीको भूमिकामा जोड दिन यस्तो मञ्चको आवश्यकता रहेको शाक्यले इङ्गित गरेका थिए । तसर्थ अन्य दुई सङ्घको प्रतिस्पर्धीभन्दा पनि परिपूरकको रूपमा यसलाई हेरिनु पर्ने भरत शाक्य बताउँछन् । "ब्रोडकास्टिङ एसोसिएसन अफ नेपालले स्टेसनका लगानीकर्ताहरूलाई मात्र समेट्ने भएकाले रेडियोमा काम गर्ने पत्रकारहरूको समेत साझा मञ्च बनाउने उद्देश्यले पनि यो सङ्घ गठन गरिएको हो" शाक्यको थप कथन थियो ।[२९]

---

[२९] २०६२ जेठ १० गते गरिएको कुराकानीमा आधारित ।

हुन पनि शाक्यले भनेझैँ राजधानीका स्टेसनहरूबीच आइपरेको एक बेग्लै किसिमको चुनौतीसँग जुध्ने सिलसिलामा यो मञ्चको गठन भएको हो । २०६१ वैशाखमा नेपाली क्यासेट उत्पादक कम्पनीहरू तथा राजधानीका एफएम रेडियो प्रसारकहरूबीच विज्ञापन र रोयल्टीको विषयलाई लिएर मनमुटाव उत्पन्न भयो । क्यासेट कम्पनीहरूको साझा संस्था नेपाली सङ्गीत उद्यमी सङ्घ (नेमिया) का तर्फबाट विभिन्न सातओटा माग एफएम स्टेसनहरूसमक्ष राखेपछि यो विवाद उत्पन्न भएको थियो । ती मागहरू मुख्यतः गीत प्रसारण र रोयल्टीको विषयमा केन्द्रित थिए ।[३०] सुरुमा यो विवाद र मत मतान्तरको समाधानका लागि एफएम स्टेसनहरूले एउटा अनौपचारिक मोर्चामार्फत वार्ता छलफल आदि गरे । तर कुनै टुङ्गो लाग्न सकेन, बरु २०६१ जेठ १५ देखि आफ्नो सदस्य कम्पनीबाट उत्पादित कुनै पनि गीतहरू नबजाउन नेमियाले राजधानीका एफएम रेडियोहरूलाई चेतावनी दियो । विवाद झन्झन् बढ्दै गएपछि आफ्नो अडानमा अझ बल पुऱ्याउन सशक्त सङ्गठन नै आवश्यक देखेर यहाँका प्रसारकहरूले यो मञ्च गठन गरेका हुन् । पछि नेमिया आफैभित्रको मत विभाजन तथा एफएम प्रसारकहरूको सशक्त अडानका कारण आफ्नो अडानबाट पछि हट्न बाध्य भयो । यद्यपि उसले आफ्ना अधिकांश मागहरू पूरा भएकाले आफ्नो अडान फिर्ता लिएको जनायो (नाम नखुलेको २०६१) ।

मुख्यतः एउटा विवादको समाधानार्थ गठन गरिएको यो मञ्च २०६१ भदौ १ गते काठमाडौँ जिल्ला प्रशासन कार्यलयमा दर्ता हुन पुग्यो । काठमाडौँ उपत्यकाभित्रका १५ ओटा रेडियो स्टेसनमध्ये ११ ओटा स्टेसनहरू यसका सदस्य छन् । बाँकी चारओटामध्ये तीनओटा एफएम स्टेसनहरू सदस्य बन्ने प्रक्रियामा छन् भने मञ्चको सदस्य बन्न आफ्नै स्टेसन हुनुपर्ने वैधानिक प्रावधानले गर्दा रेडियो नेपालको एफएम प्रसारण भाडामा लिएर सञ्चालित स्टार एफएम पनि यसको सदस्य छैन । हरेक स्टेसनले आफ्ना तीन जना प्रतिनिधिलाई साधारण सदस्य बनाउन सक्ने प्रावधान छ । काठमाडौँ उपत्यका एफएम प्रसारक मञ्चको विधानमा यसको उद्देश्यलाई निम्न रूपले स्पष्ट परिएको छ–

- यो संस्था मुनाफारहित जनहितकारी संस्था हुनेछ,
- मञ्चमा आवद्ध संस्थाहरूबीच पेशागत एकताको वातावरण सिर्जना गर्ने,

---

[३०] ती मागहरू र यो विवादबारे थप जानकारीका लागि क्षेत्री (२०६१), दिनेश अधिकारी (२०६१) र नाम नखुलेको (२०६१) हेर्नुहोस् ।

- संस्थाहरूबीच रचनात्मक अनुभव आदान-प्रदान गर्ने,
- मञ्च र संस्थामा प्रतिकूल समस्या देखा परेमा साझा अवधारणा तयार गर्ने,
- मञ्च, संस्था र प्रसारकको हकहितका लागि कार्य गर्ने,
- प्रसारणसँग सम्बन्धित सरकारी तथा गैर सरकारी संस्थाहरू, व्यावसायीहरूसँग आवश्यक सम्पर्क र समन्वय कायम गर्ने,
- मञ्च र संस्थाका लागि आवश्यकताअनुरूप अन्तरक्रिया गोष्ठी, सभा आदि कार्यक्रमको आयोजना गर्ने (काठमाडौँ उपत्यका एफएम प्रसारक मञ्च २०६१: २) ।

विभिन्न उद्देश्यले रेडियो प्रसारकहरूको सङ्घ-सङ्गठनहरू स्थापना भए पनि एफएम रेडियो प्रसारणका क्षेत्रमा तिनले खास किसिमको उपलब्धिहरू भने हासिल गरेको देख्न पाइएको छैन । अर्थात् धेरैजसो समय यी सङ्घहरू निष्क्रिय नै रहेका देखिन्छन् । कुनै सङ्घले पनि आफ्नो छुट्टै व्यवस्थित कार्यालय स्थापना गरेको पाइँदैन । भौगोलिक हिसाबले पनि यसका सदस्यहरू कोही पूर्व र कोही पश्चिममा भएकोले भनेको बेलामा बैठक बस्न समस्या पर्ने त छँदैछ । आक्कल-झुक्कल वक्तव्य निकाल्ने तथा संयुक्त विज्ञप्तिहरू जारी गर्ने काम नै धेरै गरेको पाइन्छ । यद्यपि एफएम रेडियोसम्बन्धी नीति निर्माणमा कहिलेकाहीँ सरकारलाई घच्घच्याउने काममा पनि लागेको देखिन्छ । यसै सिलसिलामा सामुदायिक रेडियो प्रसारक सङ्घ र ब्रोडकास्टिङ एसोसिएसन अफ नेपालका तर्फबाट २०६१ जेठ २७ गते तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवालाई एक ज्ञापन पत्र बुझाइएको थियो (हेर्नुहोस् अनुसूची ३) । पत्रमा एफएम रेडियोको बिस्तारमा देखा परेका अवरोधहरू अवगत गराउँदै तिनलाई हटाएर एफएमसम्बन्धी छुट्टै उदार नीति माग गरिएको थियो । यसैका आधारमा एफएम प्रसारणसम्बन्धी नीति तर्जुमा गर्नका लागि सुझाव दिन भनी सरकारले एउटा कार्यदल गठन गरेको पनि थियो । सञ्चार मन्त्रालयका विशेष अधिकृत महेशप्रसाद अधिकारीको संयोजकत्वमा गठित उक्त कार्यदलमा तीनओटै प्रसारक सङ्घका प्रतिनिधिहरूलाई पनि समावेश गराइएको थियो । त्यस्तै २०६१ माघ १९ को शाही कदमपछि एफएम रेडियोमा देखा परेको सरकारी हस्तक्षेपविरुद्ध यी तीनैओटा सङ्घहरू एक भएर लडिरहेका छन् । तीनओटै सङ्घले एफएम रेडियोलाई समाचार प्रसारण गर्न छुट दिनुपर्ने भन्दै जेठको दोस्रो हप्तादेखि आन्दोलन सुरु गरेका थिए ।

## स्वतन्त्र कार्यक्रम उत्पादन गृह

जब नेपालमा श्रव्य प्रसारण माध्यमका रूपमा रेडियो नेपाल मात्र थियो, त्यति बेला रेडियो कार्यक्रम उत्पादनका लागि छुट्टै संस्थाहरू कल्पनामा पनि थिएनन् ।

भलै केही सरकारी वा गैर सरकारी सङ्घ संस्थाहरू, जो रेडियो नेपालमार्फत आफ्ना सन्देशहरू जनतामा पुऱ्याउन चाहन्थे, ले आफै कार्यक्रम उत्पादन गर्दै आएका थिए । शिक्षा, स्वास्थ्य, रक्षा, पर्यटन, महिला, खेलकुद, वातावरणसँग सम्बन्धित मन्त्रालय, विभाग वा त्यसअन्तर्गतका विभिन्न संस्थाहरूले कार्यक्रम उत्पादन गरी धेरै पहिलेदेखि रेडियो नेपालमार्फत प्रसारण गर्दै आएका थिए, केहीले अद्यापि जारी राखेका पनि छन् । प्रजातन्त्र पुनर्स्थापनापछि लिइएको उदार नीतिपछि धेरै गैर सरकारी सङ्घ संस्था र व्यापारिक कम्पनीहरूले पनि आ-आफ्ना रुचिका कार्यक्रमहरू उत्पादन गरी रेडियो नेपालमार्फत प्रसारण थाले (हुमागाईं २०६१क) । आफूसँग समय वा जनशक्ति नभएका संस्थाहरूमध्ये केहीले रेडियो नेपाल स्वयंलाई उत्पादन शुल्क पनि तिरेर उत्पादन गर्न लगाए । विज्ञापनसम्बन्धी कारोवार गर्दै आएका विज्ञापन एजेन्सीहरू- इको एड, क्लासिक एड, थम्सन नेपाल आदिले पनि अन्य सङ्घ संस्थाका लागि रेडियो कार्यक्रम बनाइदिन थाले । तिनले प्रायःजसो नेपाली उत्पादकहरूका लागि मनोरञ्जनात्मक (साङ्गीतिक) कार्यक्रमहरू उत्पादन गर्दै आएको पाइन्छ । अर्कातिर युनिसेफ जस्ता संस्थाहरूले भने रेडियो कार्यक्रमहरू सञ्चालन गर्ने सिलसिलामा नेपालस्थित विभिन्न गैर सरकारी संस्थाहरूसँग सहकार्य गर्ने गरेको पनि पाइन्छ । किशोर-किशोरी लक्षित कार्यक्रम *साथीसँग मनका कुरा* त्यसैको एउटा उदाहरण हो । स्थानीय गैर सरकारी संस्था 'अक्सिजन अनुसन्धान तथा विकास मञ्च' सँग पनि उक्त कार्यक्रम उत्पादनका लागि युनिसेफले केही समय सहकार्य गरेको थियो (नेपाल र जोशी २०६१) ।

यस्ता अभ्यासहरू चल्दै गरेका बेला रेडियो कार्यक्रम उत्पादन गरी विक्री/वितरण गर्ने प्रमुख उद्देश्य लिएर पनि सङ्घ संस्थाहरू खुल्न थालेका पाइन्छन् । बिस्तार हुँदै गएका एफएम रेडियोहरू नै आफूले उत्पादन गरेका कार्यक्रमहरूको बजार हुन् भन्ने बुझेपछि यी संस्थाहरू अस्तित्वमा आएका हुन् । केही वर्षदेखि काठमाडौँ उपत्यकाभित्र मात्र मुख्यतया तीनओटा यस्ता संस्थाहरू अस्तित्वमा आइसकेका छन्– कम्युनिकेसन कर्नर, इक्वेल एक्सेस र एन्टेना फाउण्डेसन नेपाल । उपत्यकाबाहिरका केही सहरमा पनि यस्ता कार्यक्रम उत्पादन गृहहरू धमाधम सुरु हुँदै छन् । जसमध्ये पोखरा (कास्की) मा तीनओटा, पाल्पामा एउटा र नेपालगञ्ज (बाँके) मा एउटा स्थापना भइसकेको छ भने बुटवल (रुपन्देहीमा) एउटा संस्था स्थापना हुने क्रममा छ ।[३१] काठमाडौँ उपत्यकाभित्र

[३१] २०६२ साउन २७ मा मार्टिन चौतारीमा आयोजित 'रेडियो कार्यक्रम उत्पादनमा तेस्रो पक्षको संलग्नता' विषयक छलफलमा मधु आचार्यद्वारा दिइएको जानकारी ।

स्थापना भए पनि कम्युनिकेसन कर्नर, एन्टेना फाउण्डेसन नेपाल तथा इक्वेल एक्सेसजस्ता संस्थाहरूले आफ्नो प्रमुख लक्षित क्षेत्र भने उपत्यकाबाहिरको भू-भागलाई बनाएका छन् । यी संस्थाहरूबाट उत्पादित प्रायः कार्यक्रमहरू रेडियो नेपाललगायत उपत्यकाबाहिरका एफएम रेडियोहरूमा नै बजेका पाइन्छन् ।

***कम्युनिकेसन कर्नरः*** निजी लगानीमा आधारित यो संस्थाको स्थापना २०५५ सालमा भएको हो । रेडियो नेपालमा २०५४ सालमा सात महिना *खोज खबर*[३२] सञ्चालन गरेर लोकप्रियता कमाएपछि हौसिएका पत्रकारहरूको अग्रसरतामा यो संस्था खुलेको हो । यस्तै सूचना र विकासमूलक कार्यक्रमको निर्माण र वितरण गर्ने उद्देश्य लिएर । गोपाल गुरागाईं कार्यकारी निर्देशक रहेको यस संस्थाका संस्थापक सञ्चालकहरूमा उनीसहित मण्टेश्वरी राजभण्डारी, मुकुन्द श्रेष्ठ, हेमलता राई र कृष्ण श्रेष्ठ गरी पाँच जना थिए । कृष्ण श्रेष्ठले छाडेपछि त्यो समूह चार जनामा झरेको छ। २०६२ जेठ १३ गते सरकारले 'अवैधानिक तवरले सञ्चालन गरेको' भन्दै हचुवा आरोप लगाएर बन्द गर्ने आदेश पनि दिएको थियो । तर यो संस्था २०५५ वैशाख १६ मै कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको थियो । त्यसपछि २०५५ जेठ ७ गते घरेलु तथा साना उद्योग कार्यालयमा पनि दर्ता भयो । यसका अतिरिक्त कर्नरले २०६० मङ्सिर २ गते सूचना तथा सञ्चार मन्त्रालयबाट रेडियो यन्त्र विक्री वितरण गर्न इजाजत पनि प्राप्त गरेको थियो । यसका आधारमा स्याटेलाइट उपकरणहरू विदेशबाट मगाई देशका विभिन्न १२ ओटा स्टेसनहरूमा विक्री वितरण गरेको छ । र, त्यही स्याटेलाइट रिसिभरका माध्यमले ती स्टेसनहरूले कर्नरले काठमाडौंमा उत्पादन गरेर पठाएका सूचना तथा समाचारमूलक कार्यक्रमहरू प्राप्त गरी एकसाथ सीधै प्रसारण गर्ने गरेका छन् । स्याटेलाइट अडियो च्यानलबाट कार्यक्रम वितरण गर्न थालिएको २०६० माघ १२ गतेदेखि हो । त्यसअघि पनि यसका कार्यक्रमहरू ती एफएमहरूबाट बज्दथे तर कहिले स्थल र हवाइ यातायातबाट त कहिले टेलिफोनबाट वितरण गर्नु पर्दथ्यो । त्यसले गर्दा कार्यक्रम एकसाथ बज्न पाउँदैनथ्यो भने आवाजको गुणस्तर पनि कमजोर थियो ।

मिडिया अनुसन्धान, प्रशिक्षण र रेडियो तथा अडियो कार्यक्रम उत्पादन र वितरण नै यो संस्थाको प्रमुख क्रियाकलाप हो । ती क्रियाकलापहरू निम्न उद्देश्यअन्तर्गत सञ्चालित छन्–

---

[३२] यो कार्यक्रमबारे विस्तृत जानकारीका लागि हुमागाईं (२०६०) हेर्नुहोस् ।

– प्रभावकारी सञ्चारद्वारा राष्ट्रिय विकासबारे नीति निर्माता र समुदायबीच बहस तथा छलफल चलाउन प्रेरित गर्नु,
– समुदायलाई विकास तथा राष्ट्रिय महत्त्वका नीति निर्माण विषयमा आफ्ना धारणा प्रकट गर्न सहयोग गर्नु,
– मूलधारका, आमसञ्चारमा वैकल्पिक धारणालाई प्रोत्साहित गर्नु ताकि तिनीहरू समुदायको रुचि र आवश्यकताप्रति उत्तरदायी बनून्,
– समुदायद्वारा व्यवस्थित वैकल्पिक आमसञ्चारको स्थापना, विकास र दिगोपनमा सहयोग गर्नु,
– अनुसन्धान र सर्वेक्षणको माध्यमद्वारा नीति निर्माता तथा नीति कार्यान्वयन गर्ने संस्थाहरूलाई सहयोग गर्नु (कम्युनिकेसन कर्नर मिति नखुलेको)।

कम्युनिकेसन कर्नरले समुदायलाई नै आफ्नो गतिविधिको केन्द्र विन्दुमा राख्दै अगाडि बढ्ने उद्देश्य लिएको देखिन्छ । स्थापना कालका यिनै उद्देश्यकै आधारमा आफ्ना सम्पूर्ण क्रियाकलाप केन्द्रित गर्दै आएको पनि छ । त्यसमा पनि विकासमूलक र शिक्षामूलक रेडियो कार्यक्रम उत्पादनमा जोड दिँदै आएको यस संस्थाद्वारा उत्पादित पहिलो कार्यक्रम *हाकाहाकी* रेडियो पत्रिका हो । *खोज खबर*मा जस्तै विकासमूलक गतिविधिसम्बन्धी समाचार, रेडियो रिपोर्ट आदि समेटिने यो कार्यक्रम २०५५ माघदेखि सुरु गरिएको थियो ।[३३] रेडियो नेपाल लगायत देशका केही एफएम स्टेसनहरूबाट यसको प्रसारण हुन्थ्यो । तर २०५९ असारदेखि यो कार्यक्रम बन्द हुन पुग्यो । *हाकाहाकी* पछि *कायाकैरन* कार्यक्रम सञ्चालन गरियो । २०५७ भदौ ७ गतेदेखि सञ्चालित यो कार्यक्रममा सुरुका ११६ भाग (२०५८ जेठ १२ सम्म) विकासमूलक सामग्रीहरू मात्र राखी *हाकाहाकी* र *खोज खबर* जस्तै शैलीमा प्रसारण गरियो । त्यसपछि भने राष्ट्रिय राजनीतिक गतिविधि पनि समेट्ने उद्देश्यले राजधानीबाट प्रकाशित मूलधारका दैनिक र साप्ताहिक पत्रपत्रिकामा प्रकाशित समाचारहरू समेत समावेश गर्न थालियो । सुरुमा उपत्यकाबाहिरका तीनओटा स्टेसनहरू– मकवानपुरको मनकामना एफएम, पाल्पाको मदनपोखरा एफएम र रुपन्देहीको रेडियो लुम्बिनीबाट मात्र बज्ने यो कार्यक्रमको माग अन्य स्टेसनले पनि गर्न थाले । त्यस्तै समाचारमूलक कार्यक्रमको सङ्ख्या पनि थपियो, *नेपाल दर्पण, नेपाल खबर* र *राजधानी खबर* नामका । २०६१ माघ १९ मा बन्द गराइनु अघिसम्म *राजधानी खबर*बाहेक अरू तीनओटा समाचारमूलक कार्यक्रम देशभरका १४ ओटा एफएम स्टेसनबाट बज्ने गर्दथे । घण्टाघण्टामा प्रसारण हुने *राजधानी खबर* भने काठमाडौँस्थित नेपाल एफएमबाट मात्र बज्ने गर्दथ्यो ।

---

[३३] यो कार्यक्रमबारे थप जानकारीका लागि गुरागाईं (२०६१) हेर्नुहोस् ।

यी बाहेक कम्युनिकेसन कर्नरबाट अन्य आठओटा शिक्षा तथा विकासमूलक कार्यक्रमहरू पनि सञ्चालन भइसकेका छन् । तीमध्ये कतिपय विभिन्न दातृ संस्थाको सहयोगमा आफ्नै संलग्नतामा उत्पादन भएका छन् भने केही अन्य संस्थासँगको सहकार्यमा । ती आठओटा कार्यक्रमहरूमा युवावर्ग लक्षित कार्यक्रम *हाम्रो रिया क्लब,* हास्यव्यङ्ग्यमूलक कार्यक्रम *डामाडोल,* द्वन्द्वसम्बन्धी *आवाज,* महिला सशक्तीकरणको विषयलाई लिएर *बराबरी,* विकासमूलक खुला विषयमा आधारित *खोज खबर,*[३४] स्वास्थ्य (विशेष गरी एचआइभी/एड्स) सँग सम्बन्धित कार्यक्रम *कुरा खस्रा मीठा,* पुस्तक प्रकाशनसँग सम्बन्धित *रेडियोमा पुस्तक* र स्वास्थ्य तथा अध्यात्मसम्बन्धी *शुभवचन* पर्दछन् ।[३५] यीमध्ये २०६२ कात्तिकसम्म *शुभवचन, डामाडोल* र *हाम्रो रिया क्लब*बाहेक अरू बन्द भइसकेका छन् ।

पछिल्लो समयमा समसामयिक गतिविधिमूलक कार्यक्रमहरू– *कायाकैरन, नेपाल दर्पण* र *नेपाल खबर*बाट कम्युनिकेसन कर्नरले देशभर चर्चा पाउन सफल भएको थियो । माघ १९ पछि त्यस्ता कार्यक्रममाथि रोक लगाइयो । यद्यपि २०६२ जेठ १५ गतेदेखि साँझको *नेपाल दर्पण* तथा २०६२ साउन २७ गतेदेखि बिहानको *कायाकैरन* पनि सुरु गरिएको थियो । त्यस यता पनि सूचना तथा सञ्चार मन्त्रालयका विभिन्न निर्देशनको मारमा परेर बन्द हुने र फेरी अनुकूल परिस्थिति सृजना हुने बित्तिकै सुचारु हुने जारी नै छ ।

***एन्टेना फाउण्डेसन नेपालः*** एन्टेना फाउण्डेसन नेपाल एक गैर सरकारी संस्था हो । २०५९ साउनमा स्थापित यो संस्था पनि स्तरीय रेडियो कार्यक्रमको उत्पादन र वितरण गर्ने अभिप्राय लिएर गठन भएको हो । निजी रेडियो स्टेसनहरूको सङ्ख्या बढ्दै गएपछि स्तरीय खालका कार्यक्रमहरूको माग पनि बढ्दै जाने सम्भावना केही रेडियोकर्मीहरूले देखे । उनीहरूको अग्रसरतामा सुरुमा 'एन्टेना अडियो सोलुसन' भन्ने एउटा संस्था कम्पनीका रूपमा दर्ता भयो । संस्थापकहरू थिए- विगत केही वर्षदेखि छापा तथा रेडियो पत्रकारिता क्षेत्रमा काम गरिसकेका मधु आचार्य, मनिषा अर्याल, गङ्गा गुरुङ, हरिकला अधिकारी र सलिल सुवेदी । २०५८ सालमा कम्पनी रजिस्ट्रारको कार्यालयमा दर्ता भएको उक्त संस्था त्यही

---

[३४] रेडियो नेपालबाट पहिले (२०५४ सालमा) प्रसारण भई बन्द भएको *खोज खबर*कै शैलीको र कतिपय त्यसैमा बज्ने समसामयिक रिपोर्टहरूसमेत समावेश गरेर तयार पारिने गरिएको थियो ।

[३५] यी आठमध्ये दुई कार्यक्रम– *रेडियोमा पुस्तक* र *डामाडोल* क्रमशः मार्टिन चौतारी र डामाडोल डट कमसँगको सहकार्यमा उत्पादन गरिएका हुन् । यी दुई कार्यक्रममा कम्युनिकेसन कर्नरको प्राविधिक सहयोगमात्र रहेको छ । विषयवस्तुसम्बन्धी सम्पूर्ण कुराहरू सम्वन्धित संस्थाहरूले तयार पारेका हुन् ।

संरचनामा एक वर्ष कायम रह्यो । कार्यक्रम उत्पादन मात्र नभई स्टुडियो व्यवस्थापन तथा कार्यक्रम उत्पादनसम्बन्धी तालिम पनि प्रदान गर्ने यस संस्थाको उद्देश्य थियो । तर त्यस्तो तालिम खुला रूपमा सञ्चालन गर्नेभन्दा पनि कुनै सङ्घ संस्थालाई आवश्यक परी प्रस्ताव आएमा मात्र दिइने नीति लिइएको थियो । त्यसैअनुरूप सेफ मदरहुड भन्ने संस्थालाई एउटा तालिम पनि दिइयो । त्यत्तिमै यसको गतिविधि सीमित भयो ।

एकवर्ष बितेपछि त्यही उद्देश्य कायम राख्दै सेवामूलक गैर सरकारी संस्थाको रूपमा यसलाई विकास गर्ने सोच सञ्चालकहरूमा उब्जियो । फलस्वरूप पहिलेकै पाँच जनामा दुई जना सदस्यहरू- कृष्णमुरारी गौतम (चटचाङ मास्टर) र अरविन गिरी थपिएपछि 'एन्टेना फाउण्डेसन नेपाल' का नाममा संस्था दर्ता गरियो । गैर सरकारी संस्थाका रूपमा दर्ता भएपछि भने आफ्नो प्रमुख उद्देश्यअनुरूप कार्यक्रम उत्पादनका क्षेत्रमा यो संस्था अघि बढ्यो । सर्वप्रथम यसले रेडियो पत्रिका *छिनोफानो*को उत्पादन सुरु गऱ्यो । देशका विभिन्न भागमा देखा परेका कुनै पनि जल्दाबल्दा समस्या यो कार्यक्रमको विषयवस्तु हो । २०५९ कात्तिक ८ गतेदेखि रेडियो नेपालबाट साप्ताहिक रूपमा प्रसारण हुँदै आएको यस कार्यक्रम सुरुको छ महिना युरोपियन कमिशन (ब्रसेल्स) र त्यसपछि डिएफआइडीसँगको तीनवर्षे सहयोग सम्झौतामा चल्दै आएको छ । यस कार्यक्रममा समसामयिक जल्दाबल्दा विषयवस्तुमा आधारित फिचर, चटचाङ्ग मास्टरको विश्लेषण तथा मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्यद्वारा निर्मित प्रहसन 'मह अदालत' समावेश गरिन्छ । रेडियो नेपाल र उपत्यकाबाहिरका २१ ओटा स्थानीय एफएम स्टेसनहरूबाट यो कार्यक्रम प्रसारण हुन्छ ।

*छिनोफानो*का अतिरिक्त *सोधीखोजी, खेल्दै सिक्दै, सँगसँगै* र *विजनेस यात्रा* पनि एन्टेना फाउण्डेसन नेपालका उत्पादन हुन् । तीमध्ये *सँगसँगै* र *विजनेश यात्रा* बन्द भइसकेका छन् भने अरू २०६२ कात्तिकसम्म पनि जारी छन् । सञ्चालन भइरहेकामध्ये *छिनोफानो* र *सोधीखोजी* कार्यक्रम दुवै उपत्यकाबाहिरका २१ ओटा एफएम रेडियोबाट प्रसारण गरिन्छ । *खेल्दै सिक्दै* चाहिँ रेडियो नेपाल र उपत्यकाबाहिरका चारओटा एफएमबाट प्रसारण भइरहेको छ । त्यस्तै आर्थिक गतिविधिमा आधारित कार्यक्रम *विजनेस यात्रा* रेडियो सगरमाथाबाट ६८ भाग प्रसारण भएपछि बन्द भयो । यी रेडियो कार्यक्रमहरूका अतिरिक्त केही अडियो म्यागेजिन तथा केही राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घसंस्थाहरूका लागि सामाजिक सन्देशहरूको उत्पादनमा पनि एन्टेना फाउण्डेसन लागिरहेको छ ।

***इक्वेल एक्सेस:*** इक्वेल एक्सेस एक अन्तर्राष्ट्रिय गैर सरकारी संस्था हो । अमेरिकाको क्यालिफोर्निया राज्यस्थित सान् फ्रान्सिस्कोमा मुख्य कार्यालय रहेको यो संस्थाको नेपालको काठमाडौँ तथा अफगानिस्तानको काबुलमा क्षेत्रीय कार्यालयहरू रहेका छन् । सन् १९९९ को सेप्टेम्बरमा स्थापित यस संस्थाले नेपालमा सन् २००४ (२०६१ जेठ) मा आफ्नो क्षेत्रीय कार्यालय खोलेको थियो । तर यसअघि नै युएनडिपीको सहयोगमा 'डिजिटल ब्रोडकास्टिङ इनिसिएटिभ' नामक आयोजना यसले नेपालमा सुरु गरिसकेको थियो । यसले स्याटेलाइट रेडियोको माध्यमलाई जोड दिँदै आफ्ना कार्यक्रमहरूलाई ग्रामीण समुदायमा पुऱ्याउने लक्ष लिएको छ । प्रारम्भिक चरणमा एचआइभी/एड्स र महिला सशक्तीकरणसम्बन्धी कार्यक्रम उत्पादन र वितरणमा यसले जोड दिएको पाइन्छ । कार्यक्रम उत्पादनमा कम्युनिकेसन कर्नर, एन्टेना फाउण्डेसन जस्ता स्थानीय संस्थाहरूसँग पनि सहकार्य गर्दै आएको छ ।

अहिलेसम्मको अभ्यासमा इक्वेल एक्सेसको भूमिका आफैँले कार्यक्रम उत्पादन गर्नेतर्फ छैन । बरू कार्यक्रमको अवधारणा निर्माण गरी अर्को कार्यक्रम उत्पादन गर्ने संस्थालाई आर्थिक सहयोगसहित निर्माणको जिम्मा दिनेतर्फ नै बढी केन्द्रित हुँदै आएको छ । तर अचेल आफैले पनि कार्यक्रम निर्माण गर्नेतर्फ जोड दिन थालिएको नेपाल शाखाका निर्देशक उपेन्द्र अर्याल बताउँछन् ।[३६]

कम्युनिकेसन कर्नरसँगको सहकार्यमा उत्पादित *कुरा खस्रा मीठा* नै इक्वेल एक्सेसको पहिलो कार्यक्रम हो । यसमा एचआइभी/एड्स र महिला सशक्तीकरणको मुद्दालाई समेटिएको छ । २०६० वैशाखमा यो कार्यक्रमको प्रसारण गर्ने सिलसिलामा नै नेपालमा पहिलोपल्ट स्याटेलाइट रेडियोको प्रयोग गरिएको थियो (खनियाँ २०५९, विमल गौतम २०५९, गुणराज लुइँटेल २०५९) । कुल चार सयओटा स्याटेलाइट रेडियो सेट नेपालका ग्रामीण समुदायमा वितरण गरी स्याटेलाइटमार्फत कार्यक्रम प्रसारण गरिएको थियो । त्यही कार्यक्रम नेपालका विभिन्न एफएम स्टेसनले पनि तानेर प्रसारण गर्ने बन्दोबस्त मिलाइएको थियो । *कुरा खस्रा मीठा*पछि एन्टेना फाउण्डेसनसँगको सहकार्यमा महिला सशक्तीकरणसम्बन्धी अर्को कार्यक्रम *खेल्दै सिक्दै*को उत्पादनमा पनि सरिक भयो इक्वेल एक्सेस ।

यस्तै कम्युनिकेसन कर्नरसँग यसको सहकार्यमा एचआइभी/एड्ससम्बन्धी अर्को कार्यक्रम *देश परदेश* तथा आफ्नै मात्र पहलमा उत्पादित स्कूल शिक्षासम्बन्धी कार्यक्रम *स्कूलमा स्वागत* पनि प्रसारण भइरहेका छन् । *स्कूलमा स्वागत*मा बज्ने

[३६] अर्यालसँग २०६२ साउन ३१ मा गरिएको कुराकानीमा आधारित ।

रिपोर्टको उत्पादनमा इक्वेल एक्सेस आफैँ लागेको छ। यसैको अर्को स्तम्भ 'उज्यालोतिर' नाटक शृङ्खलाको उत्पादन कार्यका लागि भने एजुकेशनल अडियो भिजुअल[३७] भन्ने संस्थालाई जिम्मा दिइएको छ। त्यस्तै युवा समुदाय र एचआइभी/एड्सबारेको कार्यक्रम *साथीसँग मनका कुरा* उत्पादनको जिम्मा पनि २०६१ भदौदेखि इक्वेल एक्सेसले लिएको छ। अर्को कार्यक्रम *सुन्दै फेरिँदै* निर्माणको क्रममा छ।

बढ्दा एफएमहरूलाई आफ्नो बजारको रूपमा लिएर कार्यक्रम उत्पादन गृहहरू खुलेका देखिन्छन्। तर साँच्चै आफ्ना कार्यक्रमहरू विक्री गरेरै यस्ता संस्थाहरू पूर्ण रूपले बाँच्न सक्ने स्थिति भने आइनसकेको कम्युनिकेसन कर्नरका गोपाल गुरागाईं तथा एन्टेना फाउण्डेसनका मधु आचार्यको भनाइ छ। विकासमूलक कार्यक्रम एफएम रेडियोबाट प्रसारण गर्नका लागि त उल्टै प्रसारण शुल्क बुझाउनु पर्ने स्थिति छ, अलि जोड गरेमा सित्तैसम्म चाहिँ बजाउन तयार हुने गरेको अनुभव गुरागाईं र आचार्यको छ। तसर्थ उत्पादन संस्थाहरूले प्रायःजसो कार्यक्रमहरू दाताको सहयोगमा उत्पादन गरी प्रायः सित्तैमा वितरण गर्दै आइरहेका देखिन्छन्। त्यसमाथि पनि कम्पनी संरचनामा यस्ता संस्था रहनेबित्तिकै दाताबाट सहयोग जुटाउन कठिन हुने कुरा गोपाल गुरागाईं सुनाउँछन्। समाचारमूलक कार्यक्रमको अवस्था चाहिँ अलि फरक छ। कम्युनिकेसन कर्नरद्वारा उत्पादित समाचारमूलक कार्यक्रमहरू- *कायाकैरन, नेपाल खबर* तथा *नेपाल दर्पण* भने खरिद गर्न पनि स्टेसनहरू गाह्रो मान्दैनन्। गुरागाईं भन्छन्– "माघ १९ अघिसम्मको स्थिति हेर्दा ती कार्यक्रमको विक्रीबाट बल्लबल्ल उत्पादन लागतसम्म उठाउन सक्ने अवस्थामा हामी पुगेका थियौँ। भविष्यमा बिस्तारै नाफामा जान सकिने सम्भावना पनि देखिँदै थियो तर माघ १९ को राजनीतिक परिवर्तनसँगै एफएम रेडियोको समाचारमा लागेको प्रतिबन्धले सबै सम्भावनालाई केही पर धकेलिदियो।"[३८] समाचारमूलक कार्यक्रमहरूको प्रभाव र त्यस समयमा

---

[३७] यो संस्थाले विगतमा दूर शिक्षा रेडियो कार्यक्रमअन्तर्गत 'घाँटी हेरी हाड निलौँ' तथा 'सेवा गरे मेवा पाइन्छ' जस्ता सन्देशमूलक नाटक शृङ्खला (सोप अपेरा) को उत्पादन पनि गरेको थियो। ती दुवै रेडियो नेपालबाट प्रसारण भएका थिए।

[३८] कम्युनिकेसन कर्नरद्वारा उत्पादित *कायाकैरन* (३० मिनेट), *नेपाल दर्पण* (३० मिनेट), र *नेपाल खबर* (१५/१५ मिनेट दुई पटक) गरी दैनिक ९० मिनेटको यी कार्यक्रम प्याकेजका लागि सामुदायिक एफएम स्टेसनहरूले मासिक सालाखाला सात हजार तिर्छन्। व्यापारिक स्टेसनलाई भने सालाखाला पच्चीस हजारसम्म लगाइएको कर्नरका कार्यकारी निर्देशक गोपाल गुरागाईंले मार्टिन चौतारीमा २०६२ साउन २७ मा आयोजित 'रेडियो कार्यक्रम उत्पादनमा तेस्रो पक्षको संलग्नता' विषयक छलफलमा बताएका थिए।

विज्ञापन बजाएर उठाउन सकिने आर्थिक लाभका कारणले नै यस्ता समाचारमूलक कार्यक्रम खरिद गर्न एफएम रेडियोहरू तत्पर भएको गुरागाईंको तर्क छ । तसर्थ दाताको सहयोगविना स्तरीय शिक्षा वा विकासमूलक कार्यक्रमको उत्पादनलाई निरन्तरता दिन उत्पादन गृहहरूका लागि आर्थिक रूपले कठिन हुने स्थिति विद्यमान छ । त्यसैले पनि दाताबाट आर्थिक सहयोग जुटाउन सहज हुने भएपछि केही यस्ता स्वतन्त्र कार्यक्रम उत्पादन गृहहरू संरचनागत तथा कार्यगत हिसाबले एनजीओ मोडलतर्फ नै आकर्षित भएका हुन सक्छन् । यसैका बीचमा पनि कम्युनिकेसन कर्नर चाहिँ आफूलाई कम्पनी मोडलमै उभ्याउँदै आफ्ना उत्पादनहरू बेचेर बाँच्ने प्रयासमा लागेको देखिन्छ ।

जे होस्, प्रसारण गृहहरूको अर्थोपार्जनको समस्या एकातिर हुँदाहुँदै पनि राम्रा र स्तरीय कार्यक्रम उत्पादन गरेर तिनले रेडियो प्रसारणको क्षेत्रमा योगदान दिएका छन् । एकातिर यस्ता ज्ञानवर्द्धक तथा स्तरीय कार्यक्रमको उत्पादन गरेर देशभरि रहेका रेडियोमार्फत प्रसारण गर्दा सूचना र ज्ञानमा श्रोताको पहुँच बढेको छ । त्यस्तै विभिन्न दातृ निकायको सहयोग जुटाएर भए पनि त्यस्ता कार्यक्रम उत्पादन गरी सित्तैमा वितरण गरिदिँदा आर्थिक अभावसँग जुधिरहेका कतिपय एफएमहरूले विनालागतमै स्तरीय कार्यक्रमहरू श्रोतामाझ पस्किन पाएका छन् । साथै अगुवाका रूपमा राजधानीमा देखा परेका केही उत्पादन गृहहरूको सिको गर्दै देशका विभिन्न स्थानमा अरू पनि यस्ता उत्पादन गृहहरू खुल्न थालेका छन् । यस्ता गृहहरूको देशव्यापी बिस्तारले स्थानीय विषयवस्तुलाई उठाउने मात्र होइन विषयगत विविधतामा पनि उल्लेखनीय योगदान दिन सक्ने सम्भावना देखापरेको छ ।

## एफएम रेडियोका प्रवर्द्धक

नेपालमा एफएम रेडियोको बिस्तार हुनुमा एक व्यक्ति वा सङ्घ संस्थाको मात्र योगदान छैन । विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रका व्यक्ति वा सङ्घ संस्थाहरूको सहयोग र सद्भावका कारण यो क्षेत्र बिस्तार हुँदै जान सकेको हो । यस्ता सहयोगी व्यक्ति तथा सङ्घ संस्थालाई एफएम रेडियोका प्रवर्द्धक भन्न सकिन्छ । एफएम रेडियोका क्षेत्रमा भएका सहयोगहरूमा यससम्बन्धी नीति तथा कानून निर्माणका लागि राज्यलगायत अरू सम्बन्धित पक्षमा ध्यानाकर्षण वा दबाबका लागि लविङ गर्नेदेखि रेडियो स्टेसन स्थापनार्थ उपकरण जुटाइदिने रेडियो सञ्चालन र व्यवस्थापनका लागि आर्थिक तथा प्राविधिक सहयोग गर्ने कार्यहरूलाई लिन सकिन्छ । यसबाहेक गैर नाफामूलक उद्देश्य लिएर एफएम रेडियोको सञ्चालन,

कार्यक्रम उत्पादन वा उद्घोषण आदि विषयमा तालिम दिने, स्रोत सामग्री तयार पार्ने, अनुसन्धान गर्ने, सार्वजनिक छलफल र बहसमार्फत एफएमको पक्षमा जनमत निर्माण गर्ने आदि सवालमा यस अवधिमा जो जो संलग्न भए तिनलाई पनि एफएम रेडियोका प्रवर्द्धकको सूचीमा राख्न सकिन्छ । नेपालमा एफएम रेडियोको स्थापना भएदेखि २०६२ सालसम्म आइपुग्दा यस क्षेत्रको विकास र बिस्तारमा सहयोगीका रूपमा देखिएका व्यक्ति वा सङ्घ संस्थालाई राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रवर्द्धक गरी दुई भागमा विभाजन गरेर चर्चा गर्न सकिन्छ ।


### *राष्ट्रिय प्रवर्द्धक*

प्रसारण क्षेत्रमा सरकारको एकाधिकारको अन्त्य गरी निजी क्षेत्रमा एफएम रेडियोलाई खुला गर्ने सन्दर्भमा नीति तर्जुमा गर्ने अवस्थादेखि नै नेपालका विभिन्न सङ्घ संस्था र व्यक्तित्वहरूले महत्त्वपूर्ण योगदान दिँदै आएका छन् । आवश्यक नीति कानून र नियमहरू तर्जुमा भइसकेपछि त्यसलाई कार्यान्वयन गराउन राज्यपक्षलाई दबाब दिनेदेखि एफएम रेडियोहरूको स्थापना गर्ने र त्यसलाई अगाडि बढाउन पनि आ-आफ्ना तर्फबाट सक्दो योगदान दिएको देखिन्छ ।

**सामुदायिक रेडियो सहयोग केन्द्र, नेवापसः** संस्थागत रूपमा एफएम रेडियो (विशेष गरी सामुदायिक रेडियो) को समग्र विकासका लागि नेपाल वातावरण पत्रकार समूहले सबभन्दा बढी योगदान दिँदै आएको छ । अझ भन्ने हो भने नेपालमा रेडियो प्रसारणमा निजी क्षेत्रको प्रवेशलाई स्वीकार गरिनु पर्दछ भनेर नीति तर्जुमाका लागि लविङ गर्ने पहिलो संस्था नै यही थियो (यससम्बन्धी थप जानकारी अध्याय ३ मा छ) । दक्षिण एसियाली मुलुकहरूको इतिहासमा नै पहिलो स्वतन्त्र रेडियोको रूपमा मान्यता पाएको रेडियो सगरमाथाको स्थापना र सञ्चालन गर्दै आएको यो संस्था नेपालमा सामुदायिक रेडियोको सङ्ख्या बढाउन र तिनको विकास र बिस्तारका निम्ति जुटेको छ । फलस्वरूप यसकै मातहतमा सन् २००० को सुरुआततिर सामुदायिक रेडियो सहयोग केन्द्रको स्थापना गरिएको हो ।

सामुदायिक रेडियो सहयोग केन्द्रले स्थापनाकालदेखि नै विभिन्न दातृसंस्थाहरूबाट सहयोग जुटाएर सामुदायिक रेडियोको प्रवर्द्धनमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ । यसको भूमिका रेडियो सञ्चालनको इजाजतका सञ्चार मन्त्रालयमा लविङ गर्ने, रेडियो सञ्चालनको इजाजतका लागि निवेदनसाथ मन्त्रालयमा बुझाउनुपर्ने आर्थिक, व्यवस्थापकीय तथा प्राविधिक प्रतिवेदन तयार पारिदिनेदेखि

ट्रान्समिटर लगायत अन्य उपकरण खरिद र केही समयका लागि रेडियो स्टेसन सञ्चालनार्थ आर्थिक सहयोग प्रदान गर्ने रहेको छ । त्यस्तै जनशक्तिलाई





तस्बिर १.३ः सामुदायिक रेडियो सहयोग केन्द्रद्वारा प्रकाशित नेपाली बुलेटिन ।

आवश्यक तालिम प्रदान गर्ने र स्रोत सामग्री उत्पादन गर्ने तथा विभिन्न सार्वजनिक बहस तथा गोष्ठी र सेमिनारको आयोजना गरी सामुदायिक रेडियोको पक्षमा जनमत जुटाउने जस्ता कार्य पनि यसले गर्दै आएको छ । यस केन्द्रलाई सुरुका दुई वर्ष (सन् २००० र २००१) मा डेनिस अन्तर्राष्ट्रिय विकास सहयोग (डानिडा) को आर्थिक सहयोग प्राप्त थियो । सन् २००२ को सुरुदेखि भने फ्री भ्वाइस, नेदरल्याण्ड (तत्कालीन कम्युनिकेसन असिस्टेन्स फाउण्डेसन [क्याफ], नेदरल्याण्ड) बाट आर्थिक सहयोग जुटाएर काम गर्दै आएको छ । फ्री भ्वाइसको सहयोगमा सामुदायिक रेडियो अनुदान कोषको स्थापना गरी त्यसैमार्फत विभिन्न

सामुदायिक एफएम रेडियो स्थापनाका लागि यसले अनुदान उपलब्ध गराउँदै आएको छ ।[३९]

उक्त कोषको स्थापना भएदेखि यस केन्द्रले १४ ओटा सामुदायिक रेडियोलाई आर्थिक अनुदान उपलब्ध गराइसकेको छ । उपकरण खरिद, स्टेसनको स्थापना,




तस्बिर १.४: सामुदायिक रेडियो सहयोग केन्द्रद्वारा प्रकाशित अङ्ग्रेजी बुलेटिन ।

स्टेसनको क्षमता अभिवृद्धि तथा रेडियो प्रसारणलाई सहभागितामूलक बनाउनका लागि भनेर त्यस्ता सहयोग प्रदान गरिएको हो । कोषबाट पहिलो चरण (सन् २००२) मा अनुदान पाउनेमा रेडियो सगरमाथा, रेडियो लुम्बिनी र रेडियो स्वर्गद्वारी थिए (रेडियो २०५९चः ४) । उक्त अनुदान स्टेसनको क्षमता अभिवृद्धि

[३९] सामुदायिक रेडियो सहयोग केन्द्रका संयोजक रघु मैनालीसँग २०६२ कात्तिक २० मा गरिएको कुराकानीमा आधारित ।

र प्रसारणलाई सहभागितामूलक बनाउन भनी उपलब्ध गराइएको थियो । त्यस्तै दोस्रो चरण (सन् २००३) मा चारओटा सामुदायिक रेडियोले अनुदान पाए । त्यसरी अनुदान पाउनेमा हिमचुली एफएम, रेडियो कर्णाली, रेडियो भेरी र रुपन्देही एफएम थिए । तिनलाई उपकरण खरिद तथा जनशक्ति तयार गर्ने तालिमआदिका लागि अनुदान उपलब्ध गराइएको थियो (रेडियो २०६०घः ३) । २०६२ सालसम्ममा अन्य सातओटा सामुदायिक रेडियोलाई यस केन्द्रको कोषबाट आर्थिक अनुदान उपलब्ध गराइसकिएको जानकारी केन्द्रका संयोजक रघु मैनालीले दिएका छन् ।

अनुदान कोषमार्फत स्टेसनलाई सीधै आर्थिक सहयोग प्रदान गर्नुका अलावा माथि भनिएझैँ गोष्ठी र सेमिनारको आयोजना गरी विभिन्न मुद्दाहरूमा बहस गराउने तथा रेडियोका प्रसारक, व्यवस्थापक, प्राविधिक तथा पत्रकारहरूका लागि विभिन्न किसिमका तालिम प्रदान गर्ने काम पनि सामुदायिक रेडियो सहयोग केन्द्रले गर्दै आएको छ । केन्द्रले २०६२ कात्तिकसम्ममा करिब दुईदर्जन जति त्यस्ता तालिमहरू सञ्चालन गरिसकेको रघु मैनाली बताउँछन् । साथै सञ्चालनमा आइसकेका सामुदायिक रेडियो स्टेसनहरूसँग समन्वय गरेर केन्द्रले रेडियो पत्रकार तथा प्राविधिकलाई २-४ जनाका दरले कार्यस्थल तालिमहरू (स्टेसनमै राखेर काम गराउने) पनि दर्जनौँ पटक सञ्चालन गरिसकको छ । त्यस्तै स्रोत सामग्रीका रूपमा विभिन्न बुलेटिन तथा पुस्तक प्रकाशनमा पनि सामुदायिक रेडियो सहयोग केन्द्र सक्रिय रहँदै आएको छ। रेडियो प्रसारक, कार्यक्रम उत्पादक, तथा रेडियोकर्मीका लागि व्यवहारिक ज्ञान दिने यस्ता पुस्तकको सङ्ख्या २०६२ सालसम्ममा नौ पुगिसकेको छ । त्यस्तै सामुदायिक रेडियो सहयोग केन्द्रले २०५७ देखि नेपालीमा *रेडियो* र अङ्ग्रेजीमा *अफ एयर* नामक त्रैमासिक बुलेटिन पनि प्रकाशन गरेको थियो (हेर्नुहोस् तस्बिर १.३ र १.४) । डानिडा तथा फ्री भ्वाइसको सहयोगमा प्रकाशित यी बुलेटिनमध्ये अङ्ग्रेजी पाँच अङ्क तथा नेपाली बुलेटिन १२ अङ्क प्रकाशन भएपछि बन्द छन् ।[४०]

**अन्य सङ्घ संस्था तथा व्यक्तित्वः** एफएम रेडियोको प्रवर्द्धनमा नै आफ्नो सम्पूर्ण गतिविधि केन्द्रित नगरे पनि अन्य विभिन्न सङ्घ संस्था तथा व्यक्तिहरूले पनि यसको विकास र बिस्तारमा आ-आफ्नो तर्फबाट योगदान पुऱ्याएका छन् ।

[४०] सामुदायिक रेडियो सहयोग केन्द्रबाट प्रकाशित सामग्रीबारे थप जानकारीका लागि यसै पुस्तकको अध्याय २ तथा हुमागाईं (२०६२) हेर्नुहोस् ।

विभिन्न सङ्घ संस्था तथा व्यक्तिहरूबाट भएको योगदानलाई एफएम रेडियोका सम्बन्धमा भएका विभिन्न क्रियाकलापभित्र समेटेर चर्चा गर्न सकिन्छ ।

यसरी सहयोग भएका क्षेत्रहरूमध्ये एफएम रेडियोसम्बन्धी नीतिगत तथा कानूनी प्रक्रियाका लागि भएको लविङ तथा वकालत एउटा पक्ष हो । नेपालमा स्वतन्त्र एफएम रेडियोको स्थापनाका लागि उपयुक्त नीति र कानून निर्माण गर्न र बनेका नीति तथा कानूनलाई व्यवहारमा उतार्नका लागि केही संस्था तथा व्यक्तिहरूले सरकारसँग लामो लडाईं लड्नु परेको थियो । विभिन्न संस्था तथा व्यक्तिहरूले रेडियो सगरमाथा प्रसारणको इजाजतका साथसाथै आवश्यक नीति र कानून निर्माणका लागि लविङ गरेका थिए । संस्थागत रूपमा सबभन्दा बढी लागिपरेको नेपाल वातावरण पत्रकार समूहलाई हिमाल एसोसिएसन, वर्ल्ड भ्यू नेपाल र नेपाल प्रेस इन्स्टिच्यूटले पनि केही साथ दिएका थिए । साथै यस कार्यका लागि व्यक्तिगत तवरमा बोलेर वा लेखेर निरन्तर लविङ गरिरहनेमा रघु मैनाली, मुरारी शिवाकोटी, हेमबहादुर विष्ट, ओम खड्का, राजेन्द्र दाहाल, आदित्यमान श्रेष्ठ, भारतदत्त कोइराला, कनक दीक्षित, विनोद भट्टराई, वसन्त थापा, कुन्द दीक्षित, सतीश खरेल, गोपाल गुरागाईंको नाम अग्रपङ्क्तिमा आउँछ । नीति निर्माणका लागि आ-आफ्ना पार्टीभित्र लविङ गर्नेमा नरहरि आचार्य र विजयकुमार गच्छदार (नेपाली काङ्ग्रेस) तथा रघु पन्त र झलनाथ खनाल (एमाले) थिए । त्यस्तै सञ्चार मन्त्रालयका पदाधिकारीमध्ये रोशन विष्ट, यादव ठाकुर, रमेश अधिकारी, अनुप नेपाल तथा महेशप्रसाद अधिकारीको उल्लेखनीय सहयोग थियो ।[४१]

रेडियो पत्रकारितालगायत, कार्यक्रम उत्पादन, उद्घोषण तथा प्रविधि सञ्चालनसम्बन्धी तालिम कार्यक्रमको सञ्चालनबाट एफएम रेडियोको विकासमा टेवा पुगिरहेको पाइन्छ । यसका लागि नेपाल वातावरण पत्रकार समूहका अतिरिक्त नेपाल प्रेस इन्स्टिच्यूट, हिमाल एसोसिएसन, मिडिया सर्भिसेज इन्टरन्याशनल, कम्युनिकेसन कर्नर तथा एन्टेना फाउण्डेसन नेपाल आदि सङ्घ संस्थाहरूको योगदान उल्लेखनीय छ । यीमध्ये नेपाल प्रेस इन्स्टिच्यूटले पत्रकारितासम्बन्धी नियमित रूपमा दस महिने (हाल १२ महिने) तालिमका अतिरिक्त समय समयमा देशका विभिन्न स्थानमा रेडियो पत्रकारितासम्बन्धी तालिम कार्यक्रमहरू पनि सञ्चालन गर्दै आएको छ । हिमाल एसोसिएसनअन्तर्गतको खोज पत्रकारिता केन्द्रले पनि समय समयमा खोज पत्रकारितासम्बन्धी तालिम वा

[४१] रघु मैनालीसँग २०६२ कात्तिक २४ मा गरिएको कुराकानीका आधारमा ।

फेलोशीपहरू सञ्चालन गर्ने गरेको पाइन्छ । यसले पनि दक्ष रेडियो जनशक्तिको उत्पादनमा भरथेग पुऱ्याएको छ ।[४२]

तालिम कार्यक्रम जस्तै रेडियोसम्बन्धी स्रोत सामग्रीको उत्पादनबाट पनि रेडियो स्थापना र सञ्चालनसम्बन्धी व्यवहारिक ज्ञानका अतिरिक्त जनशक्तिको क्षमता अभिवृद्धिमा सहयोग पुगेको पाइन्छ । यस्ता स्रोत सामग्रीको उत्पादनमा नेपाल वातावरण पत्रकार समूहका अतिरिक्त नेपाल प्रेस इन्स्टिच्यूट, विकास सञ्चार केन्द्र, मार्टिन चौतारी, एन्टेना फाउण्डेसनजस्ता संस्थाहरू लागि परेका छन् ।[४३] कार्यक्रम उत्पादनमा स्वतन्त्र उत्पादकहरूले तथा एफएम रेडियोलाई सङ्गठित गर्ने र नेटवर्किङ गर्ने काममा प्रसारक सङ्घ सङ्गठनहरूको योगदान पनि उल्लेखनीय छ । स्तरीय रेडियो कार्यक्रमहरूको उत्पादन गरेर कम्युनिकेसन कर्नर, एन्टेना फाउण्डेसन, इक्वेल एक्सेस जस्ता सङ्घ संस्थाले एफएम रेडियोलाई टेवा पुऱ्याइरहेका छन् । स्वतन्त्र कार्यक्रम उत्पादन गृहहरू तथा एफएम प्रसारक सङ्घ सङ्गठनको चर्चा माथि नै भइसकेको छ ।

यसबाहेक कतिपय संस्था तथा व्यक्तिहरू एफएम रेडियोका विभिन्न पक्षबारे अध्ययन, अनुसन्धान तथा सार्वजनिक बहस र छलफल कार्यहरू सञ्चालनमा सक्रिय छन् । यस्ता कार्यक्रमको सञ्चालनबाट एफएम रेडियोको प्रभावकारिता उजागर गर्न, यिनका गतिविधिको निगरानी गर्न तथा रेडियोका पक्षमा जनमत जुटाउनमा महत्त्वपूर्ण योगदान पुगेको छ । नेपाल प्रेस इन्स्टिच्यूट, मार्टिन चौतारी, सामाजिक विकास तथा अनुसन्धान केन्द्र, कम्युनिकेसन कर्नर जस्ता संस्थाहरूबाट एफएम रेडियोसम्बन्धी केही अध्ययन, अनुसन्धान भएका छन् (हेर्नुहोस् अध्याय २) ।

बेलाबेलामा गोष्ठी वा सेमिनारको आयोजना तथा सार्वजनिक छलफल सञ्चालन गरी एफएम रेडियोसम्बन्धी विभिन्न मुद्दामा बहस गराउने कार्य नेपाल वातावरण पत्रकार समूहका अतिरिक्त नेपाल प्रेस इन्स्टिच्यूट, मार्टिन चौतारी, हिमाल एसोसिएसन, मिडिया सर्भिसेज इन्टरन्यासनल जस्ता संस्थाले गर्दै आएको पाइन्छ । सन् १९९१ देखि नै समाजका विभिन्न मुद्दाहरूमा नियमित रूपमा

---

[४२] यी संस्थाका अतिरिक्त रेडियो पत्रकारिता तथा उद्घोषणसम्बन्धी प्रशिक्षण दिन देशका विभिन्न स्थानमा अनगिन्ती प्रशिक्षण केन्द्रहरू खुलेका पाइन्छन् । पूर्णतया व्यापारिक हिसाबले सञ्चालित यस्ता केन्द्रहरूले पनि केही न केही मात्रामा जनशक्तिको आपूर्तिमा सहयोग पुऱ्याएका छन् । यद्यपि लहडमा खुलेका यस्ता प्रशिक्षण केन्द्रमध्ये कतिले गुणस्तरीय जनशक्ति उत्पादन गरेका छन् भन्ने कुरा अर्को अनुसन्धानको विषय हुनसक्छ ।

[४३] कुन संस्थाले के-के सामग्री उत्पादन गरेका छन् भन्ने जानकारीका लागि यसै पुस्तकको अध्याय २ तथा हुमागाईं (२०६२) हेर्नुहोस् ।

सार्वजनिक छलफल सञ्चालन गर्दै आएको मार्टिन चौतारीले एफएम रेडियोको विविध पक्षलाई लिएर पनि धेरैओटा छलफल चलाएको छ ।[४४] २०६२ साल कात्तिकसम्मको अवधिलाई हेर्ने हो भने यस्ता छलफलको सङ्ख्या १८ पुगिसकेको छ । यस्ता नियमित छलफलका अतिरिक्त एकाधपटक मार्टिन चौतारीले एफएम रेडियोबारे गोष्ठीको पनि आयोजना गरेको छ । त्यस्तै एफएम रेडियोबाटै बज्ने समसामयिक अन्तर्क्रियात्मक कार्यक्रमहरूले पनि एफएम रेडियोको विभिन्न पक्षबारेको बहसलाई अगाडि बढाउन केही सहायक देखिएका छन् । रेडियो सगरमाथाबाट बज्ने समसामयिक बहसमूलक *आजका कुरा, डबली* जस्ता कार्यक्रममा एफएमबारे प्रशस्तै बहसहरू भएका छन् । मार्टिन चौतारीमा छलफल कार्यक्रम तथा प्राज्ञिक अनुसन्धानको माध्यमद्वारा एफएमको बहसलाई व्यापकता दिने सवालमा प्रत्यूष वन्तले अग्रसरता देखाउँदै आएका छन् ।

### *अन्तर्राष्ट्रिय प्रवर्द्धक*

नेपालमा एफएम रेडियोको विकास र प्रवर्द्धनमा केही अन्तर्राष्ट्रिय गैर सरकारी संस्था निकाय र व्यक्तित्वको महत्त्वपूर्ण योगदान रहेको छ ।[४५] मूलतः सामुदायिक रेडियोका लागि ती सहयोग केन्द्रित देखिन्छन् । उपकरण खरिद, कार्यक्रम उत्पादन तथा जनशक्ति विकासमा दिइएका सहयोगका कारण एफएम रेडियोको स्थापना र क्षमता अभिवृद्धिमा ठूलो योगदान पुगेको छ । नेपालमा सामुदायिक रेडियोका लागि सबभन्दा बढी योगदान पुऱ्याउने तीनओटा संस्थाहरू देखिन्छन् । डानिडा, युनेस्को तथा फ्री भ्वाइस, नेदरल्याण्ड एफएम रेडियोको विकासका लागि नेपालमा सबभन्दा ठूला दाताका रूपमा देखा परेका छन् ।

**डानिडाः** नेपालमा एफएम रेडियोलाई प्रवर्द्धन गर्ने सवालमा डानिडा सबैभन्दा अग्रपङ्क्तिमा रहेको छ । नेपालमा समेत शाखा रहेको यस संस्थाअन्तर्गतको मानव

---

[४४] मार्टिन चौतारीको इतिहास र यसका गतिविधिबारे थप जानकारीका लागि पूर्ण बस्नेत (२०६१) र www. martinchautari.org.np हेर्नुहोस् ।

[४५] अन्तर्राष्ट्रिय क्षेत्रबाट नेपालका रेडियोलाई भएको सहयोगका जानकारी यहाँ उल्लिखित सन्दर्भ सामग्रीका अतिरिक्त रघु मैनालीसँग २०६२ कात्तिक २४ गते गरिएको कुराकानी तथा वेवसाइटहरू– www.radiosagarmatha.org/rs_history.htm, www.nepaldemocracy.org/media/interview_bd_koirala.htm-29k, www.radiolumbini.netfirms.com/ about.htm, www.vitalspace.net/forum/forum00053.html मा पनि आधारित छन् । यी सबै साइटहरू २०६२ कात्तिक २३ मा हेरिएका हुन् ।

अधिकार र असल शासन सल्लाह एकाइले एफएम रेडियो स्थापना तथा प्रसारण क्षमता अभिवृद्धिका लागि स्टेसन निर्माण, उपकरण खरिद गर्न आर्थिक सहायता उपलब्ध गराउने गरेको पाइन्छ । त्यस्तै स्टेसन सञ्चालन, स्रोत सामग्रीको उत्पादन, अनुसन्धान, कार्यक्रम उत्पादन, जनशक्तिको विकासका लागि तालिम भ्रमण तथा फेलोशीपका लागि पनि सहयोग गर्दै आएको छ । डानिडाले २०५५ सालमा रेडियो सगरमाथा सञ्चालनार्थ सहयोग उपलब्ध गराउनुका साथै काठमाडौँको वायु प्रदूषण अनुगमनसम्बन्धी सफा रेडियो: स्वच्छ वायु अभियान सञ्चालन गर्न आर्थिक सहयोग प्रदान गरेको थियो ।[४६] रेडियो लुम्बिनीलाई २०५७ सालमा प्राविधिक क्षमता बिस्तारका साथै दक्ष जनशक्ति तयार पार्न करिब छ लाख रुपियाँको सहयोग प्रदान गरिएको थियो (रेडियो २०५७: ३) । डानिडाले रेडियो स्वर्गद्वारीलाई उपकरण खरिद तथा स्टुडियो निर्माणका लागि भनेर एकपटक करिब १३ लाख (रेडियो २०५८ख: ७) तथा प्रसारण क्षमता बढाउन अर्कोपटक पुन: पाँचलाख रुपियाँ सहयोग उपलब्ध गराएको थियो (रेडियो २०६०ङ: ६) । त्यस्तै रेडियो मदनपोखरालाई पनि उपकरण खरिदका लागि २०५९ सालतिर करिब ११ लाख रुपियाँको अनुदान उपलब्ध गराइएको थियो (रेडियो २०५९ग: ७) । डानिडाको सहयोगमा नेपाल वातावरण पत्रकार समूह, नेपाल प्रेस इन्स्टिच्यूट र मार्टिन चौतारीले एफएम रेडियोसम्बन्धी विभिन्न स्रोत पुस्तकहरू प्रकाशन गरेका छन् ।[४७]

**युनेस्को:** नेपालमा एफएम रेडियोको स्थापना र विकासमा उल्लेख्य योगदान पुऱ्याउने अर्को अन्तर्राष्ट्रिय दातृ संस्था युनेस्को हो । युनेस्कोअन्तर्गत सञ्चारको विकासका लागि अन्तर्राष्ट्रिय कार्यक्रम (आइपीडीसी/युनेस्को) नेपाल एफएम रेडियोको विकास र प्रवर्द्धनका लागि सक्रिय छ । २०४०/४१ सालतिरै सुर्खेतमा परीक्षण प्रसारणका रूपमा सामुदायिक रेडियोको प्रस्ताव नेपालको सरकारसमक्ष युनेस्कोले राखेको कुरा लेखको सुरुमै उल्लेख भइसक्यो । त्यसपछि रेडियो सगरमाथाको स्थापना गर्ने सिलसिलामा सम्भाव्यता अध्ययनको प्रतिवेदन तयार गर्नेदेखि यसको स्थापनाका पक्षमा नेपालको सरकारलाई आवश्यक सुझाव र दबाब दिने काम पनि यसले गरेको थियो । साथै रेडियो सगरमाथा स्थापनाका

---

[४६] उक्त अभियानअन्तर्गत वायु प्रदूषणसम्बन्धी रेडियो कार्यक्रम सञ्चालनका साथै रेडियो सगरमाथाका प्रतिनिधिहरूको प्रत्यक्ष सहभागितामा काठमाडौँ उपत्यकाभित्रका बढी सवारी चाप हुने विभिन्न ३० स्थानहरूको वायु प्रदूषणबारे नियमित अनुगमन पनि गरिन्थ्यो (साप्ताहिक विमर्श २०५५) ।

[४७] नेपाली मिडियाका पुस्तक प्रकाशनमा डानिडाले पुऱ्याएको सहयोगबारे हुमागाईं (२०६२) मा चर्चा गरिएको छ ।

लागि सुरुमा आवश्यक ट्रान्समिटर र स्टुडियो उपकरण खरिदका साथै स्टुडियो निर्माणमा युनेस्कोको सहयोग रहेको थियो । रेडियो सगरमाथाको स्थापनाकालमा कर्मचारीलाई आवश्यक तालिम, फेलोशीप, तथा रेडियो सञ्चालनका लागि आवश्यक परामर्श पनि युनेस्कोबाट उपलब्ध भएको थियो ।

रेडियो सगरमाथा जस्तै पाल्पास्थित रेडियो मदनपोखराको स्थापनाको सम्पूर्ण कार्यमा पनि युनेस्कोले सहयोग गरेको थियो । एक्काईस हजार अमेरिकी डलर सहयोग रहेको यो परियोजना कार्यान्वयन गर्न एक वर्षका लागि रेडियो सगरमाथालाई जिम्मा दिइएको थियो । यीबाहेक रेडियो लुम्बिनी र रेडियो स्वर्गद्वारीलाई पनि स्टुडियो उपकरण खरिद तथा जनशक्ति विकासका लागि तालिम प्रदान गर्न युनेस्कोले सहयोग गरेको छ । २०५५ सालदेखि नेपालमा समेत कार्यालय स्थापना गरेको युनेस्कोले एफएम रेडियोको विकासमा पछिल्ला दिनमा भने सहयोगको मात्रालाई घटाउँदै लगेको छ ।

**फ्री भ्वाइस, नेदरल्याण्ड:** सन् २००४ सम्म कम्युनिकेसन असिस्टेन्स फाउण्डेसन (क्याफ), नेदरल्याण्डका नामले चिनिने यस निकायको नेपालमा आफ्नो कार्यालय छैन । रेडियो सगरमाथाको स्थापना कालदेखि नै एफएम रेडियो प्रसारणको क्षेत्रमा यसको सहयोग रहँदै आएको छ । रघु मैनालीका अनुसार रेडियो सगरमाथाको स्थापनाकालमा यसले गरेको सहयोग जनशक्ति विकास र प्रविधिका लागि थियो । सन् २००२ देखि भने यो संस्था सामुदायिक रेडियो सहयोग केन्द्रमार्फत नेपालका विभिन्न स्थानमा रहेका सामुदायिक रेडियोको प्रवर्द्धनमा लागेको छ । सामुदायिक रेडियोको स्टुडियो निर्माण, उपकरण खरिद, जनशक्तिको विकास तथा स्रोत सामग्रीको उत्पादनमा सहयोग गर्ने कार्यमा यस संस्थाले आफ्नो सहयोग केद्रित गरेको छ । यसैको सिलसिलामा सन् २००२ मा तीनवर्षे सम्झौताअन्तर्गत सामुदायिक रेडियो सहयोग केन्द्रलाई सहयोग उपलब्ध भएको थियो । सन् २००५ मा आएर पुनः एक वर्षका लागि सहयोग सम्झौता भइसकेको रघु मैनालीको भनाइ छ ।

**अन्य अन्तर्राष्ट्रिय संस्था तथा व्यक्ति:** उल्लिखित तीनओटा संस्थाहरूबाहेक एमएस नेपाल (डेनिस इन्टरनेशनल कोअपरेसन एजेन्सी), युनिसेफ, बीबीसी, पानस साउथ एसिया, इको हिमाल, वेस्ट मिनिस्टर फाउण्डेसन फर डेमोक्रेसी (बेलायत), स्वीस डेभलपमेण्ट कर्पोरेसन (एसडीसी), क्यानेडिएन सेण्टर फर इन्टरनेशनल स्टडिज एण्ड कोअपरेशन (सीईसीआई) जस्ता संस्थाहरूले पनि

एफएम रेडियोको विकासमा सानातिना सहयोगहरू उपलब्ध गराएको पाइन्छ । यीमध्ये बीबीसीबाहेक प्रायःले रेडियो कार्यक्रम उत्पादनका लागि अनुदान उपलब्ध गराउनुका साथै स्टेसनको संस्थागत विकास तथा स्थानीय जनसहभागिताका लागि मद्दत गरेका छन् ।

बीबीसीले रेडियो सगरमाथाका लागि ५०० वाट क्षमताको ट्रान्समिटर उपलब्ध गराएको थियो (रेडियो २०५८गः ७) । एमएस नेपालको सहयोग जनशक्तिका क्षमता विकासका लागि तालिम, स्टेसनको संस्थागत विकास र रेडियोमा स्थानीय जनसहभागितालाई प्रवर्द्धन गर्नका लागि रहेको देखिन्छ । यस संस्थाले रेडियो सगरमाथाको जनशक्ति विकासका लागि आफ्नो स्थानीय प्रतिनिधिमार्फत तालिम र संस्थागत विकासमा सहयोग पुऱ्याएको थियो । साथै यसले रेडियो लुम्बिनी र रेडियो मदनपोखराका लागि क्षमता अभिवृद्धि गर्न तथा जनसहभागिता बढाउन भन्दै २०५९ सालतिर करिब १२ लाख रुपियाँ बराबरको अनुदान उपलब्ध गराएको थियो । सो अनुदानको एउटा अभिप्राय ती रेडियोहरूलाई स्थानीय जनताको रेडियो कार्यक्रममा सहभागी गराउन श्रोताक्लवहरू गठन गर्न प्रोत्साहन गर्नु पनि थियो (रेडियो २०५९घः ७) । उल्लिखितमध्ये अन्य संस्थाहरूले भने रेडियो सगरमाथाको स्थापनाकालमा विभिन्न योगदान पुऱ्याएका थिए । त्यसमध्ये सीइसीआईले आफ्नो प्रतिनिधि इयान प्रिङ्गललाई रेडियो सगरमाथामा दुईवर्षका लागि संस्थागत विकास तथा व्यवस्थापनमा आवश्यक परामर्श सहयोगका लागि पठाएको थियो । बाँकी अरू संस्थाले रेडियो सगरमाथामा बालबालिका, एचआइभी/एड्स, वातावरण तथा प्रजातन्त्र आदि विषयमा कार्यक्रम उत्पादनका लागि अनुदान वा सम्बन्धित विषयमा जनशक्तिलाई तालिम प्रदान गर्नमा सहयोग पुऱ्याएका थिए ।

अन्तर्राष्ट्रिय क्षेत्रका संस्थाहरूका अतिरिक्त विभिन्न संस्थासँग आवद्ध रहेर वा नरही पनि विभिन्न विदेशी व्यक्तिहरूले पनि नेपालको एफएमको विकासमा महत्त्वपूर्ण योगदान दिएका छन् । एफएम रेडियोको स्थापनाका लागि लविङ गर्नेदेखि एफएम रेडियोको संस्थागत विकासमा त्यस्ता सहयोग भएको छ । जसमध्ये माथि उल्लेख गरिएझैँ सीइसीआईबाट आएका इयान प्रिङ्गलले रेडियो सगरमाथाको संस्थागत विकासको आधारशीला तयार पार्नमा ठूलो योगदान दिएका थिए । यसबाहेक उनले रेडियो सगरमाथाका लागि अनुदान उपलब्ध गराउन पनि रेडियो सगरमाथामा हुँदा र छोडिसकेपछि समेत योगदान पुऱ्याएको रघु मैनालीको भनाइ छ । उनीबाहेक युनेस्कोका सञ्चार निर्देशक विजयानन्द जयविरा तथा युनेस्कोकै अर्का व्यक्ति टर्वेन क्रोघ थिए । उनीहरूको सहयोग

रेडियो सगरमाथाको स्थापनाका सवालमा आफ्नो संस्थाभित्रै लविङ गर्नु तथा नेपालका अभियानकर्तालाई प्रोत्साहन गर्नु रहेको थियो ।

एफएम रेडियोको विकासमा राष्ट्रिय वा अन्तर्राष्ट्रिय क्षेत्रबाट भएका यस्ता सहयोगहरू प्रायः गरेर सामुदायिक रेडियोप्रति नै केन्द्रित छन् । खास गरी प्रत्यक्ष देखिने खालका भौतिक वा प्राविधिक सहयोग जस्तैः उपकरण खरिद, रेडियो स्टेसनको स्थापना र सञ्चालन, व्यवस्थापकीय सहयोग, कार्यक्रम निर्माण तथा प्रसारणका लागि गरिने आर्थिक सहयोगहरू गैर व्यापारिक रेडियोका लागि नै उपलब्ध भएका देखिन्छन् । नीति, नियम तथा कानून निर्माणका लागि गरिने लविङ, बहस वा वकालत, स्रोत सामग्रीको उत्पादन, अनुसन्धान, जनशक्ति तालिम आदिमा भएका सहयोगबाट भने ब्यापारिक रेडियो पनि लाभान्वित हुन पुगेका छन् । यस्ता किसिमका सहयोगबाट सर्वप्रथम एफएम रेडियो स्टेसनको सङ्ख्या बढ्न पुगेको छ भने स्थापित स्टेसनलाई पनि प्रसारण क्षमता, पहुँच तथा प्रसारण अवधि बढाउन निकै सहयोग पुगेको पाइन्छ । साथै जनशक्तिको क्षमता अभिवृद्धि, स्तरीय कार्यक्रमको निर्माण, स्टेसनको व्यवस्थापन, रेडियो प्रसारणमा स्थानीय जनताको सहभागितालाई व्यापक बनाउन, सरकारलाई नीति निर्माणका लागि घच्चच्याउन, तथा एफएम रेडियोको पक्षमा जनमत निर्माण गर्न पनि त्यस्ता सहयोगको महत्त्वपूर्ण भूमिका छ ।

## उपसंहार

विकसित र सम्भ्रान्त समाजका लागि छापादेखि रेडियो, टेलिभिजन, इमेल, इन्टरनेट अनेकौं विकल्प हुन सक्छन् सूचना प्राप्तिका लागि । तर बहुसङ्ख्यक जनता अशिक्षित र गरिब भएको नेपाली समाजका लागि रेडियो अझै पनि सूचना प्राप्तिको लगभग निर्विकल्प माध्यम हो । त्यसैले यसको लोकप्रियता र प्रभाव दिनानुदिन बढ्दै जानुलाई अनौठो मान्नुपर्दैन । नेपालमा प्रजातन्त्रको पुनर्स्थापना भएपछि डराईडराई भए पनि स्वतन्त्र रेडियोको अवधारणालाई राज्यले स्वीकार गरिदियो । तत्पश्चात् एक दशकमै विभिन्न २२ ओटा जिल्लामा करिब ५० ओटा एफएम रेडियोहरू खुलिसके । यसबाहेक इजाजत पाएर प्रसारणको पर्खाइमा रहेका आधा दर्जन तथा निवेदन दिएर इजाजत लिने लाइनमा बसेका पाँच दर्जन रेडियोको सङ्ख्यालाई हेर्दा केही वर्षभित्रै एकसय नाघ्ने सम्भावना देखिइसकेको छ । भलै बिस्तारको यो लहरलाई २०६१ माघ १९ को राजनीतिक परिवर्तनपछि आएका सत्ताधारीले केही छेक्ने प्रयास गरेका छन् । तर यो छेकथुन राष्ट्रिय र अन्तर्राष्ट्रिय दबाबका सामु धेरै समय चल्न सक्दैन भन्ने कुरा पनि स्पष्ट हुँदै आएको छ । एफएम रेडियोको बिस्तार हुँदै जाँदा थप

जिल्लाहरूमा पनि स्थानीय रेडियो खुल्ने र अन्ततः यो प्रक्रिया देशव्यापी हुने क्रममा छ । स्वतन्त्र रेडियोहरूको देशव्यापी बिस्तारले रेडियो नेपालमार्फत एकतर्फी सूचना प्रवाह गरी आफ्नोमात्र तर्क र विचार जनतामा थोपर्ने शासकको चालबाजी निस्तेज हुँदै जाने सम्भावना देखा परेको छ । त्यति मात्र नभई यसले सूचना सङ्कलन र प्रवाह गर्ने कार्यमा विकेन्द्रीकरणको सम्भावनालाई पनि औंल्याएको छ ।

एफएम रेडियो बिस्तारको प्रक्रिया सङ्ख्या र भूगोलमा मात्र सीमित छैन । स्वामित्वमा देखिएको विविधताका कारण प्रसारणमा सामाजिक वा सांस्कृतिक बहुलवादलाई पनि यसले बोकेको छ । व्यापारिक उद्देश्य बोकेका प्राइभेट लिमिटेड कम्पनीबाहेक समुदायको बीचमा बसेर तिनीहरूकै पक्षमा काम गर्न स्थापना भएका विभिन्न एनजीओदेखि स्थानीय निकाय र सहकारी संस्थाहरू पनि एफएम स्टेसनका स्वामी छन् । त्यसले गर्दा हरेकले आफ्नो संस्थागत संरचना तथा उद्देश्यअनुरूप नै प्रसारणलाई लक्षित गर्नुपर्ने स्थिति उत्पन्न हुन पुग्छ । अन्ततः स्वामित्वमा भएको यस्तो विविधताको सकारात्मक असरस्वरूप एफएमबाट प्रसारण हुने विषयवस्तुमा विविधता आउनेलगायत अन्य धेरै हिसाबले निकै महत्त्वपूर्ण सम्भावना यसले बोकेको छ ।

नेपाली नागरिकको सङ्गठन गर्न पाउने संविधानप्रदत्त अधिकार उपभोग गर्दै एफएम रेडियो प्रसारक सङ्घ-सङ्गठन निर्माण हुने क्रम पनि देखा परेको छ । तिनले एफएम रेडियो प्रसारणको क्षेत्रमा आ-आफ्ना समूहको हित र आवाजको प्रतिनिधित्व गर्दछन् भने एक आपसमा भाइचाराको सम्बन्ध निर्माणमा सहयोग पुऱ्याउँछन् । यसले पनि स्वतन्त्र एफएम रेडियो प्रसारणलाई बल नै पुऱ्याइरहेको हुन्छ ।

स्वतन्त्र कार्यक्रम उत्पादन गृहहरूको बढ्दो सङ्ख्याले पनि एफएम रेडियो प्रसारणको विकासमा निकै महत्त्वपूर्ण टेवा दिने सङ्केत देखा परेको छ । रेडियोबाट प्रसारित विषयवस्तुको स्तर बढाउन तिनले खेलेको र खेल्न सक्ने भूमिकाको महत्त्व एकातिर छ भने, स्तरीय काम गरेर रेडियो कार्यक्रम उत्पादनमा लगानी गर्नेतर्फ विभिन्न दातृ समुदायको ध्यान खिच्नसमेत उनीहरू एक हदसम्म सफल छन् । अर्कातिर रेडियो कार्यक्रम उत्पादन गरेर बजारमा बिक्री गरी आफै बाँच्न सक्ने परिस्थिति निर्माण हुने सम्भावना पनि उत्पादन गृहहरूले देखाएका छन् । कम्युनिकेसन कर्नरले आफ्ना कार्यक्रमको बिक्रीबाट बिस्तारै आफूलाई नाफामूलक अवस्थातिर उन्मुख गराउनुलाई यसको सङ्केतका रूपमा बुझ्न सकिन्छ ।

समग्रमा भन्नु पर्दा स्थानीय स्तरमा एफएम रेडियो बिस्तार कार्यले गति लिन थालेको छ । नेपालमा एफएम रेडियोको प्रसारणले धेरै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घ संस्था तथा व्यक्तित्वको साथ र समर्थन प्राप्त गरेको छ । यो क्रम अझ धेरै

अगाडि जाने सङ्केत देखिइसकेको छ। यसबाट स्वतन्त्र रेडियो पत्रकारिताको विकासका लागि राम्रो पृष्ठभूमि निर्माण हुँदै गएको स्पष्ट हुन्छ। यसले सरकारीमाध्यम रेडियो नेपालको एकाधिकारलाई तोडेको मात्र छैन, वर्षौंदेखि एकतर्फी र केन्द्रीकृत रूपमा हुँदै आएको सूचना प्रवाहको प्रक्रियालाई चुनौती दिएको छ।

रेडियोमा बज्ने समाचार तथा समाचारमूलक विश्लेषण र कुराकानी अनि फिचर रिपोर्टिङले समाजमा झिनो स्वरमा उठेका अनेकौं मुद्दाहरूलाई सार्वजनिक बहसमा ल्याउने प्रक्रिया सुरु भएको छ। जसले गर्दा न्याय, स्वतन्त्रता, समानता र समावेशीकरणका मुद्दाहरूबारे विभिन्न तह र तप्कामा विचार मन्थन गर्न यी रेडियोले महत्त्वपूर्ण भूमिका खेल्न सक्छ। यसको बिस्तारसँगै सूचना प्रवाहको प्रक्रियालाई स्थानीय तहसम्म व्यापक रूपमा विकेन्द्रीकरण गर्दै लैजाने सम्भावनाको ढोका उघारेको छ।

बढ्दा एफएम रेडियोको भूमिका यिनले प्रसारण गर्ने कार्यक्रममा मात्र सीमित छैन। व्यक्तिगत तहमा रेडियो पत्रकार, उद्घोषक, प्राविधिज्ञ, सङ्गीत साधक, कार्यक्रम उत्पादकदेखि संस्थागत तहमा रेडियो प्रशिक्षण केन्द्र, कार्यक्रम उत्पादन गृह, सङ्गीत उद्योगहरू जन्माउने तथा तिनलाई प्रत्यक्ष वा परोक्ष रूपमा प्रोत्साहन गर्ने काममा पनि फैलिएको छ। जे होस् यसको सही उपयोग गर्न सकेमा नेपाली समाजलाई लोकतन्त्रीकरणको दिशातिर उन्मुख गराउन पक्कै पनि सहयोग हुने देखिन्छ। सङ्ख्यात्मक र भौगोलिक बिस्तारसँगै यसको उपयोगितालाई अझ बढाउँदै लैजाने दायित्व भने नेपाली समाजकै हो। के थाहा नेपाली समाजको लोकतन्त्रीकरण र समावेशीकरणको भविष्य यसैको प्रवर्द्धनमा पो छ कि !

## अध्ययनका क्रममा सम्पर्क गरिएका व्यक्तिहरू

| | | |
|---|---|---|
| १. | उपेन्द्र अर्याल | निर्देशक, इक्वेल एक्सेस/नेपाल |
| २. | ओम खड्का | निर्देशक, नेपाल वातावरण पत्रकार समूह |
| ३. | गोपाल गुरागाईं | प्रबन्ध निर्देशक, कम्युनिकेसन कर्नर |
| ४. | घमराज लुइँटेल | कार्यक्रम तथा समाचार निर्देशक, रेडियो सगरमाथा |
| ५. | भरत शाक्य | स्टेसन म्यानेजर, इमेज एफएम; अध्यक्ष, काठमाडौं उपत्यका एफएम प्रसारक मञ्च |
| ६. | भारतदत्त कोइराला | मिडिया सर्भिसेज इन्टरनेशनल |
| ७. | भीमार्जुन आचार्य | अधिवक्ता, नेपाल बार एसोसिएसन |
| ८. | मण्टेश्वरी राजभण्डारी | कम्युनिकेसन कर्नर |
| ९. | मधु आचार्य | कार्यकारी निर्माता, एन्टेना फाउण्डेसन नेपाल |
| १०. | मोहन मैनाली | स्वतन्त्र पत्रकार |

| | | |
|---|---|---|
| ११. | मोहन विष्ट | स्टेसन म्यानेजर, रेडियो सगरमाथा |
| १२. | रघु मैनाली | संयोजक, सामुदायिक रेडियो सहयोग केन्द्र, नेवापस; अध्यक्ष, सामुदायिक रेडियो प्रसारक सङ्घ |
| १३. | राजेन्द्र दाहाल | सम्पादक, *हिमाल* खबरपत्रिका |
| १४. | विनयकुमार कसजू | मिडिया सर्भिसेज इन्टरनेशनल |
| १५. | विष्णुहरि ढकाल | स्टेसन म्यानेजर, नेपाल एफएम; महासचिव, ब्रोडकास्टिङ एसोसिएसन अफ नेपाल (ब्यान) |
| १६. | श्रीराम अधिकारी | कार्यालय सचिव, ब्रोडकास्टिङ एसोसिएसन अफ नेपाल (ब्यान) |
| १७. | श्रीराम पौडेल | पत्रकार, कान्तिपुर एफएम (हाल कान्तिपुर टेलिभिजन) |
| १८. | सन्तोष भट्टराई | स्टेसन म्यानेजर, क्लासिक एफएम |
| १९. | सन्तोष शर्मा | प्रबन्ध निर्देशक, म्यूजिक नेपाल |
| २०. | हेमबहादुर विष्ट | मिडिया सर्भिसेज इन्टरनेशनल |